सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ पुस २०८२, बिहीबार (8 Jan 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २५९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

राष्ट्रिय सभामा नेकपाले अस्वीकार गऱ्यो सिन्डिकेट

कांग्रेस-एमालेले दिएका ३ सिट छाडेर एक्लै प्रतिस्पर्धामा



● **प्रकाश ज्वाला**, नेता, नेकपा



विशेष गरी कांग्रेसबाट मिलेर जानुपर्ने प्रस्ताव आएको थियो। मतभारअनुसार जान सकिन्छ भन्ने कुरा थियो। तर, एमालेले मतभारभन्दा बढी सिट राख्न खोज्यो। उनीहरूले छुट्याएको सिट लिएर राजनीतिक सिन्डिकेटमा जानुहुँदैन भनेर छुट्टै अधि बढ्यौं।

● **रमेश लेखक**, नेता, कांग्रेस



आसन्न राष्ट्रिय सभा निर्वाचनमा चार दल मिलेर जाने कोसिस गरेका थियौं। तर, अहिले तत्कालका लागि त्यसमा सफल हुन सकिएन। निर्वाचनको समयसम्म नयाँ विकल्प आउन पनि सक्ला ।

■ कांग्रेसमा विवाद, गगनको फरक मत



राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस-एमाले गठबन्धनप्रति कांग्रेसभित्र विवाद देखिएको छ। कार्यसम्पादन समिति बैठकमा महामन्त्री गगन थापाले छलफल नगरी गठबन्धन गरिएको र नेताहरूको खल्तीबाट उम्मेदवार छानिएको भन्दै फरक मत राखेका छन्। 'हिजोको बैठकमा बदलिएको पछिल्लो परिस्थितिमा संविधानको रक्षार्थ राष्ट्रिय सभामा कांग्रेस, एमाले र नेकपाबिच कम्तीमा सहमति गरेर जाने भनेर ब्रिफिङ गरियो। आज एकाएक एमालेसँग सिट बाँडफाँट गरिएको प्रस्ताव ल्याइयो। त्यसमा पनि दुवै दलका नेताका गोजीबाट को-कोलाई सांसद बनाउनुपर्ने हो, त्यहीअनुसार क्लस्टर पनि बाँडफाँट गरियो,' बैठकपछि महामन्त्री थापाले पत्रकारसँग भने, 'हिजो संविधान रक्षा महत्त्वपूर्ण हो भन्ने, आज सिट संख्या महत्त्वपूर्ण भनियो, उम्मेदवार छनोटका लागि केन्द्रीय कार्यसम्पादन समिति छ, संसदीय बोर्ड छ। यत्रा पदाधिकारी छौं, यी कसैलाई थाहा नहुने, तर जिम्मा हामीले लिनुपर्ने ? यो न्यायपूर्ण छैन, गर्नु पनि हुँदैन। २३-२४ भदौसम्म हामी एउटा गठनबन्धनमा थियौं, त्यही विन्दुमा त्यसको अन्त्य भइसक्यो। अहिले नयाँ परिस्थिति छ। त्यसकारण यो सैद्धान्तिक रूपमा पनि ठिक छैन, प्रक्रियागत रूपमा पनि ठिक छैन। यसको स्वामित्व हामी लिँदैनौं।'

प्रेम गौतम/नयाँ पत्रिका

आसन्न राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस-एमाले गठबन्धनको सिन्डिकेट अस्वीकार गर्दै नेपाली कम्युनिस्ट पार्टी एक्लै प्रतिस्पर्धामा उत्रिएको छ। ११ माघमा हुने निर्वाचनमा १८ सदस्यका लागि बुधबार उम्मेदवारी दर्ता भएको छ। कांग्रेस र एमालेले तीन सिट लिएर भागबन्डामा सहभागी हुन गरेको प्रस्ताव राष्ट्रिय सभाको ठुलो

» पृष्ठ २ मा क्रमशः

१८ सिटका लागि ४४ जनाको उम्मेदवारी

कोशीबाट कांग्रेसका सुनील थापा निर्विरोध

कहाँ कसको उम्मेदवारी ?

■ **कोशी** : एमालेबाट रोशनी मेचे र नेकपाबाट नमिता न्यौपाने (महिला), एमालेबाट सोमनाथ पोर्तेल र नेकपाबाट खेमराज नेपाली (दलित), कांग्रेसका सुनील थापा निर्विरोध (अन्य)

■ **मधेश** : जसपा नेपालकी चन्द्रकलादेवी साह, एमालेकी रेखाकुमारी झा र नेकपाकी समीकुमारी अग्रवाल (महिला), जसपा नेपालकी चमेलीदेवी दास, कांग्रेसका धर्मेन्द्र पासवान र नेकपाका शम्भु पासवान हजारी (दलित) कांग्रेसका रञ्जित कर्ण, नेकपाका रामनन्दन प्रसाद र जसपा नेपालका शैलेशकुमार चौधरी (अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय), लोसपाका महन्थ ठाकुर र नेकपाका लक्ष्मण पौडेल (अन्य)

■ **बागमती** : कांग्रेसकी गीता देवकोटा, नेकपाकी सरोजकुमारी झा र नेमकिपाकी कविता महर्जन (महिला), नेमकिपाका विक्रम ढुकुछु, एमालेका प्रेमप्रसाद दंगाल र नेकपाका प्रेमप्रसाद सापकोटा (अन्य)

■ **गण्डकी** : नेकपाकी गोमा लुइँटेल घिमिरे, जनमोर्चाकी लक्ष्मी बाँस्कोटा, एमालेकी सम्झना देवकोटा (महिला), नेकपाका कपिल लामा, कांग्रेसका जगत तिमिल्सिना र जनमोर्चाका शंकरप्रसाद बराल (अन्य)

■ **लुम्बिनी** : एमालेकी रामकुमारी झाँक्री, नेकपाकी दुर्गाकुमारी भण्डारी र जनमोर्चाकी पद्मा पण्डित (महिला), कांग्रेसका वासुदेव घिमिरे र नेकपाका सर्जन विक (अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय), कांग्रेसका चन्द्रबहादुर केसी, नेकपाका वृहस्पति अधिकारी र जनमोर्चाका बोमबहादुर खत्री (अन्य)

■ **कर्णाली** : एमालेकी मीनासिंह रखाल र नेकपाकी अञ्जु महतरा (महिला), कांग्रेसका ललितजंग शाही र नेकपाका बुद्धिप्रसाद शर्मा (अन्य)

■ **सुदूरपश्चिम** : एमालेकी लीलाकुमारी भण्डारी र नेकपाकी रोजी बस्नेत (महिला), कांग्रेसका खम्मबहादुर खाती र नेकपाका टीकाराम जैसी (अन्य)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कांग्रेस महामन्त्रीद्वय थापा र शर्माले बोलाए विशेष महाधिवेशन

२७-२८ पुसमा विशेष महाधिवेशन बोलाउँदै थापा र शर्माले महाधिवेशन प्रतिनिधिहरूलाई सहभागी हुन गरे आह्वान, संस्थापन पक्ष भन्छ- यो कदम अवैधानिक र विधानविपरीत

■ कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत भन्छन्- **महामन्त्रीहरूले एकदमै बेठिक गर्नुभएको छ**



विधानविपरीत बोलाइएको विशेष महाधिवेशनमा पार्टी सभापति सहभागी हुने प्रश्नै आउँदैन। महामन्त्रीहरूबारे के गर्ने भन्ने विषयमा हालसम्म कुनै निर्णय भएको छैन। भविष्यमा छलफल होला। अहिले भन्नुपर्ने कुरा यत्ति हो- उहाँहरूले एकदमै बेठिक गर्नुभएको छ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

वैशाखमा नियमित महाधिवेशन गर्ने पार्टीको निर्णयलाई चुनौती दिँदै कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशन आह्वान गरेका छन्। थापा र शर्माले बुधबार साँझ विज्ञप्ति जारी गर्दै २७-२८ पुसमा विशेष महाधिवेशन आह्वान गरिएको जनाउँदै महाधिवेशन प्रतिनिधिहरूलाई सहभागी हुन अपिल गरेका हुन्। तर, केन्द्रीय कार्यालयले बुधबारै जारी गरेको विज्ञप्तिमा केन्द्रीय कार्यसमितिबाहेक कसैले पनि विशेष महाधिवेशन आह्वान गर्न नसक्ने स्पष्ट पारेको छ।

महामन्त्रीद्वयले महाधिवेशन प्रतिनिधिहरूका नाममा दुई पृष्ठको अपिल सार्वजनिक गर्दै विशेष महाधिवेशन पार्टी विधानअनुसार बाध्यकारी भएको दाबी

» पृष्ठ २ मा क्रमशः

■ महामन्त्रीद्वयको प्रतिबद्धता

पार्टीलाई एक ढिक्का राख्न र ऊर्जा भर्न दृढ छौं



■ **निवेदन दर्ता भएको तीन महिनाभित्र विशेष महाधिवेशन सम्पन्न गर्नु केन्द्रको कार्यसम्पादन र जिम्मेवारीको विषय थियो र हो। तसर्थ केन्द्रीय कार्यसमितिले नै विशेष महाधिवेशन बोलाउनु उपयुक्त हुन्छ भनेर हामीले अधिकतम प्रयास गऱ्यौं। तर, केन्द्रीय कार्यसमितिबाट यो सम्भव हुन सकेन।**

■ **यस्तो अवस्थामा विधानसम्मत माग बेवारिसे हुन सक्दैन, महाधिवेशन आफैं क्रियाशील हुन्छ र तोकिएको समयसीमाभित्र विशेष महाधिवेशन हुन्छ भन्ने कुरा हामीले पार्टी बैठकमा पटक-पटक राखेका हौं। बहुमत महाधिवेशन प्रतिनिधिहरूद्वारा गरिएको विशेष महाधिवेशनको मागप्रति हाम्रो ऐक्यबद्धता रहेको छ।**

■ **विधानबमोजिम बाध्यकारी रहेको विशेष महाधिवेशन नबोलाउनु, विधानको पालना नगर्नु, जिम्मेवारीबमोजिम काम नगर्नु, विधान र राजनीतिक दलसम्बन्धी कानुनको समेत विपरीत हो। विधान र कानुनबमोजिम पूरा गर्नुपर्ने कर्तव्य र जिम्मेवारी पूरा गर्नु केन्द्रको कर्तव्य र जिम्मेवारी हो।**

■ **हामीले त्यो जिम्मेवारी पूरा गर्नैपर्छ, गर्नेछौं। विशेष महाधिवेशन बदलिएको समयको कांग्रेसका लागि, बदल्नुपर्ने देशका लागि हो। हामी पार्टीमा नयाँ ऊर्जा भर्न दृढ संकल्पित छौं। जस्तोसुकै कठिन अवस्थामा पनि पार्टीलाई एक ढिक्का राख्न हामी कटिबद्ध एवं प्रतिबद्ध छौं।**

■ संस्थापनले भन्यो- **विशेष महाधिवेशन विधानविपरीत छ, कोही सहभागी नहुनू**

कांग्रेस संस्थापन पक्षले पार्टी नियमित महाधिवेशनको कार्यतालिकामा अघि बढेको अवस्थामा विशेष महाधिवेशनको औचित्य नरहेको र आह्वान गर्नु विधानविपरीत भएको टिप्पणी गरेको छ। बुधबार केन्द्रीय कार्यालयबाट जारी दुई पृष्ठ लामो प्रेस विज्ञप्तिमा विशेष महाधिवेशन आह्वान गरिएको विषयमा गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ। 'नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको सर्वसम्मत निर्णयबाट कार्यतालिका तयार गरी अधिवेशन/महाधिवेशनको प्रक्रिया र कार्यक्रमहरू सञ्चालन भइरहेको अवस्थामा, सोही अवधिभित्र माग गरिएको विशेष महाधिवेशनको औचित्य समाप्त भएको यथार्थलाई बेवास्ता गरी विशेष महाधिवेशन आह्वान गरिएको भन्ने विषयमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ,' मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा छ।

विशेष महाधिवेशनको मागसहित ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले बुझाएको हस्ताक्षरअनुसार पार्टी विधानको धारा १७ (२) अनुसार बोलाउनुपर्ने अनिवार्य व्यवस्थाबारे भने संस्थापन पक्ष बोलेको छैन। संस्थापनले पार्टी विधानमा व्यवस्था भएबमोजिम कुनै पनि तहको अधिवेशन वा विशेष महाधिवेशन बोलाउने अधिकार व्यक्तिगत रूपमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यलाई नभई केवल केन्द्रीय कार्यसमितिलाई मात्र रहेको उल्लेख गरेको छ। 'तसर्थ, पदाधिकारी वा सदस्यहरूले व्यक्तिगत रूपमा बोलाइएको अधिवेशन वा विशेष महाधिवेशनका नाममा गरिने कुनै पनि गतिविधि पार्टीको विधानविपरीत हुने हुँदा त्यस्ता गतिविधिमा संलग्न नहुन पार्टीका सबै तहका पदाधिकारी एवं सदस्यहरू, महासमिति सदस्यहरू, महाधिवेशन प्रतिनिधिहरू, भ्रातृ एवं शुभेच्छुक संस्था तथा विदेशस्थित नेपाली जनसम्पर्क समितिका पदाधिकारी एवं सदस्यहरूलाई नेपाली कांग्रेस हार्दिक अपिल गर्दछ,' संस्थापनले भनेको छ।

कांग्रेसले १५ मंसिरमा केन्द्रीय कार्यसमितिको बैठकले १५औं महाधिवेशनको कार्यतालिका सर्वसम्मत निर्णय गरी पार्टीको विधानबमोजिम महाधिवेशनको प्रक्रिया अघि बढिसकेको पनि उल्लेख गरेको छ।


ह्याकरको निसानामा सरकारी वेबसाइट



राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र निर्वाचन आयोगको साइट क्षणभरमै ह्याक, सरकारी साइट ह्याकका 'मास्टर माइन्ड' डेभलपर नै हुन सक्ने प्रहरीको आशंका

पिकनिकबाट फर्किएको बस जहरसिंहपौवामा दुर्घटना

चारजनाको मृत्यु, २४ घाइते



मृत्यु हुनेमा बाँके कोहलपुरकी कामना शर्मा, ताप्लेजुङकी इन्दिरा लिम्बू र पेप्सीकोलाकी शान्ति गुप्ता छिन्। एक मृतकको सनाखत नभएको प्रहरीले जनाएको छ।

(विस्तृत पृष्ठ ३)



मुख्यसचिवले रोके मन्त्रिपरिषद्को निर्णय

जापान जाने अभ्यासार्थी कामदारलाई 'जान' नामक संस्थाबाट हुँदै आएको 'अनधिकृत' परीक्षा रोक्ने गरी खारेज भएको कार्यविधि प्रमाणीकरण रोकियो

नवराज मैनाली/नयाँ पत्रिका

गत ११ पुसको मन्त्रिपरिषद् बैठकबाट निस्किएर सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बैठकका मुख्य निर्णयहरू सुनाउँदै भने, 'नेपाली प्राविधिक अभ्यासार्थी कामदार जापान पठाउने निर्देशिका (जिट्को), २०६६ खारेज गर्ने।' ११ पुसका मन्त्रिपरिषद्का थप निर्णयहरू सार्वजनिक गर्न २२ पुसमा मन्त्री खरेलले पत्रकार सम्मेलन आयोजना गरे। जसमा उनले १३ निर्णय सार्वजनिक गरे। तर, ११ पुसमै सुनाएको 'जिट्को' खारेज गर्ने निर्णय भने गायब भएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारी आश्चर्यमा परेका छन्।

प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार मुख्यसचिव सुमनराज अर्यालले त्यससम्बन्धी निर्णय प्रमाणीकरण रोकिदिएका हुन्। जिट्कोसम्बन्धी कार्यविधिका आधारमा जाइका अल्मुनाई एसोसिएसन अफ नेपाल (जान) नामक संस्थाले 'टेक्निकल इन्टर्न ट्रेनी पोग्राम' (जेआइटिपी)मार्फत जापान जानेहरूको परीक्षा लिँदै

» पृष्ठ २ मा क्रमशः



■ मुख्यसचिव **सुमनराज अर्याल**को दाबी-

मन्त्रिपरिषद्बाट निर्णय भइसकेको विषय हामीले रोक्ने कुरा हुँदैन। त्यो विषयमा अध्ययन भइरहेकाले ढिलाइ भएको मात्र हो।

■ श्रममन्त्री भण्डारी र मुख्यसचिव अर्यालबिच विवाद

जिट्कोका विषयलाई लिएर श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी र मुख्यसचिव सुमनराज अर्यालबिच विवाद चल्दै आएको छ। स्रोतका अनुसार जिट्को खारेजसम्बन्धी प्रस्ताव नै मन्त्रिपरिषद्मा पेस गर्न उनले अवरोध गरेका थिए। प्रस्ताव पेस भएपछि पनि प्रमाणीकरण नगरेपछि मंगलबार मन्त्री र मुख्यसचिवबिच चर्काचर्की परेको स्रोत बताउँछ। जेन-जी विद्रोहपछि समेत स्वार्थ समूहको प्रभावमा परेर मन्त्रिपरिषद्को निर्णय नै कार्यान्वयन रोकेको भन्दै मन्त्री भण्डारीले मुख्यसचिवसँग आक्रोश व्यक्त गरेका थिए। मन्त्रालयमा सुधारका काम अघि बढाउँदा मुख्यसचिवले नै अवरोध गरेपछि राजीनामा दिनेसमेत धम्की उनले दिएका छन्।

दमक नगरपालिकाले फोहोर व्यवस्थापनको सहमति कार्यान्वयन नगर्दा गाउँमा दुर्गन्ध

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक नगरपालिकाले इलामको चुलाचुली गाउँपालिकाको सिमानानजिक अव्यवस्थित रूपमा फाल्दै आएको फोहोर व्यवस्थापन गर्ने सहमति कार्यान्वयन नगर्दा दुर्गन्ध रोकिएको छैन। दमक- २ र चुलाचुली- ५ को सीमावर्ती हम्सेदुम्से सामुदायिक वन क्षेत्रमा दमकले वर्षौंदेखि अव्यवस्थित रूपमा फोहोर फाल्दै आएको छ। जसकारण चुलाचुलीका दर्जनभन्दा बढी बस्तीमा दुर्गन्ध फैलिएपछि गत जेठमा चुलाचुलीका जनप्रतिनिधिसहित स्थानीय आन्दोलनमा उत्रिएका थिए। पाँच दिनसम्म फोहोर फाल्न नदिई आन्दोलन गरेपछि दमक नगरपालिकाले चुलाचुलीसँग सहमति गरेको थियो। यद्यपि, सहमति कार्यान्वयन नहुँदा अहिले पनि चुलाचुलीवासीले दमकको फोहोरको दुर्गन्ध सहनुपर्ने बाध्यता छ।

दमक नगरपालिकाले 'फोहोरबाट मोहोर' निकाल्ने भन्दै वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सहकार्य गरेर कुहिने फोहोरबाट ग्यास र नकुहिने फोहोरलाई पुनः प्रयोगमा ल्याउने गरी योजना बनाएर निजी क्षेत्रलाई सुम्पिएको छ। नेक्स्टइरा इनर्जी प्रालि र रोहन ट्रेडर्स जेभी नामक निजी क्षेत्रले ग्यास उत्पादनका लागि प्लान्ट पनि बनाएको छ। यो कम्पनी र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबिच १० माघ ०७६ मा फोहोरबाट ऊर्जा उत्पादन गर्ने परियोजनामा सम्झौता भएको थियो। जसमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले पाँच करोड ८८ लाख २७ हजार ९०२ र कम्पनीले १४ करोड ७० लाख ६९ हजार ७५७ रुपैयाँ लगानी गर्ने सहमति भएको थियो। प्लान्ट सञ्चालन नगरी अहिलेसम्म वनमा फोहोर फाल्दा बस्तीसम्म दुर्गन्ध फैलिएको छ। स्थानीयले गत जेठमा आन्दोलन गरेपछि दमक नगरपालिकाले ७ जेठमा चुलाचुलीका जनप्रतिनिधि र स्थानीयबिच सहमति गर्दै फोहोरको दीर्घकालीन व्यवस्थापनका लागि दमक र प्रभावित क्षेत्र चुलाचुलीका स्थानीय सम्मिलित नौ सदस्यीय फोहोरमैला व्यवस्थापन समिति बनाउने सहमति गरेको थियो।

समितिले स्थलगत अवलोकन गर्ने, विज्ञसँग छलफल गर्ने, विकल्प तयार गर्ने, स्थानीयको गुनासो सुन्नेलगायत निर्णय भएको थियो। दमक नगरपालिका- ७ का वडाध्यक्ष भीम पौडेलको संयोजकत्वमा समितिले २१ दिनभित्र काम सक्ने सहमति भएको थियो। यस्तै, फोहोरको दीर्घकालीन व्यवस्थापन नभएसम्म व्यवस्थापन गर्ने, फोहोर छोपेर लैजाने, फोहोर स्रोतमा नै कुहिने र नकुहिने छुट्याएर लैजाने सहमति भएको थियो। यस्तै, फोहोर प्रशोधन क्षेत्रमा छरपस्ट रहेको फोहोरलाई गन्ध नआउने गरी पुर्ने, कीटनाशक औषधि छर्कने सहमति भएको थियो।

यद्यपि, कुनै सहमति कार्यान्वयन नहुँदा पुनः आन्दोलनको तयारी भइरहेको संघर्ष समितिका संयोजक तथा चुलाचुली- ५



दमक- २ स्थित हम्सेदुम्से वन क्षेत्रमा दमक नगरपालिकाले फालेको फोहोर।

का वडाध्यक्ष बबिन राईले बताए। 'फोहोरमैला व्यवस्थापन समितिको सदस्य म पनि थिएँ। २१ दिनमा प्रतिवेदन तयार पार्ने भनेको अहिलेसम्म एउटा पनि बैठक बस्न सकेको छैन। मैले संयोजकलाई धेरैपटक सम्पर्क गर्ने कोसिस गरेँ। उहाँले सम्पर्क नै दिनुभएन,' उनले भने, 'कुनै पनि सहमति कार्यान्वयन भएन। फोहोरका कारण हाम्रा बस्तीहरूमा अहिले पनि दुर्गन्ध फैलिएको छ। गाउँमा त्यसको दुर्गन्ध पुग्छ। गनाएर खान खानसमेत सक्ने अवस्था छैन। वनमा फोहोर फाल्दा समस्या निम्तिएको छ। पहिला जस्तो अवस्था थियो त्यस्तै छ। हामी पुनः आन्दोलनमा जानुपर्ने बाध्यता आइपरेको छ।'

यद्यपि, समितिका संयोजक तथा दमक- ७ का वडाध्यक्ष भीम पौडेलले भने जेन-जी आन्दोलनका कारण काम अघि नबढेको दाबी गरे। तर, यो सहमतिको तीन महिनापछि मात्र जेन-जी आन्दोलन भएको थियो। जबकि समितिले २१ दिनभित्र काम सक्ने सहमति भएको थियो। संयोजक पौडेलले विज्ञसहित अध्ययन भएको, तर प्रतिवेदन आइनसकेको दाबी गरे। तर, समिति सदस्य तथा चुलाचुली- ५ का वडाध्यक्ष राई भने समितिको बैठक नै नबसेको बताउँछन्। दमक नगरपालिका प्रमुख रामकुमार थापाले भने चुलाचुलीसँग भएको सहमति बिर्सिएको बताए। 'अहिले समस्या भएको छैन। निर्णयअनुसार भएर त होला,' उनले भने, 'धेरै समय भयो। मैले त बिर्सिएँ।'

दमक नगरले दमक नगरपालिका र चुलाचुली गाउँपालिकाको सिमानामा रहेको दमक- २ स्थित हम्सेदुम्से सामुदायिक वन क्षेत्रमा दैनिक २६ टन फोहोर फ्याँक्दै आएको छ। फोहोरले चुलाचुली- ५ का रमाइलो बस्ती, चपेटी, कोलडाँडा, चन्द्रनगर, शिखरकटेरी, आँपझोला, धिमालटारलगायतका बस्तीमा दुर्गन्ध फैलिएको छ। 'दमकले सहमति कार्यान्वयन नै गरेन। अहिले पनि यहाँको फोहोरको गन्धले खान खान सक्ने अवस्था रहँदैन,' रमाइलो बस्तीका जीवन किराँतीले भने, 'बर्खामा बसिनसक्नु हुन्छ। यो गन्धले बिरामी नै बनाएको छ।'

दमक नगरपालिकाले वनमा फोहोर फाल्दा बस्तीमा दुर्गन्ध मात्र फैलिएको छैन, पर्यावरणमा समेत असर पुऱ्याएको छ। दमकले यसरी वनमा फोहोर फाल्नु कानुनविपरीत हो। कोशी प्रदेशको वन ऐनले पनि वन क्षेत्रमा फोहोर फाल्न निषेध गरेको छ। प्रदेश वन ऐनको दफा ६७ मा 'राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र कसैले पनि प्लास्टिक र प्लास्टिकजन्य फोहोर तथा अन्य कुनै प्रकारका फोहोर फाल्न हुँदैन' भन्ने उल्लेख छ। यसरी वन क्षेत्रमा फोहोर फाल्दा ५० हजारसम्म जरिवाना हुने ऐनको दफा ६९ मा उल्लेख छ।

ओलीको रवि-बालेनलक्षित टिप्पणी-
उन्माद र नसामा देश बन्दैन

नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले रास्वपा सभापति रवि लामिछाने र नेता बालेन्द्र शाहप्रति लक्षित गर्दै उन्माद र नसामा देश बन्न नसक्ने बताएका छन्। साथै उनले अहिलेको सरकारमा प्रतिशोधी र पूर्वाग्रही मानसिकताका साथै हैसियत नभएका व्यक्तिहरू मन्त्री भएकोसमेत बताएका छन्।

नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठनको ३५औँ स्थापना दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा ओलीले एमाले र कांग्रेसले जित्ने अवस्थामा चुनाव नै नगराइने प्रचार भएको दाबी गरे। 'एमाले-कांग्रेसले जित्ने भए चुनावै नगराउने अरे, अनि फलानाले जित्ने भए मात्रै गराउने अरे। ती फलाना-फलानाले आउँदो २० वर्ष चुनाव जित्नेवाला छैनन्। भौंपु बजाउनु बेग्लै कुरा हो। के अब २० वर्ष चुनाव नै नगराउने ?' ओलीले भने, 'चुनाव गराए एमालेले जित्छ, अनि के गर्ने ? यो नभन्ने ? के भन्नुपर्छ ? उहाँहरूले जित्नुभयो, प्रधानमन्त्रीले यस्ता-यस्ता महान् काम गर्नुभयो, देश बनाइदिनुभयो भन्नुपर्ने ?'



जथाभावी भत्काउने काम मात्रै गर्ने व्यक्तिले देश निर्माण गर्न नसक्ने र देश बनाउन दिमाग ठिक ढंगले चल्नुपर्नेसमेत बताए। 'सरकारको के काम देखाएर प्रशंसा गर्ने ? हेटौंडामा घर भत्काउनुपर्ने काम थियो अहिले ? आधा घर भत्कायो, आधा बाँकी छ। अब के गर्ने ? अनि देश बनाएको छ भन्नुपर्ने ? बनाउनेको त दिमाग ठिक ठाउँमा हुनुपर्छ। उन्मादमा, नसामा देश बन्दैन।'

यस्तै, कार्यक्रममा ओलीले वर्तमान मन्त्रिपरिषद्बारे टिप्पणी गरे, 'अहिलेको मन्त्रिपरिषद् हेर्नुपर्छ, यहाँ जेन-जी नामका पूर्वाग्रही र प्रतिशोधी मानसिकताका कुनै हैसियत नभएका तत्त्वहरू छन्। अरू धेरै केही भन्नु छैन। अनाडी, सडकछाप कहाँबाट जेन-जी प्रतिनिधि भए थाहा छैन। देश चलाउने जिम्मा त्यस्ताको हातमा कसले दिन्छ ? उनीहरूमा लोकतन्त्रप्रतिको चेत नै देखिँदैन।'

सामाजिक सञ्जालमा गाली गर्ने र नकारात्मकता फैलाउने व्यक्तिलाई देश चलाउनुपर्छ भन्ने धारणा मूलधारका सञ्चारमाध्यम र बौद्धिक वृत्तले समेत भावनामा बगेर समर्थन गरिरहेको देख्दा आश्चर्य लाग्ने ओलीको भनाइ छ। 'सामाजिक सञ्जालमार्फत प्रोजेक्ट गरिएका मानिस हेर्दा अचम्म लाग्छ। योभन्दा दुर्गति देशको के हुन्छ ? देश र भविष्यसँग यस्तो मजाक गरिन्छ ? यहाँ भइरहेको छ,' ओलीले भने, 'सञ्चारमाध्यम र बौद्धिक जगत् अझ सजग हुनुपर्ने हो, तर सेन्टिमेन्टमा बगेको देखिन्छ। भावनामा बगेर देश बन्दैन। यथार्थ स्विकारेर यथार्थ कदम चाल्नुपर्छ।'

२३ र २४ भदौको विध्वंस लामो समयदेखिको पूर्वनियोजित तयारीको परिणाम भएको ओलीको दाबी छ। 'ती घटना तात्कालिक परिस्थितिको उपज होइनन्, ८-१० वर्षदेखिको तयारी हो। देश जलाउनेहरू देशद्रोही, अपराधी हुन्, आन्दोलनकारी होइनन्। मैले जेन-जीलाई भनेको होइन। जेन-जीले देश जलाएको होइन, आपराधिक तत्त्वहरूको घुसपैठ थियो,' उनले भने, 'योजनाबद्ध रूपमा काम भयो। बेहोस पारिएका, बहकाइएका, आत्मा किनिएका र बेचिएका व्यक्तिहरूले देश जलाए। यस्तो देशद्रोही काम नेपाली मति, बुद्धि र आचरण होइन।'

ओलीले राष्ट्रिय सभा निर्वाचनको उम्मेदवारी मनोनयनले लोकतान्त्रिक अभ्यास जीवित रहेको सन्देश दिएको पनि बताए। 'राष्ट्रिय सभा निर्वाचनको मनोनयन भएको छ। यो लोकतान्त्रिक अभ्यासको नियमित प्रक्रिया हो। अझै पनि लोकतन्त्र बाँकी छ, चुनावको कुरा भइरहेको छ भन्ने यसले देखाउँछ। राष्ट्रिय सभाको आवश्यकता अझै छ,' ओलीले भने।

मुख्यसचिवले...

पृष्ठ १ बाट क्रमशः

आएको छ। सो कार्यविधिअनुसार 'जान'को परीक्षा उत्तीर्ण गरेकालाई मात्र वैदेशिक रोजगार विभागले श्रम स्वीकृति दिने गरेको छ। तर, नेपाल सरकार र जापान सरकारबिच भएको समझदारीअनुसार सन् २०१७ मै जिट्को खारेज भई जेआइटिपी कार्यक्रम सञ्चालन भएको थियो। जेआइटिपीअन्तर्गत सो संस्थाले परीक्षा लिनुपर्ने प्रावधान छैन। तर, पनि आठ वर्षदेखि अभ्यासार्थी कामदारका रूपमा जापान जानेहरूले सो संस्थामार्फत परीक्षा दिनुपर्ने हुन्छ। त्यसका लागि संस्थालाई प्रतिव्यक्ति तीन हजार १५० रुपैयाँ बुझाउनुपर्ने बोझ छ। जिट्को कार्यविधि खारेज गरी यस्तो परीक्षाको प्रावधान पनि हटाउने निर्णय भएको थियो। तर, 'जान' संस्थाका पदाधिकारीहरूको दबाबमा मुख्यसचिव अर्यालले त्यससम्बन्धी निर्णय प्रमाणीकरणमा ढिलाइ गरेको स्रोत बताउँछ।

'जान' गैरसरकारी संस्थाका रूपमा सञ्चालित छ। जसमा नेपाल सरकारका उच्च तहका वर्तमान तथा अवकाशप्राप्त अधिकारीसमेत सदस्य छन्। मन्त्रिपरिषद्को बैठक महाशाखाका सहसचिव जीवलाल भुसाल त 'जान'को कार्यसमिति सचिवको रूपमा काम गर्दै आएका छन्। यसरी विभिन्न व्यक्तिको स्वार्थ जोडिएपछि जापान जाने कामदारमाथि अनावश्यक भार हटाउनेसम्बन्धी निर्णय नै रोकिएको छ। कार्यविधि खारेज भएसँगै संस्थाको आम्दानी घट्ने भएपछि यससम्बन्धी निर्णय कार्यान्वयन रोकिएको स्रोत बताउँछ। 'जान' संस्थाले यस्तो परीक्षाबाट एक वर्षमा करिब डेढ करोड असुल्दै आएको थियो। जापान सरकारले सो संस्थाको परीक्षालाई मापदण्ड नबनाएकाले खारेज गर्नुपर्ने माग लामो समयदेखि हुँदै आएको थियो। मुख्यसचिव अर्याल भने सो विषयमा थप बुझ्ने काम भइरहेकाले प्रमाणीकरणमा ढिलाइ भएको दाबी गर्छन्। 'मन्त्रिपरिषद्बाट निर्णय भइसकेको विषय हामीले रोक्ने कुरा हुँदैन,' उनले भने, 'त्यो विषयमा अध्ययन भइरहेकाले ढिलाइ भएको मात्र हो।'

श्रम मन्त्रालयका अधिकारी भने त्यस विषयमा पहिले नै विस्तृत अध्ययन भइसकेको बताउँछन्। सहसचिव पीताम्बर घिमिरेको अध्यक्षतामा मन्त्रालयले अध्ययन समिति गठन गरी सोही समितिको प्रतिवेदनका आधारमा जिट्को खारेज गर्ने प्रस्ताव मन्त्रिपरिषद् गएको थियो। तर, निर्णय प्रमाणीकरण नहुँदा कार्यान्वयन हुन सकेको छैन। जबकि मन्त्रालयले भने १४ पुसमै यससम्बन्धी विज्ञप्ति निकालेर जानकारी दिइसकेको छ।

राष्ट्रिय सभामा

पृष्ठ १ बाट क्रमशः

दल नेकपाले अस्वीकार गर्दै एकल उम्मेदवारी दिएको हो। कांग्रेस, एमाले र जसपा नेपालले भने संयुक्त उम्मेदवारी दर्ता गराएका छन्। चारै दल मिलेर जाने विषयमा यसअघि पटक-पटक छलफल भएका थिए। नेकपाले आफ्नो मतभार र हैसियतअनुसार चार सिट पाउनुपर्ने अडान राखेको थियो। त्यसमा एमाले सहमत भएन। स्रोतका अनुसार संख्यात्मक भागबन्डा मात्र होइन, कांग्रेस-एमाले र नेकपाबिच क्लस्टरको विषयमा समेत सहमति जुट्न सकेको थिएन।

कांग्रेस-एमालेले भागबन्डा गरेर नेकपालाई तीन र महन्थ ठाकुरलाई राष्ट्रिय सभामा लाने गरी जसपा नेपाललाई एक सिट छुट्याएका थिए। नेकपाले भने मतभारअनुसार सिट बाँडफाँटको प्रस्ताव गरेको थियो। कांग्रेस त्यसमा सहमत भए पनि एमालेले मतभारभन्दा बढी सिट लिने अडान छाडेन। मतभारअनुसार कांग्रेसले ७, एमालेले ६, नेकपाले ४ र जसपा नेपालले १ सिट पाउने थिए। कांग्रेस ७ सिटमा तयार भए पनि एमालेले पनि ७ सिट नै पाउनुपर्ने अडान छाडेन। एमालेको यही अडानले चार दलले संयुक्त उम्मेदवारी दिने प्रयासले मूर्तरूप लिन सकेन। प्रदेश सांसद र स्थानीय तहका प्रमुख-उपप्रमुख तथा अध्यक्ष-उपाध्यक्ष मात्रै मतदाता हुने राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस-एमाले गठबन्धनसँग जित्न पुग्ने मतभार छ। उक्त गठबन्धनमा मिसिँदा नेकपालाई ३ सिट सुरक्षित गर्ने अवसर हुन्थ्यो।

नेकपाका नेताहरूले दलीय सिन्डिकेट लाद्ने गरी कांग्रेस-एमालेले राष्ट्रिय सभा निर्वाचनमा भागबन्डा गरेर उम्मेदवारी दर्ता गर्न चाहेपछि आफूहरू बाहिरिएको दाबी गरेका छन्। तर, तत्कालीन माओवादी, एकीकृत समाजवादीलगायतका १९ घटक मिलेर बनेको नेकपाले राष्ट्रिय सभा निर्वाचनलाई एजेन्डा स्थापित र शक्ति परीक्षणको रूपमा लिएको छ।

नेकपा नेता प्रकाश ज्वालाका अनुसार नेकपाले पदभन्दा राजनीतिक एजेन्डालाई महत्त्व दिएर छुट्टै उम्मेदवार उठाएको दाबी गर्छन्। 'विशेष गरी कांग्रेसबाट मिलेर जाऔँ भन्ने प्रस्ताव आएको थियो। मतभारअनुसार जान सकिन्छ भन्ने कुरा थियो,' उनले भने, 'तर, एमालेले मतभारभन्दा बढी सिट राख्न खोज्यो। उनीहरूले छुट्याएको सिट लिएर राजनीतिक सिन्डिकेटमा जानुहुँदैन भनेर छुट्टै अघि बढ्यौँ।'

ज्वालाले आफ्नो पहिचान र एजेन्डासहित नेकपा छुट्टै चुनावी मैदानमा खडा भएको र जेन-जी पुस्ताको भावना पनि सम्बोधन गरेको बताए। 'हामी आफ्नो पहिचान र एजेन्डासहित अलग्गै प्रतिस्पर्धामा होमिएका छौँ। यसले प्रतिनिधिसभा निर्वाचनको वातावरण पनि बनाउँछ। नेकपा गठबन्धनविना नै चुनाव लड्न र जित्न सक्छ भन्ने सन्देश पनि हो,' उनले भने, 'जेन-जी आन्दोलन दलीय सिन्डिकेटको विरुद्धमा थियो। हामीले यसमा जान उचित ठान्यौँ।' कांग्रेस नेता रमेश लेखकले चार पार्टी एक भएर राष्ट्रिय सभा निर्वाचनमा जाने प्रयत्न गरिए पनि सफल नभएको बताए। 'राष्ट्रिय सभा निर्वाचनमा मिलेर जाने कोसिस गरेका थियौँ। तर, अहिले सकिएन, निर्वाचनसम्म नयाँ विकल्प आउन सक्ला,' लेखकले भने।

निर्वाचन कार्यक्रमअनुसार मनोनयन दर्ता गराएका उम्मेदवारको विरोधमा २४ पुसमा उजुरी दिने, २५-२६ पुसमा मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी नामावली प्रकाशित हुनेछ। त्यसपछि २७ पुसमा उम्मेदवारले नाम फिर्ता लिने तथा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र २८ पुसमा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने प्रवक्ता नारायण भट्टराईले बताए।

प्रचण्डले भनेका थिए- कसैसँग पनि गठबन्धन हुँदैन

कांग्रेस-एमालेले नेकपालाई मनाउने प्रयास गरिरहँदा नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले कुनै पनि पार्टीसँग गठबन्धन नहुने बताएका थिए। मंगलबार साँझ पार्टी कार्यालय कोटेश्वर पेरिसडाँडामा गठबन्धन नगरी एक्लै निर्वाचनमा जाने बताएका थिए। 'गठबन्धनको केही पनि कुरा भएको छैन। छलफल त विभिन्न विषयमा हुन्छ। तर, कुनै गठबन्धन भएको छैन र हुँदैन पनि,' उनले भनेका छन्। आफ्नै एजेन्डा र शक्तिको आधारमा निर्वाचनमा जाने उनको भनाइ छ।

देउवाले गरेका थिए गठबन्धनमा जोड

देउवाले गणतन्त्रवादी शक्तिहरू एक ठाउँमा उभिएर जानुपर्ने प्रस्ताव गरेका थिए। मतभारअनुसार नेकपाले चार सिट मागेको थियो। त्यसमा कांग्रेस तयार भए पनि एमाले तयार नभएपछि सहमति हुन नसकेको कांग्रेसका एक नेताले बताए। देउवाले अन्तिमसम्म पनि मिलाउन खोजेका थिए। स्रोतका अनुसार देउवाले बुधबार बिहान पनि ओलीलाई फोन गरेर मतभारअनुसार जान आग्रह गरेका थिए। तर, ओलीले अस्वीकार गरेका थिए। 'नेकपाले आफ्नो मतभारअनुसार चार सिट हुनुपर्छ भन्यो। तर, एमाले ७ सिटबाट झर्न मानेन। कांग्रेसले महन्थ ठाकुरलाई सिट छाडिसकेको अवस्थामा थप सिट छाड्ने कुरा भएन। एमालेले ६ सिट लिएर गएको भए राम्रै हुन्थ्यो, तर मानेन। हामी लचिलो भए पनि सहमति जुटाउन सकिएन,' कांग्रेसका एक शीर्ष नेताले भने।

कांग्रेस र एमालेका कुन उम्मेदवार कस्ता ?

कांग्रेसका नौजनाले उम्मेदवारी दिएकामा एकजना निर्विरोध निर्वाचित भएका छन्। कोशीबाट कांग्रेस उम्मेदवार सुनीलबहादुर थापा निर्विरोध निर्वाचित भए। उनी राष्ट्रपतिका राजनीतिक सल्लाहकार तथा पूर्वप्रधानमन्त्री स्वर्गीय सूर्यबहादुर थापाका पुत्र हुन्।

मधेशमा कांग्रेसले दुई सिटमा दलितबाट धर्मेन्द्र पासवान र अपांगता समूहबाट रञ्जित कर्ण तथा कांग्रेस-एमालेकै गठबन्धनबाट अन्य क्लस्टरबाट लोसपाका महन्थ ठाकुरले उम्मेदवारी दर्ता गराएका छन्। ठाकुर लोसपाका अध्यक्ष तथा पूर्वमन्त्री हुन्। कर्ण नेविसंघका पूर्वअध्यक्ष हुन्।

सुदूरपश्चिममा अन्य कोटाबाट कांग्रेसका खम्म खातीले उम्मेदवारी दिएका छन्। उनी नेपाल बार एसोसिएसनका पूर्वमहासचिव तथा पूर्वमहान्यायाधिवक्ता पनि हुन्।

त्यस्तै, कांग्रेसले लुम्बिनी प्रदेशबाट अपांगता कोटामा वासुदेव जंगली र अन्य कोटाबाट चन्द्र केसीलाई उम्मेदवार बनाएको छ। बागमतीबाट महिला कोटामा कांग्रेसले गीता देवकोटालाई उम्मेदवार बनाएको छ। त्यस्तै, कर्णालीबाट अन्य समूहमा ललितबहादुर शाही, गण्डकीबाट अन्य समूहमा जगत तिमल्सिनालाई उम्मेदवार बनाएको छ। कांग्रेसबाट उम्मेदवार बनेकामध्ये बागमतीबाट उम्मेदवारी दिएकी गीता देवकोटा, मधेशबाट उम्मेदवारी दिएका रञ्जित कर्ण र लुम्बिनीबाट उम्मेदवारी दिएका वासुदेव जंगली शेखर समूहका हुन्।

एमालेबाट लुम्बिनीमा महिला कोटाबाट उम्मेदवारी दिएकी रामकुमारी झाँक्री ११औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य हुन्। उनी महाधिवेशनभन्दा एक महिनाअघि नेकपा एसबाट प्रवेश गरेकी हुन्। त्यस्तै, बागमतीबाट अन्य क्लस्टरमा उम्मेदवारी दिएका डा. प्रेम दंगाल एमाले केन्द्रीय सदस्य हुन्। उनले पार्टीको अखिल नेपाल किसान महासंघको अध्यक्षका रूपमा नेतृत्व सम्हालिसकेका छन्।

कोशीमा एमालेबाट महिला कोटामा उम्मेदवारी दिएकी रोशनी मेचे आदिवासी जनजाति फाँटबाट उदाएकी महिला नेतृ हुन्। उनले अध्यक्ष केपी ओलीको सचिवालयमा रहेर काम गर्दै आएकी छिन्। दलित कोटामा कोशीबाट उम्मेदवारी दिएका एमालेकै सोम पोर्तेलले प्रतिनिधिसभामा समानुपातिकतर्फको उम्मेदवारबाट राजीनामा दिएर मनोनयन दर्ता गराएका छन्।

त्यस्तै, सुदूरपश्चिमबाट महिला क्लस्टरमा उम्मेदवारी दिएकी लीला भण्डारी एमालेको ११औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य तथा पूर्वपोलिटब्युरो सदस्य हुन्। माओवादी हुँदै तत्कालीन नेकपा फुट्दा उनी एमालेमै बसेकी थिइन्। दैलेखकी मीना रखाल पार्टी केन्द्रीय सदस्य छिन्। उनले कर्णालीमा महिला क्लस्टरबाट उम्मेदवारी दिएकी छिन्।

त्यस्तै, पूर्वकेन्द्रीय सदस्य सम्झना देवकोटालाई एमालेले गण्डकी प्रदेशमा महिला क्लस्टरबाट उम्मेदवार बनाएको छ। उनी ०७९ मा गोरखा नगरपालिकाको मेयरमा पराजित भएकी थिइन्। एमालेले मधेशमा महिला क्लस्टरमा रेखाकुमारी झालाई उम्मेदवार बनाएको छ।

कांग्रेस...

पृष्ठ १ बाट क्रमशः

गरेका छन्। उनीहरूले 'नेपाली कांग्रेसको विधान पालना गर्दै पार्टीलाई जीवन्त बनाऔँ, विशेष केन्द्रीय महाधिवेशनमा सहभागी हौँ' भन्ने नारा पनि सार्वजनिक गरेका छन्। महामन्त्रीद्वयको आह्वानलाई संस्थापन पक्षले अवैधानिक र विधानविपरीत भनेको छ।

२४८८ जना महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर केन्द्रमा बुझाइएपछि तीन महिनाभित्र विशेष महाधिवेशन आयोजना गर्नु बाध्यकारी हुने महामन्त्रीद्वयको तर्क छ। 'निवेदन दर्ता भएको तीन महिनाभित्र विशेष महाविधेशन सम्पन्न गर्नु केन्द्रको कार्यसम्पादन र जिम्मेवारीको विषय थियो र हो। तसर्थ केन्द्रीय कार्यसमितिले नै विशेष महाधिवेशन बोलाउनु उपयुक्त हुन्छ भनेर हामीले अधिकतम प्रयास गऱ्यौँ। तर, केन्द्रीय कार्यसमितिबाट यो सम्भव हुन सकेन,' उनीहरूले भनेका छन्।

महामन्त्रीद्वयले अपिलमा विशेष महाधिवेशन बोलाउन नसक्ने अवस्थाको परिकल्पना कांग्रेसको विधानले नगरेको उल्लेख छ। 'यस्तो अवस्थामा विधानसम्मत माग बेवारिसे हुन सक्दैन, महाधिवेशन आफैँ क्रियाशील हुन्छ र तोकिएको समयसीमाभित्र विशेष महाधिवेशन हुन्छ भन्ने कुरा हामीले पार्टी बैठकमा पटक-पटक राखेका हौँ। बहुमत महाधिवेशन प्रतिनिधिहरूद्वारा गरिएको विशेष महाधिवेशनको मागप्रति हाम्रो ऐक्यबद्धता रहेको छ,' महामन्त्रीद्वयको अपिलमा छ।

महामन्त्रीद्वय थापा र शर्माले पुस २७ र २८ का लागि तय भएको विशेष महाविधेशन कानुनी र राजनीतिक रूपमा समेत अपरिहार्य र बाध्यकारी बनेको उल्लेख गरेका छन्। यो विधानविपरीत भएको केन्द्रीय कार्यालयको वक्तव्यलाई खण्डन गर्दै महामन्त्रीद्वयले भनेका छन्, 'विधानबमोजिम बाध्यकारी रहेको विशेष महाविधेशन नबोलाउनु, विधानको पालना नगर्नु, जिम्मेवारीबमोजिम काम नगर्नु, विधान र राजनीतिक दलसम्बन्धी कानुनको समेत विपरीत हो। विधान र कानुनबमोजिम पूरा गर्नुपर्ने कर्तव्य र जिम्मेवारी पूरा गर्नु केन्द्रको कर्तव्य र जिम्मेवारी हो।'

उनीहरूले लोकतान्त्रिक पार्टीको जिम्मेवार पदाधिकारीका रूपमा विशेष महाधिवेशनको माग कार्यान्वयन गर्नु वैधानिक एवं नैतिक दायित्व र जिम्मेवारी भएको उल्लेख गरेका छन्। 'हामीले त्यो जिम्मेवारी पूरा गर्नैपर्छ, गर्नेछौँ,' उनीहरूले भनेका छन्, 'विशेष महाधिवेशन बदलिएको समयको कांग्रेसका लागि, बदल्नुपर्ने देशका लागि हो। हामी पार्टीमा नयाँ ऊर्जा भर्न दृढ संकल्पित छौँ। जस्तोसुकै कठिन अवस्थामा पनि पार्टीलाई एक ढिक्का राख्न हामी कटिबद्ध एवं प्रतिबद्ध छौँ।'

कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले महामन्त्रीहरूको कदम एकदमै गलत भएको प्रतिक्रिया दिएका छन्। आमनिर्वाचनको मुखमा विशेष महाधिवेशनको नाममा गलत निर्णय गरिएको उनको भनाइ छ। 'आफैँ सहभागी रहेको केन्द्रीय कार्यसम्पादन समितिको निर्णय मान्दिन भन्नु गैरजिम्मेवार व्यवहार हो। 'विधानविपरीत बोलाइएको विशेष महाधिवेशनमा पार्टी सभापति सहभागी हुने प्रश्नै आउँदैन,' उनले भने, 'महामन्त्रीहरूबारे के गर्ने भन्ने विषयमा हालसम्म कुनै निर्णय भएको छैन। भविष्यमा छलफल होला। अहिले भन्नुपर्ने कुरा यत्ति हो- उहाँहरूले एकदमै बेठिक गर्नुभएको छ।'

गगन थापाले भने- सभापति चाहिँदैन पार्टीलाई उभिने ठाउँ बनाउनुछ

पार्टी महामन्त्री गगनकुमार थापाले सभापति बन्न नभई पार्टीलाई नयाँ परिस्थितिमा उभिने ठाउँ बनाउन विशेष महाधिवेशनमा जानुपर्ने अवस्था भएको बताएका छन्। बुधबार बुद्धिजीवीहरूसँगको अन्तरक्रियामा थापाले भने, 'हामीलाई सभापति बन्नु छैन। तपाईंहरू जसलाई बन्नुछ बन्नुस्। डा. शेखर कोइरालालाई बन्नुछ, विशेष महाधिवेशनबाट सभापति बन्नुस्।'

थापाले कारोबारी राजनीतिलाई समाजले इन्कार गरिसकेको भन्दै २३ र २४ भदौको घटनाको पृष्ठभूमि, नागरिकको रिस र आवाजलाई सम्बोधन गर्नुपर्ने बताए। 'त्यस घटनाअघि हामी ठिक ठाउँमा थिएनौँ, हाम्रो गति र मति ठिक ठाउँमा थिएन, कसैलाई हामी त्यसअघि पनि ठिक थियौँ, अब पनि ठिक छौँ भन्ने लागेको छ। हामी अब सच्चिनुपर्छ,' थापाले भने।

केन्द्रीय कार्यसम्पादन समिति बैठकपछि पत्रकारहरूसँग पार्टी कार्यालयमा कुरा गर्दै थापाले आफू र अर्का महामन्त्री विश्वप्रकाश शर्मालाई घेराबन्दी गरिएको आरोप लगाए। 'पार्टीमा विधान र प्रक्रिया मिच्दै जाने क्रममा म र अर्का महामन्त्री विश्वप्रकाश शर्मालाई किनारा लगाउने, घेराबन्दी गर्ने काम भएको छ,' उनले भने, 'हामीलाई जति घेराबन्दी गरे पनि यहाँको घेरा सानो छ। पार्टी, समर्थक र शुभेच्छुकहरूको घेरा ठुलो छ। हामीलाई सानो घेराबाट ठुलो घेरामा जान बाध्य पारिराख्नुभएको छ।'

यस्तो छ विशेष महाधिवेशनको तयारी

महामन्त्रीद्वयले आह्वान गरेको विशेष महाधिवेशन २७ पुसमा भृकुटीमण्डपमा सुरु हुनेछ। केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले सभापति देउवा र कार्यवाहक सभापति सहभागी नभए विशेष महाधिवेशनको अध्यक्षता पार्टीका महामन्त्री थापा र शर्मामध्ये एकजनाले गर्ने बताए। विशेष महाधिवेशन पक्षधरले बुधबार विभिन्न १८ समिति घोषणा गरेका छन्। पूर्वसभापति तथा पूर्वकेन्द्रीय सदस्यहरूको समन्वय, जनपरिचालन तथा जुलुस व्यवस्थापन, व्यवस्थापन समिति, प्रदेश सांसद समन्वय, पूर्वसांसद समन्वय, मञ्च व्यवस्थापन, स्वयंसेवक परिचालन, यातायात व्यवस्थापन, आवास तथा खाना, सूचना तथा प्रचारप्रसार, जिल्ला सम्पर्क, भ्रातृ तथा शुभेच्छुक संस्था समन्वय, जनसम्पर्क समिति समन्वय, स्थानीय तह समन्वय, स्वास्थ्य शिविर समन्वय, सांस्कृतिक कार्यक्रम तयारी, जेन-जी युवा परिचालन, जिल्ला क्षेत्र फोकल पर्सन समन्वय समितिहरू गठन भएका छन्। विशेष महाधिवेशन आयोजकहरूका तर्फबाट आयोजित पत्रकार सम्मेलनमा कांग्रेस नेता जगदीश्वरनरसिंह केसीले एक हजार एकसदस्यीय मूल जनपरिचालन समिति गठन भएको बताए।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/२४ गते

यस कम्पनीको मिति २०८२/०८/२१ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एस. एन. एस. टेक्नोलोजी**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एशियन अटोमोवाईल्स ईण्डष्ट्रिज (Asian Automobiless Industries)** (दर्ता नं: ८८५४६/६८/६९) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड
Infomerics Ratings Nepal
रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं १०, बानेश्वर हाइट, काठमाडौं, फोन नं : ०१-४५८५९०६

पाचौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/०९/२४

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२/०९/०७ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको पाचौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. साधारण सभा हुने मिति, स्थान र समय :
मिति : २०८२ साल पौष २९ गते, मंगलबार (तदनुसार १३ जनवरी, २०२६)
स्थान : इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडको कार्यालय, बानेश्वर हाइट, काठमाडौं
समय : दिनको १२:४५ बजे

२. छलफलका विषयहरु :
(क) साधारण प्रस्तावहरु :
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू बाट प्रस्तुत हुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/८२ को आर्थिक विवरण उपर छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को हरहिसाबहरु लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने।
४. नियमावालीको नियम २७ बमोजिम सञ्चालक समितिको निर्वाचन गर्ने।
(ख) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

प्रकाशित मिति: २०८२/०९/२४ गते

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८२/०८३ अन्तर्गत तपसिल बमोजिमका कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

ठेक्का न.	कामको विवरण	फर्म/ कम्पनी	कबोल रकम
39/DSMC/2082/083	Procurement, Supply, Delivery and Installation of LED Screen and Audio System at DSMC	श्री Evolve Tech Pvt. Ltd., Panchakumari, Kathmandu	रु. ५४,३२,७४३/३६ मु. अ. क. बाहेक

प्रमुख प्रशासकीय अधिकृत

ह्याकरको निसानामा सरकारी वेबसाइट

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र निर्वाचन आयोगको साइट

क्षणभरमै ह्याक, सरकारी साइट ह्याकका 'मास्टर माइन्ड' डेभलपर नै हुन सक्ने प्रहरीको आशंका

टेकराज थामी/नयाँ पत्रिका

निर्वाचन आयोगसँग अहिले एक करोड ९० लाख पाँच हजार ३२४ जनाको व्यक्तिगत तथ्यांक संग्रहित छ। यो कुल जनसंख्याको ६५.१६ प्रतिशत हो। जसलाई आयोगले आफ्नो आधिकारिक वेबसाइटमा राखेको छ। नागरिकले चाहेका बेला साइट लगअन गरेर जुनसुकै बेला हेर्न सक्छ। तर, सोही साइट गत मंसिरको तेस्रो साता ह्याकरको निसानामा पऱ्यो। साइटमा राखिएका आयोगको तथ्यांक क्षणभरमै ह्याकरको पहुँचमा पुग्यो। तथ्यांक धन्न नष्ट भएन।

नागरिकको व्यक्तिगत तथ्यांक संग्रह गर्ने सरकारको अर्को आधिकारिक निकाय हो, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग। जहाँ अहिले बालिग नागरिकको जैविक तथा वैयक्तिक तथ्यांक संग्रह गरिएका छन्। विभागको वेबसाइट जो-कोहीले सजिलै हेर्न सक्छन्। गत मंसिरको अन्तिम साता साइट ह्याकर आक्रमणमा पऱ्यो। र, उसले नागरिकको वैयक्तिक तथ्यांकमा सजिलै अनधिकृत पहुँच पुऱ्यायो।

अत्यन्तै संवेदनशील मानिएको मुलुकको दुई डेटा सेन्टरमा साइबर हमला गर्नुअघि ह्याकरले नेपाल मेडिकल काउन्सिलको वेबसाइटलाई त्यसैगरी आक्रमण गरेको थियो। गत २६ असोजमा ह्याक भएको वेबसाइट बल्लतल्ल नियन्त्रणमा आयो। तर, घटनामा संलग्नको पहिचान हुन सकेन। जसले अन्य ह्याकरलाई प्रोत्साहित तुल्यायो। आयोग र विभागको साइट ह्याक त्यसैको परिणाम थियो।

संवेदनशील डेटासेन्टरमै ह्याकरको आक्रमण भएपछि प्रहरीले घटनाको अनुसन्धान थाल्यो। केही दिनको अपरेसनपछि झापा मेचीनगर नगरपालिका- ९ का २० वर्षीय सन्तोष चिमोरिया र सिन्धुपाल्चोक साँगाचोक नगरपालिका- ९ का १९ वर्षीय विकास पौडेल पक्राउ परे। अनुसन्धानपछि खुल्यो- उनीहरूले त्यसबाहेक विश्व निकेतन विद्यालय, सडक विभाग, मिमिरि माइक्रो फाइनान्स, नेपाल नागरिक उड्डयन प्राधिकरणको वेबसाइटसमेत ह्याक गरेका थिए। त्यसबाहेक उनीहरूले नेपाल विद्युत् प्राधिकरणको मोबाइल एप्ससमेत ह्याक गर्न भ्याए।

घटनाको अनुसन्धानमा संलग्न साइबर ब्युरोका अनुसार सिएमडी नेपाल नामको आइडीबाट मेडिकल काउन्सिल, निर्वाचन आयोग र राष्ट्रिय परिचयपत्र विभागको वेबसाइट ह्याक भएको थियो। जसको सञ्चालक थिए, १९ वर्षीय विकास पौडेल। त्यसबाहेक नागरिक उड्डयन प्राधिकरणको वेबसाइट भने जेन-जी राइजिङ नेपाल नामको आइडीबाट ह्याक भएको थियो। उक्त आइडी २० वर्षीय सन्तोष चिमोरियाको नाममा खोलिएको थियो।



- **दीपकराज अवस्थी**
प्रवक्ता, साइबर ब्युरो



वेबसाइट ह्याक हुन थालेपछि घटनाको अनुसन्धान सुरु गर्‍यौं। दुई युवा पक्राउ परे, तर उनीहरू प्रयोग भएका धेरैमध्ये केही पात्र मात्रै हुन्। अर्थात् मुख्य खेलाडी अरू नै कोही छ। र, उसलाई नेपाली वेबसाइटको लुपहोलबारे राम्रोसँग थाहा छ। उसले पक्राउ परेका विकास पौडेल र सन्तोष चिमोरियाजस्ता धेरै पात्रलाई प्रयोग गरिरहेको छ।

- **प्रवेश सुवेदी,**
सूचना प्रविधिविज्ञ



नेपालका सरकारी वेबसाइट डेभलप गर्ने आफ्नै प्रक्रिया छन्। यस्ता साइट प्रायः एउटै समूह वा फर्मबाट निर्माण हुने गर्छन्। हामीकहाँ प्रायः लेभल ३ को फायरवाल प्रयोग भएको देखिन्छ। यो अहिलेको सन्दर्भमा आउटडेटेड हो। यो पनि अपडेट भएको देखिँदैन।

पक्राउ परेकामध्ये पौडेल बिएस-सिएसआइटीका विद्यार्थी हुन्। चिमोरिया भने प्रविधिमा सामान्य जानकारी राख्ने युवा हुन्। ब्युरोका अनुसार पौडेल र चिमोरिया घटनामा प्रयोग भएका पात्र मात्रै हुन्। मुख्य खेलाडीलाई नेपालभित्र सञ्चालन हुने वेबसाइटको कमजोरी राम्रोसँग थाहा छ।

'वेबसाइट ह्याक हुन थालेपछि घटनाको अनुसन्धान सुरु भयो। दुई युवा पक्राउ परे, तर उनीहरू प्रयोग भएका धेरैमध्ये केही पात्र मात्रै हुन्। अर्थात् मुख्य खेलाडी अरू नै कोही छ। र, उसलाई नेपाली वेबसाइटको लुपहोलबारे राम्रोसँग थाहा छ। उसले पौडेल र चिमोरियाजस्ता धेरै पात्रलाई प्रयोग गरिरहेको छ,' ब्युरोका प्रवक्ता एसपी दीपकराज अवस्थीले भने।

विद्युत् प्राधिकरणको मोबाइल एप्स भने नेपाली फर नेपाल नामको आइडीबाट ह्याक भएको थियो। घटनामा संलग्न पहिचान भएको, तर पक्राउ गर्न प्रमाण नपुगेको ब्युरोको भनाइ छ। ब्युरोका अनुसार नेपाली फर नेपालबाहेकका आइडी सञ्चालन गर्ने ह्याकरबिच उद्देश्यमा भने फरक छ। नेपाली फर नेपाल आइडीमार्फत ह्याक गर्ने ह्याकरको उद्देश्य गत ३ मंसिमा पक्राउ परेका विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई रिहाइ गर्नु थियो भने अन्यको तथ्यांकमा अनधिकृत पहुँच पुऱ्याउनु र केही हदसम्म आत्मसन्तुष्टि आर्जन गर्नु।

'वेबसाइट ह्याक गर्नुका पछि फरक-फरक उद्देश्य रहेको देखिन्छ। जस्तो- नेपाली फर नेपाल आइडीवालाको उद्देश्य प्रसाईंको रिहाइ थियो। बाँकीको भने तथ्यांकमा अनधिकृत पहुँच पुऱ्याउनु हो। कतिपयले आत्मसन्तुष्टि लिने उद्देश्यबाट प्रेरित भएर पनि यस्ता काम गरेको देखिन्छ। जसले जुनसुकै उद्देश्य राखेर गरे पनि यो काम गलत नै हो,' एसपी अवस्थीले भने।

नेपालमा ह्याक हुने प्रायः सरकारी वेबसाइट हुन्। पछिल्ला घटनामा पनि सरकारी वेबसाइट नै धेरै ह्याक भएका छन्। नेपालका सरकारी साइट ह्याकका 'मास्टरमाइन्ड' डेभलपर नै त होइनन् ? यसमा प्रहरी पनि केही हदसम्म सहमत देखिन्छ।

किन हुन्छ हमला ?

इन्टरनेट राजमार्गजस्तै हो, जहाँ एकैपटक अनेक किसिमका एप्लिकेसन यात्रा गर्छन्। जुन हानिकारक र फाइदाजक दुवै हुन सक्छन्। वेबसाइट पनि सोही मार्गमार्फत चल्ने हो। कुत्सित उद्देश्य राख्ने ह्याकरले यही मार्गमार्फत वेबसाइटमा अनधिकृत पहुँच पुऱ्याउँछन्। र, साइटमा हमला गर्छन्। यस्ता हमला रोक्न वेबसाइटमा त्यसैगरी सुरक्षा पर्खाल लगाउनुपर्छ, जसरी घरको सुरक्षा गर्न कम्पाउन्ड घेर्छौं। झ्याल-ढोका लगाउँछौं।

वेब एप्लिकेसन फायरवाल (डब्लुएएफ) त्यस्तै पर्खाल हो, जसले वेबसाइटलाई सुरक्षा प्रदान गर्छ। यस्ता फायरवाल विभिन्न तहका छन्। जसलाई लेभल १, लेभल २, लेभल ३ र लेभल ४ भनिन्छ। लेभल १ को फायरवाललले न्यून तहको मात्रै सुरक्षा गर्न सक्छ। त्यस्तै, लेभल २ कोले मध्यम, लेभल ३ को उच्च र लेभल ४ को अति उच्च सुरक्षा दिन सक्छ। जुन समय-समयमा अपडेट भइरहन्छ।

नेपालका सरकारी वेबसाइटले प्रायः प्रयोग गर्ने लेभल ३ को फायरवाल हो। जुन अहिलेको सन्दर्भमा आउटडेटेड हो। यही फायरवाल पनि अपडेटेड भर्सनको छैन। अर्थात् एकपटक इन्स्टल गरेपछि थप अपटेड गरिएको छैन। ह्याकरलाई यो कमजोरी राम्रोसँग थाहा छ। सरकारी वेबसाइट ह्याकरको निसानामा पर्नुको मुख्य कारण यही हो। 'फायरवाल वेबसाइट सुरक्षा गर्ने एउटा एप्लिकेसन हो। यसका लेभल हुन्छन्। हामीकहाँ प्रायः लेभल ३ को फायरवाल प्रयोग भएको देखिन्छ। यो अहिलेको सन्दर्भमा आउटडेटेड हो। यो पनि अपडेट भएको देखिँदैन,' सूचना प्रविधिविज्ञ सुवेदीले भने।

यो तथ्यलाई ब्युरोका प्रवक्ता एसपी अवस्थी पनि स्वीकार गर्छन्। उनले भने, 'नेपालका सरकारी वेबसाइटले लेभल ३ को फायरवाल प्रयोग गर्छन्। तर, यो न अपडेटेड भएको देखिन्छ, न अपग्रेटेड नै हुन सकेका छन्।'

बैंकहरूले ६-६ महिनामा वित्तीय सुरक्षा थ्रेट विश्लेषण गरिरहेका हुन्छन्। जसलाई राष्ट्र बैंकले अनिवार्य बनाएको छ। वेबसाइटको सुरक्षा विश्लेषण गर्न एउटा प्रणाली हुन्छ। जसलाई भिएपिटी (भर्ल्नाएबलिटी एसेसमेन्ट एन्ड पेनेट्रेसन टेस्टिङ) भनिन्छ। जसले साइटमा समस्या आउनुअघि नै सम्बन्धित निकायलाई सूचना दिन्छ। यो प्रणाली विकसित मुलुकमा वेबसाइटमा अनिवार्य रूपमा प्रयोग हुन्छ। नेपालका पनि केही निजी वेबसाइटमा यस्तो प्रणाली इन्स्टल गरिएका छन्। तर, अधिकांश निजी र सरकारी कार्यालयको वेबसाइटमा यस्तो प्रणाली लागू गरिएका छैनन्। जसले गर्दा नेपालका वेबसाइट सजिलै ह्याकरको निसानामा पर्ने आइटी विज्ञहरूको भनाइ छ।

ऊर्जामन्त्री घिसिङले दिए राजीनामा

सशक्त राजनीतिक यात्रामा होमिने घोषणा

कमलराज भट्ट/नयाँ पत्रिका

ऊर्जामन्त्री कुलमान घिसिङले पदबाट राजीनामा दिएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मार्फत सक्रिय राजनीतिमा आउन लागेका घिसिङले बुधबार साँझ प्रधानमन्त्री सुशीला कार्कीलाई राजीनामापत्र बुझाए।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री कार्कीले दलमा आबद्ध मन्त्रीहरूका कारण गैरदलीय सरकारमाथि नैतिक प्रश्न उठ्ने भन्दै राजीनामा दिन आग्रह गरेकी थिइन्। प्रधानमन्त्रीले आग्रह गरेको भोलिपल्ट बुधबार घिसिङले राजीनामा दिएका हुन्। ३० भदौमा मन्त्री नियुक्त भएका घिसिङले ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकाससहित तीन मन्त्रालय सम्हालेका थिए।



म पदबाट बाहिरिएको छु, तर जनताको पक्ष, राष्ट्रको हित र सत्यको बाटोबाट कहिल्यै बाहिरिनेछैन। उज्यालो नेपाल बनाउन सशक्त रूपमा राजनीतिक यात्रामा होमिनेछु।

घिसिङले १७ मंसिरमा अनुपकुमार उपाध्याय अध्यक्ष रहने गरी उज्यालो नेपाल पार्टीको औपचारिक घोषणा गरेका थिए। पार्टी घोषणा कार्यक्रममा पार्टी संरक्षकका रूपमा घिसिङले प्रमुख अतिथि बनेर सम्बोधन गरेका थिए। त्यसपछि १४ पुसमा घिसिङले रास्वपाको उपसभापति रहने गरी उज्यालो नेपाल समाहित गर्ने सम्झौता गरेका थिए। सो सम्झौतापछि गैरदलीय सरकारका मन्त्रीले दलीय आधार प्राप्त गरिसकेपछि पनि राजीनामा नदिएको भन्दै आलोचना भएको थियो।

चौतर्फी आलोचना बढिरहेकै वेला घिसिङले ऊर्जा मन्त्रालयमा पत्रकार सम्मेलन गरेर राजीनामा दिएको जानकारी गराए। उनले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहको उपस्थितिमा १४ पुसमा रास्वपामा समाहित हुने सम्झौता गरेका थिए। घिसिङ चुनाव लड्ने तयारीमा छन्। काठमाडौं ३ बाट प्रत्यक्षतर्फ उम्मेदवार बन्ने चर्चा चले पनि रास्वपाले घिसिङ उम्मेदवार बन्ने क्षेत्रबारे औपचारिक निर्णय गरिसकेको छैन।

प्रधानमन्त्री कार्कीले साढे तीन महिना तीनवटा महत्त्वपूर्ण मन्त्रालयको कुशल नेतृत्व प्रदान गरेकोमा धन्यवाद दिएकी छिन्। राजीनामा बुझेपछि प्रधानमन्त्रीले कार्यकालमा निःस्वार्थ देश र जनताको सेवा गरेको भन्दै घिसिङलाई धन्यवाद दिएको प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावलले विज्ञप्तिमार्फत जनाएका छन्।

मन्त्री पदबाट राजीनामा दिएलगत्तै ऊर्जा मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा साढे तीन महिनाको उपलब्धि विवरण सार्वजनिक गर्दै घिसिङले अब सशक्त रूपमा राजनीतिक यात्रामा होमिएको घोषणा गरे। 'म पदबाट बाहिरिएको छु, तर जनताको पक्ष, राष्ट्रको हित र सत्यको बाटोबाट कहिल्यै बाहिरिनेछैन। उज्यालो नेपाल बनाउन सशक्त रूपमा राजनीतिक यात्रामा होमिनेछु,' घिसिङले भने। उनले ट्रंकलाइन प्रयोग गरी विद्युत् खपत गरेका उद्योगबाट उठाउनुपर्ने प्रिमियम महसुल नियमित रूपमा उठ्न लागेको विषयलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा स्मरण गरेका छन्। 'आमनागरिक लोडसेडिङको अँध्यारोमा बस्न बाध्य हुँदा डेडिकेटेड तथा ट्रंकलाइन प्रयोग गरी विद्युत् खपत गरेका उद्योगबाट उठाउनुपर्ने प्रिमियम महसुल विगतमा राजनीतिक हस्तक्षेपका कारण उठ्न सकेको थिएन। यस अवधिमा त्यो गलत अभ्यास अन्त्य गरिएको छ। स्पष्ट निर्देशन र दृढ निर्णयका कारण सबै उद्योगहरूले बक्यौता महसुल तिर्न सुरु गरेका छन् र किस्ताबन्दीमा प्रवेश गरेका उद्योगहरूले समेत नियमित रूपमा किस्ता बुझाइरहेका छन्,' उनले भने। त्यस्तै, बन्चरेडाँडाको फोहोर विसर्जन गर्ने समस्या समाधान, छिमेकी चीनसँगको उत्तर नाका सञ्चालनलगायतका विषयलाई पनि महत्त्वपूर्ण उपलब्धिका रूपमा उनले व्याख्या गरेका छन्।

संक्षेप

साँखुमा भएको बस दुर्घटनामा चारको मृत्यु

काठमाडौं/ शंखरापुर नगरपालिका- ४, साँखुमा भएको बस दुर्घटनामा चारजनाको मृत्यु भएको छ। २८ जना घाइते भएकोमा चारजनाको उपचारका क्रममा मृत्यु भएको हो। मृत्यु हुनेमा बाँके कोहलपुरकी कामना शर्मा, ताप्लेजुङकी इन्दिरा लिम्बू र पेप्सीकोलाकी शान्ति गुप्ता छिन्। अर्का एक मृतकको सनाखन नभएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसपी नरेशराज सुवेदीले बताए। पिकनिकमा गएका व्यक्तिहरू सवार बस साँखुतर्फ आउँदै गर्दा जहरसिंहपौवाको जंगलमा खसेको हो। बस सडकबाट करिब ६० मिटर तल खसेको थियो। बसमा ४० यात्रु थिए। बानेश्वरस्थित नेचर हब कम्पनीका कर्मचारीहरू पिकनिकबाट फर्कँदै गर्दा दुर्घटनामा परेका हुन्। घाइते भएका अन्य २४ जनाको विभिन्न अस्पतालमा उपचार जारी रहेको प्रहरीले जनाएको छ।

रास्वपा सचिवालय सदस्य बोहरा कञ्चनपुर २ बाट सर्वसम्मत सिफारिस

काठमाडौं/ रास्वपा केन्द्रीय सचिवालय सदस्य दीपक बोहरा कञ्चनपुर २ बाट सर्वसम्मत उम्मेदवार सिफारिस भएका छन्।



रास्वपाको कञ्चनपुर २ नम्बर क्षेत्रीय समितिले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बुधबार बोहराको एकल नाम सिफारिस गरेको हो। शुक्लाफाँटा, वेदकोट र कृष्णपुर नगर समितिसहित ती नगरका सबै वडाका प्रतिनिधि र अन्य आकांक्षी उम्मेदवारको संयुक्त बैठकले बोहरालाई सर्वसम्मत सिफारिस गरेको क्षेत्रीय संयोजक गणेश खड्काले बताए। यसअघि कञ्चनपुर-२ बाट प्रतिनिधिसभा सदस्यमा प्रतिस्पर्धा गरेका झंकर जोशी र अहिलेका आकांक्षी घनश्याम विष्ट नै बोहराको प्रस्तावक र समर्थक थिए।

महिला र पुरुषको शव फेला

धनकुटा/ धनकुटाको छुट्टाछुट्टै स्थानमा महिला र पुरुषको शव फेला परेको छ। महालक्ष्मी नगरपालिका- १ का ४३ वर्षीय टंकबहादुर राय बुधबार बिहान मृत फेला परेको प्रहरीले जनाएको छ। रायको शव महालक्ष्मी नगरपालिका- १ स्थित दमारको भित्री बाटोमा फेला परेको प्रहरीको भनाइ छ। त्यस्तै, सहिदभूमि गाउँपालिका- ७ फुर्केडाँडामा अन्दाजी ४४ वर्षीया पूर्णिमा मगर मृत भेटिएकी छिन्। सानो गोरेटो बाटोबाट करिब १५ मिटर तल मगरको शव फेला परेको प्रहरीले जनाएको छ। दुवैको शव जिल्ला अस्पताल धनकुटा ल्याएर पोस्टमार्टमका लागि राखिएको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ। घटना सम्बन्धनमा अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ।

निःशुल्क शिविरमा २३२ जनाको आँखाको ज्योति फर्काइयो

सर्लाही/ सर्लाहीको बागमती नगरपालिकामा मोतियाविन्दुको शल्यक्रिया गरेर २३२ जनाको आँखाको ज्योति फर्काइएको छ। बागमती नगरपालिका- १२, तिलगंगा सर्जिकल सामुदायिक आँखा केन्द्रमा सम्पन्न तीनदिने निःशुल्क शिविरमा २३२ जनाको मोतिया विन्दुको सफल शल्यक्रिया गरिएको हो। गत सोमबारबाट केन्द्रमा निःशुल्क मोतिया विन्दुको शल्यक्रिया शिविर सुरु भएको थियो। बागमती नगरपालिका, तिलगंगा सर्जिकल सामुदायिक आँखा केन्द्र, बागमती र तिलगंगा आँखा प्रतिष्ठानको संयुक्त आयोजनामा शिविर सम्पन्न भएको केन्द्रका इन्चार्ज आशिष भट्टले जानकारी दिए।

शिविरमा पहिलो दिन ७९, दोस्रो दिन ८३ र तेस्रो दिन ७० जनाको आँखाको मोतिया विन्दुको शल्यक्रिया गरिएको थियो। शिविरअन्तर्गत गत १५ पुसबाट सर्लाहीको चार पालिका बागमती, बरहथवा, बलरा र बसबरियामा स्क्रिनिङ शिविर सञ्चालन गरिएको थियो। शिविरमा एक हजार ६८१ जनाको आँखा जाँच गर्दा ३५० भन्दा बढीको आँखामा मोतिया विन्दुको समस्या फेला परेको शिविर आयोजक बागमती नगरपालिका स्वास्थ्य शाखा सहसंयोजक आनन्दमोहन झाले बताए।

निर्वाचनका लागि ५१ प्रकारका सामग्री आवश्यक

१४ प्रकारका नेसनल ट्रेडिङसँग जी टु जीबाट खरिद

- **रामप्रसाद भण्डारी,**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त



अहिले हामीले कुनै पनि सामान बजारबाट खरिद गऱ्या छैन। ३७ प्रकारको हामीसँगै छ। बाँकी १४ प्रकारको स्थानीय बजारमा पाउने स्वदेशी उत्पादन हुने सामानहरू सरकारी स्वामित्वको नेसनल ट्रेडिङबाट जी टु जीमा लिएका छौं।

नयाँ पत्रिका

निर्वाचन आयोगले २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ५१ प्रकारका सामग्री व्यवस्थापन गरेको छ। आयोगका अनुसार ३७ प्रकारका सामग्री मौज्दात छ भने १४ प्रकारका सामग्री जी टु जी मोडलबाट खरिद गरेर व्यवस्थापन गरिएको हो।

आयोगले नेसनल ट्रेडिङ लिमिटेडसँग जी टु जी गरी आवश्यक सामग्री खरिद गरेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए। 'अहिले हामीले कुनै पनि सामान बजारबाट खरिद गऱ्या छैन। ३७ प्रकारको हामीसँगै छ। बाँकी १४ प्रकारको स्थानीय बजारमा पाउने स्वदेशी उत्पादन हुने सामानहरू सरकारी स्वामित्वको नेसनल ट्रेडिङबाट जी टु जीमा लिएका छौं,' उनले भने। जी टु जीले खरिद प्रक्रिया पारदर्शी बनाउने र निर्वाचनलाई मितव्ययी बनाउने उनको भनाइ छ।

प्रतिनिधिसभाको २१ फागुनमा हुने निर्वाचनका लागि लाहा, अनुसूची फाराम, पुसपिन, डायरी, मार्कर पेन, स्केल, स्टाप्लर मेसिन, स्टाप्लर पिन (बट्टा), कैँची, ग्लुस्टिक, सोसर, पन्चिङ मेसिन, परिचयपत्र कार्ड होल्डर र डोरी, भित्र लेखिएको कार्ड, बाहिर लेखिएको कार्ड, पुरुष लेखिएको कार्ड, महिला लेखिएको कार्ड, मतदाता क्रमसंख्या 'देखि सम्म' लेखिएको कार्ड, मतदान केन्द्र लेखिएको कार्ड, प्लास्टिक थैलो, बोरा, सुतली, प्याकिङ टेप, नेपाली कागजको खाम, निविदा मतपत्र राख्ने नेपाली खाम, सेता कागज एफोर साइज, रेकर्ड फाइल फित्तासहित, धागो, सियो, खाप्सियो, फलाटिन कपडा, सलाई, कोरा कपडाको थैलो, कोरा कपडा मतपेटिका राख्ने, जेलपेन कालो, जेलपेन रातो, मैनबत्ती प्याकेट रहेको छ। यसैगरी मतदाता नामावली, मतपत्र, मतपेटिका, मतपेटिका सुरक्षण सिल मतदान केन्द्रमा प्रयोग हुने, मतपेटिका सुरक्षण सिल तालिम प्रयोजन, नउड्ने मसीको मार्कर, स्वस्तिक छाप रबर, मतपेटिका स्टिकर, स्वस्तिक छाप (पित्तल), स्ट्याम्प प्याड मसी, छेकाबार, रबर म्याट, स्ट्याम्प प्याड, सम्बन्धित ऐन, नियम, निर्देशिका र निर्वाचन आचारसंहिता रहेको छ।

कक्षा ४ देखि १२ सम्मको सामाजिक अध्ययन पाठ्यक्रम परिमार्जन गरिँदै

काठमाडौं/ कक्षा ४ देखि १२ सम्म अध्ययन हुने सामाजिक अध्ययन विषय परिमार्जन गरिने भएको छ। पाठ्यक्रम विकास केन्द्रले कतिपय पाठ जटिल भएको, सिलसिला र तहगत क्रम नमिलेको भन्दै परिमार्जन गर्न लागेको हो।

पाठ्यक्रम परिमार्जनका लागि विद्यालय र शिक्षकहरूसँग छलफल भइसकेको छ। केन्द्रका अनुसार सातै प्रदेशका सामाजिक अध्ययन विषय पढाउने शिक्षकसँग पनि छलफल भएको छ। पाठ्यक्रम परिमार्जका लागि केन्द्रले कार्यदलसमेत बनाएको छ। केन्द्रका महानिर्देशक युवराज पौडेलले कार्यदलले काम गरिरहेको जानकारी दिए। उनका अनुसार पुरानो पाठ्यक्रम र अरू देशको सामाजिक अध्ययनभित्र के-के छ त्यसमा तुलनात्मक अध्ययन पनि भइसकेको छ।

'पाठ्यक्रमलाई आवश्यक छलफल गरेर राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्मा लगिएको छ, गत १९ असारमा परिषद्ले छलफल पनि गरेको थियो,' उनले भने, 'पाठ्यक्रमअनुसार कक्षा ४, ५, ८, १० र १२ को पाठ्यक्रम लेखन कार्य भइरहेको छ। यो पाठ्यपुस्तकमा १८ जिल्लामा २० विद्यालयमा पाठ्यक्रम परीक्षणसमेत गरेर बल्ल कार्यान्वयनमा ल्याइनेछ, तर अझै थुप्रै काम बाँकी रहेकाले ०८४ को शैक्षिक सत्रदेखि मात्र नयाँ पाठ्यक्रम लागू हुन्छ।'

जोगबुडा बन्यो सुदूरपश्चिमको चौथो प्रादेशिक अस्पताल

उपचारका लागि सीमावर्ती भारतीय क्षेत्र र कैलाली, कञ्चनपुर जान बाध्य स्थानीयले अब विशेषज्ञसहितको उपचार सेवा पाउने अपेक्षा

धनगढीमा **तेजराज भट्ट**

डडेल्धुराको परशुराम नगरपालिकामा रहेको जोगबुडा अस्पताललाई प्रादेशिक अस्पतालमा स्तरोन्नति गरिएको छ। १५ शय्याको अस्पताललाई सुदूरपश्चिम प्रदेश सरकारले अब ५० शय्यामा सञ्चालन गर्दै छ। नगरपालिकाले भवनसहित अस्पतालको सम्पूर्ण सम्पत्तिको दायित्व प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ।

प्रदेशको सामाजिक विकास मन्त्रालयका अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा प्रमुख डा. चेतराज जोशीले प्रादेशिक अस्पताल बनेसँगै मन्त्रालयले जनशक्ति व्यवस्थापनको तयारी अगाडि बढाएको बताए। स्वीकृत कर्मचारी दरबन्दीमा स्थायी पदपूर्ति नहुँदासम्म करारमा जनशक्ति राख्न लागिएको उनले जानकारी दिए। पूर्ण क्षमतामा प्रादेशिक अस्पताल सञ्चालमा आए त्यहाँका स्थानीयले गाउँमै विशेषज्ञसहितको उपचार सुविधा पाउनेछन्।

'एक-दुई दिनभित्रै मेसु पठाउँदै छौं। मन्त्रालयले अस्पतालका लागि थप बजेट पनि निकासा गर्दै छ,' डा. जोशीले भने, 'करारमा कर्मचारी व्यवस्थापन गरेर सेवा विस्तार गर्दै जाने हो।' औपचारिक रूपमा प्रादेशिक अस्पताल भइसकेको र यसै वर्ष पूर्ण क्षमतामा अस्पताल सञ्चालन गरिने मन्त्रालयले जनाएको छ। निर्वाचन आचारसंहिताका कारण करारमा जनशक्ति व्यवस्थापनमा उल्झन आए निर्वाचनलगत्तै गर्ने मन्त्रालयको योजना छ।

सरकारले चालू वर्षको बजेटमार्फत कैलालीको लम्की र डडेल्धुराको जोगबुडा आधारभूत अस्पताललाई प्रादेशिक अस्पताल बनाउने घोषणा गरेको थियो। लम्की अस्पताललाई पनि प्रादेशिक अस्पताल बनाउने तयारी छ। प्रदेश सरकारले जोगबुडा अस्पतालको संगठन तथा व्यवस्थापन सर्भेक्षण यसअघि नै स्वीकृत गरिसकेको छ। त्यहाँ अब ११औं तहका चिकित्सक अस्पताल प्रमुख रहनेछन्। त्यस्तै, नर्वौं र दर्सौं तहका १० जना चिकित्सकसहित १४६ जनाको दरबन्दी प्रदेश मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको छ। यो अस्पतालमा अहिले विशेषज्ञ उपचार सुविधा छैन। स्तरीय स्वास्थ्य उपचार सुविधाका लागि स्थानीय डुंगामा महाकाली नदी तरेर सीमावर्ती भारतीय बजार तथा कैलाली, कञ्चनपुरका अस्पताल पुग्नुपर्ने बाध्यता छ। परशुराम नगरपालिकाका प्रमुख भरत बडायर जोशीले प्रादेशिक अस्पताल सञ्चालन भएसँगै उपचार सुविधामा ठुलो राहत पुग्ने बताए। उनले जतिसक्दो चाँडो जनशक्ति व्यवस्थापन गरेर विशेषज्ञ सेवा सुरु गर्न प्रदेशलाई आग्रह गरिएको बताए।



सदरमुकाममा संघ सरकारअन्तर्गत केही विशेषज्ञ सुविधा भएको डडेल्धुरा अस्पताल सञ्चालनमा छ। तर, भित्री मधेश पर्ने परशुरामबाट भौगोलिक रूपमा त्यहाँ टाढा पर्छ। आधारभूत अस्पतालमा शल्यक्रिया सुविधा नभएकाले प्रसूतिका क्रममा शल्यक्रिया गर्नुपरेको अवस्थामा धनगढी पठाउने गरिएको छ।

जोगबुडा सुदूरपश्चिम प्रदेश सरकारअन्तर्गत चौथो प्रादेशिक अस्पताल हो। दातृनिकायको सहयोगबाट सञ्चालन हुँदै आएको अछामको बयलपाटा अस्पताललाई प्रदेशले गत भदौबाट प्रादेशिक अस्पतालका रूपमा सञ्चालन गरिरहेको छ। मुलुक संघीय संरचनामा गएपछि गठन भएको प्रदेश सरकारले धनगढीस्थित सेती र कञ्चनपुरको महाकालीलाई प्रादेशिक अस्पतालका रूपमा लिएको थियो। सुदूरपश्चिमका पहाडी जिल्ला डोटी, बैतडी, दार्चुला, बझाङ र बाजुरा जिल्ला अस्पतालमा अहिले पनि आधारभूत तहको सुविधा छ।

दमक अस्पताल नौ महिनादेखि व्यवस्थापन समितिविहीन

झापामा **चिरञ्जीवी घिमिरे**

जनप्रतिनिधिको बेवास्ता र चलखेलका कारण नौ महिनासम्म पनि दमक अस्पतालको व्यवस्थापन समिति गठन हुन सकेको छैन। १५ शय्याको सरकारी अस्पताल दमक नगरपालिकामातहत छ। झापाको माई पश्चिम क्षेत्रको ठुलो अस्पतालका रूपमा रहेको दमक अस्पतालमा इलामको चुलाचुली, माडसेबुङ, फाकफोकथुमलगायतका स्थानीय पनि सेवा लिन आउने गरेका छन्। अस्पतालको कमजोर व्यवस्थापनका कारण नागरिकले सास्ती धेरै पाउने गरेका छन्। अत्यधिक भिडका कारण नागरिक घन्टौं लाइन बस्नुपर्ने बाध्यता छ।

नगर प्रमुख थापा बनाउन चाहँदैनन् समिति, आफैं अध्यक्ष हुन लबिङ

नगर कार्यपालिकाले व्यवस्थापन समिति गठन गर्ने कानुनी व्यवस्था छ। दमक नगरपालिकाले बनाएको स्वास्थ्य तथा सरसफाइ ऐनअनुसार स्वास्थ्य संस्था व्यवस्थापन समिति कार्यपालिकाले बनाउने व्यवस्था छ। समितिले दमक अस्पतालको व्यवस्थापन गर्ने उल्लेख छ। यो समिति दमक नगरपालिकाका प्रमुख रामकुमार थापाको संयोजकत्वमा ७ चैत ०७९ मा बनेको थियो। यसको दुई वर्ष कार्यकाल ६ चैत ०८१ मा सकिएको छ। नगर प्रमुख थापा फेरि आफैं अध्यक्ष बन्ने दाउमा रहेका कारण अस्पताललले नयाँ समिति पाउन नसकेको हो।

नगर प्रमुख आफैं अध्यक्ष बन्ने धुनमा रहँदा कार्यपालिका बैठकमा प्रस्ताव नै नआएको दमक नगरपालिकाका प्रवक्ता तथा दमक- ८ का वडाध्यक्ष धर्मप्रसाद दाहाल बताउँछन्। नगर प्रमुख थापा ओम मेची अस्पतालका सञ्चालकसमेत हुन्। प्रसूति सेवा दिने उनको अस्पतालमा आधाभन्दा धेरै बिरामी रेफर गरेको तथ्य यसअघि नै नयाँ पत्रिकाले सार्वजनिक गरिसकेको छ। नगर प्रमुख थापा कार्यपालिकाले बनाउने अस्पतालको उपसमितिमा पनि आफैं संयोजक बस्छन्। दमक अस्पताल स्तरोन्नति समितिको संयोजक पनि उनी आफैं छन्। आफू बाहिर जाँदा अन्य जनप्रतिनिधिलाई कार्यवाहक नगर प्रमुखको जिम्मा दिँदा पनि दमक अस्पतालबारे कुनै निर्णय र पत्राचार नगर्न उनले पत्र लेख्दै आएका छन्।

कांग्रेस विवाद र शेखरको मौनता

पुरानो लोकतान्त्रिक दल कांग्रेसका नेताले दलीय सहमति अर्थात् महाधिवेशनकै फेरोमा नेतृत्व हस्तान्तरण गर्नु गज्जब हुन्छ



● सादेशमणि पोखरेल

अग्रलेख

गत असोजको पहिलो सातायता नेपाली कांग्रेसका आन्तरिक जीवनमा दुईचार कुरा हटकेक बने । जसमा दुई कुरा थप प्रबल बने, पहिलो कांग्रेसको विशेष महाधिवेशन (जुन यही पुस २७ र २८ का लागि आह्वान भइसकेको छ) र दोस्रो कांग्रेस नेता डा. शेखर कोइरालाको मौन राजनीतिक सक्रियता । एकातर्फ महाधिवेशन हुने कि नहुने, अर्कातर्फ विशेष हुने कि नियमित हुने भन्ने आशंकाले मामिला थप पेचिलो बन्न पुग्यो । महाधिवेशन हुने या नहुने संशयमा कांग्रेसी वृत्तमा आलोचनात्मक विश्लेषणसहित व्याख्या हुनु त्यति अस्वाभाविक भएन, जति चर्चा शेखरको शक्ति सञ्चयबारे दोबाटा, चोक, गल्ली तथा भिडमा हुन थाल्यो ।

कांग्रेसको एक बलियो वृत्तले शेखरलाई 'पोलिटिकल स्टक'मा विश्वास गर्ने पात्र ठान्छ । वाचाल नेता गगन थापाको बेगलाई 'डिस्मेन्टल' (फिका) गर्न सक्ने पात्रका रूपमा शेखरलाई उभ्याउन सकिने धेरै ठोस आधार हुन सक्छन् । यसैकारण एउटा ठुलै समूह सर्मथनमा उभिएको हुन सक्छ । भनिन्छ, कार्यकर्तामा आधारितभन्दा सामूहिकतामा आधारित निर्णय पार्टी निर्माणमा व्यावहारिक हुन्छ । यही निर्णयले कांग्रेसको आगामी आधारशिला निर्माण गर्ने लगभग पक्का छ ।


दलीय हिसाबमा चुनावबाटै जनाधिकार तथा जनताका म्यान्डेट तय गर्न नसक्ने दल केवल नेता र खेमा विशेषमा रुमल्लिनु स्वाभाविक हो । आन्तरिक विवादलाई सहज निकास दिन नसक्नु भनेको 'घरको न घाटको' अवस्थामा पुग्नु हो । यसलाई कांग्रेस वृत्तले स्पष्ट बुझेको छ । यसबाट कांग्रेसमा भनिएको प्रजातान्त्रिक पद्धति सबल बन्नुभन्दा पनि फिका बन्ने संकेत देखिन्छ । के यो 'डिजिटलाइज्ड' कांग्रेसको मर्मअनुसार छ त ? कांग्रेसभन्दा पछाडि स्वतन्त्रताको अभ्यास गरेका एमाले, तत्कालीन माओवादी, रास्वपा तथा राप्रपासमेतले एजेन्डाका हिसाबले लोकतान्त्रिक पद्धति अपनाइसकेको वर्तमानमा कांग्रेसले यस्ता 'म्याटर'मा अल्झिनुभन्दा दलीय सहमति अर्थात् महाधिवेशनकै फेरोमा नेतृत्व हस्तान्तरण गर्नु गज्जब हुन्छ । यसैको जगमा के शेखर बन्न सक्लान् त 'डिफ्याक्टो लिडर' ?

कांग्रेसको 'क्याटवाक' : व्यक्तिगत 'क्याटवाक' सहज होला, तर दिगो नहुन सक्छ । दिगोपनासहितको क्याटवाकले खास महत्त्व राख्छ । हो, वर्तमानमा कांग्रेसकेन्द्रित किशोर तथा युवाले दिगो मेलोमा ध्यान दिनु जरुरी छ । दिगो मेलोद्वारा सिर्जित लिडरसिपको उचित निकासबाट सर्वप्रथमतः मुलुकको 'प्याराडाइम सिफ्ट' (प्रतिमान परिवर्तन) हुन्छ । वर्गीय हिसाबमा युवाले यता व्यक्तिगत रूपमा एक दिशागत शक्तिकेन्द्रित मेलो खोजेको आभास हुन्छ, त्यो पनि वर्तमान संक्रमणकालमा । तर, मुलुकले खोजेको 'मल्टिडिरेक्सनल' (बहुदिशागत) मेलो हो, जुन वर्तमान समयको मागसमेत हो । यसो भन्दै गर्दा नियमित महाधिवेशन हुन नसकेको अवस्थामा घोषणा नै भइसकेको विशेष महाधिवेशन सफल पार्नुको विकल्प छैन । 'क्याटवाक'लाई भने राजनीतिमा फेसन कम, व्यावहारिकता बढी भएको आयामका रूपमा हेरिन्छ ।

पोलिटिकल क्याटवाक वाक्यांशमा जति सहज छ, व्यवहारमा त्यति सहज नरहेका उदाहरणमा ब्राजिलका पूर्वराष्ट्रपति जैर बोल्सनारो, इटलीका पूर्वप्रधानमन्त्री सिल्भियो बेर्ल्सुकोनी, पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान तथा क्यानडाका युवा नेता तथा पूर्वप्रधानमन्त्री जस्टिन ट्रुडोको विश्वव्यापी लयले अंकित गरिसकेको छ । यसैबाट पनि राजनीतिक वृत्तिको ऐतिहासिक फेहरिस्त लगभग स्पष्ट हुन्छ । तसर्थ मेलो लाग्नेभन्दा मेलो लगाउनेको ओज वृद्धि भएको पाइन्छ । एकपटक यसतर्फ पनि जोड दिनु युवावर्गको आवश्यकतासमेत हो ।

इतिहासको विकास हेतु निर्माण भएका नेपाली राजनीतिक भाष्य त्यहाँ झन्चापझुरुप हुन्छन्, जहाँ दण्डहीनता र अधैर्यको विकास हुन्छ । हो, यही दौडमा देखिए कांग्रेसलगायत दल । लोकतान्त्रिक गणतन्त्रमा विश्वास गर्ने नेपाली दल यसका सिकार हुने भए भन्नेमा भय निर्माण भइसकेको छ, यसका निम्ति धेरै पर पुग्नुपर्दैन, वर्तमानमा खस्किएको कांग्रेसको क्रियाशील सदस्यता र एमालेका संगठित सदस्यको संख्या हेर्दा लगभग स्पष्ट हुन्छ । तर, कालान्तरमा यसको निरंकुश सामाजिक न्याय शिक्षित नेपाली जनमानसले गर्नेछ, जसलाई दधिची, दुर्वासा, चाणक्य, मार्क्स हुँदै हिटलरसम्मका समाज विज्ञान घोकाइयो, तर कांग्रेसजनलाई बिपी सिकाउन पाइलापाइलामा चुक्यो कांग्रेस । तर, घोकाइतन्त्रमा लत बसेका मानव संशाधनको उपयोग गर्नु र बोकेको कुकुरले सिकार गर्नु उस्तैउस्तै हो । यसैबाट सुरु हुन्छ, कांग्रेसको सैद्धान्तिक क्षयीकरण, जसमा जोसिला युवा बेतालमा क्याटवाक गर्न निस्कन्छन् ।

यतिखेर पनि सम्भाव्यतामा बाँच्नु कांग्रेसका लागि दुर्भाग्य हो । दुर्भाग्यको आधारविन्दु भन्नाले व्यक्तिगत राजनीतिक स्वार्थ तथा लाभसमेत हो । वर्तमानमा जेन-जी विद्रोहले छेडेको परिवर्तनलाई पुरातनवादी भनिएका नेता शेरबहादुर देउवाले समेत स्वीकार गरी आफूले 'फ्रुटफुल एक्जिट' चाहेको बताइरहँदा पनि कांग्रेस अनिर्णयको बन्दी बन्नु भनेको दल थप कमजोर, रुढिवाद र संकुचनमा जानु हो ।



जेन-जी विद्रोहले छेडेको परिवर्तनलाई 'पुरातनवादी' भनिएका नेता शेरबहादुर देउवाले समेत स्वीकार गरी आफूले 'फ्रुटफुल एक्जिट' चाहेको बताइरहँदा पनि कांग्रेस अनिर्णयको बन्दी बन्नु भनेको दल थप कमजोर बन्नु तथा रुढिवाद र संकुचनमा जानु हो

इतर मानिएका नेता शेखर कोइरालाको मौनता वर्तमानमा सार्थकसमेत देखिन्छ । सार्थक यस मानेमा कि उनी केवल केन्द्रीय सदस्यमा सीमित पात्र हुनु, जसको काम, कर्तव्य र अधिकारको दायरा पनि सीमित नै छ ।

यसर्थ, क्याटवाकलाई दिगो, सन्तुलित एवं सन्तुलित बनाउन कांग्रेसका वैकल्पिक दुई शक्ति एकजुट भएर अघि बढ्दा हेगेलले भनेझैं 'राजनीति र इतिहासमा समान तथा विपरीत शक्ति संयोजनले न्याय पाउनेछ ।'

राजनीतिका सापेक्षिक मोडलाई वर्तमानमा नजरअन्दाज गर्दै रणनीतिक कार्यदिशा तथा बिपीको मार्गदर्शनलाई यथारूप दिन सक्नु कालान्तरमा शेखर-गगनले 'विन-विन पोलिसी' (जितमाथि जित नीति) मा रहेर जोखिमरहित र मर्यादित राजनीतिक संस्कृतिको विकास गर्नु हो । जसको गुन कांग्रेस वृत्तले कहिल्यै बिर्सनेछैन । तर, 'जिरो सम गेम' (शून्य प्राप्ति खेल) को अवस्था सिर्जना हुनु भनेको पोलिटिकल क्याटवाक निरर्थक बन्नु हो ।

मौनताको पथ : सन् १९६३ को अगस्टमा अमेरिकी अभियन्ता तथा नेता मार्टिन लुथर किङको सुप्रसिद्ध भाषण आई ह्याभ अ ड्रिम (मेरो एक सपना छ) ले तहल्का पिट्यो । भनिन्छ, यसैकै प्रतिबिम्बस्वरूप अमेरिकामा सन् १९६४ मा नागरिक अधिकार तथा सन् १९६५ मा मताधिकारसम्बन्धी कानुन निर्माण गरियो । जसका आधारभूत मागमा स्वतन्त्रता, समाजिक न्याय तथा समानता थिए । नेपालका सन्दर्भमा यी दुवै प्रकारका अधिकार सन् १९४८ र १९५५ मै प्राप्त भई उपयोगसमेत भइसकेका थिए । हो, यही अमेरिकी प्रवृत्ति, जसमा लुथर किङ सापेक्षिक रूपमा बलियो भएका थिए, यही 'पोलिटिकल कल्चर'को ब्याज आजसम्म अमेरिकाले खाइरहेको छ । त्यस्तो प्रवृत्तिको विकास कांग्रेसले गर्न सक्यो भने हजारौं वर्षसम्म उसले सोचेको प्रजातान्त्रिक ब्याज उपभोग गर्न अप्ठ्यारो हुनेछैन ।

मौनता, विश्व राजनीतिलगायत विचार विज्ञानको निर्णायक पथ हो भन्नेमा दुईमत छैन । मौनताका विभिन्न स्वरूपमध्ये राजनीतिक मौनता त्यो स्वरूप हो, जसले नेतृत्वको तहमा कायाकल्पसमेत ल्याइदिन सक्छ । उदाहरणका रूपमा सिंगापुरका नेता ली क्वान यू तथा वर्तमान चिनियाँ राष्ट्रपति सी जिनपिङलाई लिन सकिन्छ ।

सन् २०२२ मा रुटलेजले प्रकाशन गरेको सोफिया डिङ्ली तथा थोमस कुकले सम्पादन गरेको पुस्तक 'राजनीतिक मौनता : अर्थ, कार्य र अस्पष्टता'ले थोरबहुत रूपमा यसका सफलता र यससँग जोडिएका चुनौतीबारे बताएको छ । यसमा सांकेतिक, रणनीतिक तथा घर्षणसहितको शक्ति सन्तुलन, जसमा शक्ति, संस्था तथा राजनीतिक संग्लग्नताबारे उल्लेख भएको छ ।

वर्तमानमा शेखरको मौनताले राजनीतिक संयमता, तत्कालमा देखिएको द्वन्द्वको व्यवस्थापन, धारणा तथा अभिव्यक्तिका लागि 'प्लेटफर्म' निर्माण भएको देखिन्छ, जुन प्रजातान्त्रिक भनिएको पार्टीको विशेषतासमेत हो । तर, यसै मौनताले निम्त्याएका चुनौतीको चाङ पनि सानो छैन । यसका अवयवका रूपमा तत्कालमा आह्वान भएको विशेष महाधिवेशनको बहस र नवआयामलाई लिन सकिन्छ । यसबाट उम्कन शेखरले वर्तमानमा रही विगतको सुनौलो इतिहासलाई मनन गरेर भविष्यको कार्यदिशासमेत कोर्नुपर्ने चुनौतीका ठेली छन् । दोस्रो हिसाबमा उनलाई 'लिगेसी वेस्ड पोलिटिकल क्याडर'को 'ट्याग'समेत लाग्ने गरेको छ । उनी सफलतामा 'लिडर' बन्नका लागि संकटमा संकुचन र सहजतामा प्रस्फुटनकारी बन्नु आवश्यक छैन । हो, यसैबाट सुरु हुन्छ, उनको 'डिग्निटी बेस्ड पोलिटिक्स' (मार्यादामा आधारित राजनीति) को आधारशिला । अर्कातर्फ यस मौनताले निम्त्याएका अपत्यारिता तथ्यलाई उनले सीधा हिसाबमा स्वीकार गरि तदनुसार कार्यदिशा तय गर्नु आवश्यक छ । सो नभएको खण्डमा संस्थापन पक्षकै दोस्रो वरीयताका प्रथम नेता वा पूर्णबहादुर खड्काको प्रबलतामाथि सबैको सहमतीय बिन्दु बन्न सक्ने आधार देखिन्छ ।

समीकरण अ-समीकरण : वर्तमानमा शेखर-गगन दुवैलाई 'फरक कोणले किन हेर्नुपर्छ र हेर्न सक्नुपर्छ' भन्ने प्रश्नलाई कांग्रेस वृत्तले खास हिसाबले मनन गरेको पाइन्छ । तर, दुवैलाई गराइका हिसाबले समानान्तर अंक दिन सक्ने ठोस आधार नै पाइएको छैन । यसो भन्दैमा दुवै नेतालाई नजरअन्दाज भने गर्न लागिएको होइन, त्याग र बलिदानका हिसाबले । भय यति मात्र हो कि कांग्रेस प्रजा (तान्त्रिक) हरूकै भरमा चल्ने भयो । शेखर-गगनबिच बढ्दो असन्तुलनले विद्यमान पार्टी प्रणालीको 'बेन्चमार्क' नै नाघ्ने अवस्था निम्तिएको विश्लेषकको भनाइ छ । जसबाट बिस्तारै निर्माण एवं संस्थागत हुँदै गरेको डेमोक्रेटिक स्ट्रेन्थ (लोकतान्त्रिक सबलता) बिस्तारै क्षयीकरणको विन्दुमा पुग्ने आशंकासमेत गर्न थालिएको छ ।

वर्तमानमा समेत संस्थापन र गगन पक्ष दुवैले एक-एक कदम पछाडि हट्न सकेको अवस्थामा लगभग समस्या समाधान निश्चित छ । कुरो रह्यो, २१ फागुनमा हुने चुनावका सन्दर्भ । तोकिएको चुनाव घोषित मितिमै भए पनि या ६ महिनापछि भए पनि अथवा एकै वर्षपछि भए पनि चुनाव त भएरै छाड्छ । तर, चुनाव तथा टिकट बाँडफाँडलाई लिएर एउटा संस्थालाई नै अनिर्णयको बन्दी बनाउनु किञ्चित लोकतान्त्रिक पद्धतिको अभ्यास होइन ।

सजातीय नेताबिचको असन्तुलन तब पैदा हुन्छ, जब अहंकार, शक्ति संघर्ष तथा आपसी विश्वासमा खाडल पैदा हुन्छ । यसबाट डरलाग्दो भय कहाँ निम्तिन्छ कि अनुयायी अनुयायीबिच समेत चरम ध्रुवीयता बढ्छ, जसमा मध्यस्थकर्तासमेतले सहजीकारण गर्न सक्दैनन् । चुनावकै मेसोमा यतिको शक्ति संघर्षको अभ्यास भएको हो भने चुनावमा हार स्वीकार गरी कांग्रेस पाँच वर्ष जनतामाझ भिज्न सक्नु बरु उचित हुन्छ ।

(पोखरेल त्रिभुवन विश्वविद्यालयअन्तर्गतको सिन्धुली बहुमुखी क्याम्पसका उपप्राध्यापक हुन्)

---

३ प्रश्न



कांग्रेस केन्द्रीय सदस्य **प्रकाश स्नेही**लाई

महाधिवेशन प्रतिनिधिहरूबाटै विशेष महाधिवेशन आह्वान भयो । यसले वैधानिकता पाउँछ त ?

लोकतन्त्रमा पार्टी विधानको सर्वोच्चता व्यक्तिभन्दा माथि हुन्छ । त्यसकारण विधानलाई स्थापित गरी त्यसको सर्वोच्चता कायम गर्न र कांग्रेसको लामो इतिहास जोगाउन विशेष महाधिवेशन आयोजना गरिएको हो । योभन्दा ठुलो न पार्टी सभापति, न पार्टी पदाधिकारी न केन्द्रीय समितिको बहुमत नै हुन्छ । हाम्रो पार्टीको विधानअनुसार सबैभन्दा ठुला महाधिवेशन प्रतिनिधि हुन् । उनीहरू केन्द्रीय समिति र महाधिवेशनका जन्मदाता हुन् । त्यसैले, वैधानिक रूपमै साढे ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिका तर्फबाट सिधै विशेष महाधिवेशन आह्वान भएको हो ।

विशेष महाधिवेशनको औचित्य छैन भन्दै संस्थापन पक्षले सहभागी नहुन चेतावनी दिएको छ नि ?

पार्टी विधानमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन बोलाउन सक्ने वैधानिक व्यवस्था छ । पार्टी नेतृत्वमाथि प्रश्न खडा भयो, महाधिवेशन प्रतिनिधिले अविश्वास गरे वा सभापतिले राजीनामा दिनुभयो भने त्यो वेला नेतृत्व परिवर्तन गर्ने र राजनीतिक एजेन्डामा बहस गर्ने थलो हो, विशेष महाधिवेशन । त्यसकारण विशेष महाधिवेशन रोक्ने अधिकार कसैलाई छैन । आफ्नो जन्मदाता संस्थाले गरेको निर्णय नमान्नु लोकतान्त्रिक आचरण र चरित्र होइन । कि कांग्रेसभित्र लोकतान्त्रिक चरित्र, लोकतान्त्रिक आत्मा र विधानको सर्वोच्चतालाई भन्दा व्यक्तिको सर्वोच्चतालाई मान्नुपर्ने हो ?

दुवै पक्षले अडान कायम राख्दा पार्टी त विभाजनतर्फ जाने भयो नि, होइन ?

बहुमतले कहिल्यै पार्टी विभाजन गर्दैन । बहुमतले आफ्नो बाटो तय गरेर जान्छ । केन्द्रीय समितिको बहुमतभन्दा महासमितिको बहुमत ठुलो हो, महासमितिको बहुमतभन्दा महाधिवेशनको बहुमत ठुलो हो । अहिले विशेष महाधिवेशन पक्षधरले नयाँ नीति, नयाँ विचार, दृष्टिकोण र नयाँ नेतृत्व खोजेका हुन् । जेनजी पुस्ताले पनि त्यही खोजेका छन् । हामीले कांग्रेसलाई विघटनको बाटोबाट जोगाउन विशेष महाधिवेशन भनेका हौं । तर, त्यो बाटामा हिँड्दै गर्दा जुन विभाजनको आरोप लागेको छ, हामी विष पिएरै भए पनि विघटन र विभाजनको बाटोबाट पार्टीलाई जोगाउँछौं ।

प्रेरक प्रसंग

आइन्सटाइन र पेपर क्लिप

महान् वैज्ञानिक अल्बर्ट आइनस्टाइन आफ्ना साधारणदेखि महत्त्वपूर्ण कुनै पनि काममा अत्यन्त गम्भीरतापूर्वक खटिन्थे र सफलता प्राप्त नगरुन्जेल त्यसबाट विश्राम लिँदैनथे । एकपटक आइनस्टाइन एउटा शोधपत्र लेख्दै थिए । केही समयको अथक मिहिनेतपछि उनले त्यसलाई पूर्णता दिए । शोधपत्रको पूर्णतापछि उनले जब त्यसलाई च्याप्न क्लिप खोजे, तर कतै भेटेनन् । उनले सम्भाव्य सबै ठाउँमा खोजे, तर कतै पनि पेपर क्लिप भेटेनन् । तैपनि, निराश नभई उनले खोजी कार्य जारी राखे । खोज्दै जाँदा उनले कोठाको कुनामा बिग्रेर फालिएको एउटा थोत्रो क्लिप भेटे ।



कागज च्याप्न नमिल्ने गरी बिग्रेको पेपर क्लिप भेटेपछि आइनस्टाइन खुसी भए । उनी सोही क्लिप बनाउन लागिपरे । उनी पेपर क्लिप मर्मतमा जुटिरहेकै समयमा उनका सहयोगी आइपुगे । आइनस्टाइन एउटा बिग्रेको सामान्य क्लिप मर्मतमा दत्तचित्त भई लागेको देख्दा उनी छक्क परे ।

कोठाको एउटा कुनामा राखिएको दराजबाट एक बट्टा पेपर क्लिप निकालेर आइनस्टाइनलाई दिँदै सहयोगीले भने- महाशय, हामीसित प्रशस्तै पेपर क्लिप छन् । हजुर बेकारमा त्यो थोत्रो क्लिप मर्मतमा आफ्नो ऊर्जा खेर फालिरहनुभएको छ । त्यसलाई फालिदिनुहोस् । यिनै नयाँ क्लिप प्रयोग गर्नुहोस् । आइनस्टाइनले आफ्ना सहयोगीको कुरामा ध्यान दिएनन् । कामको धुनमा सायद उनले सहयोगीको कुरा सुन्दै सुनेनन् कि जस्तो लाग्दै थियो । लगातारको अथक प्रयासपछि उनले क्लिप मर्मतमा सफलता पाइछाडे र त्यसैबाट शोधपत्र च्यापे । अनि, आफ्ना सहयोगीलाई बोलाएर भने- लक्ष्य सानो होस् वा ठुलो, जहिल्यै निरन्तर त्यसमा लागिरहनुपर्छ । कहिल्यै विचलित हुनुहुन्न । अनि मात्र सफलता हात पर्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेता-कार्यकर्ता मर्यादित बनून्

लोकतान्त्रिक प्रणालीमा राजनीतिक नेतृत्वप्रति समर्थन र विरोधको सम्बन्ध स्वाभाविक रूपमा हुन्छ नै । तर, यो सम्बन्ध मर्यादाको दायरामा रहनु भने अनिवार्य छ । लोकतान्त्रिक व्यवस्थामा राजनीतिक नेतृत्वप्रति समर्थन र विरोध दुवै स्वाभाविक प्रक्रिया हुन् । समर्थनले नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थिरता प्रदान गर्छ भने विरोधले जवाफदेहिता र सुधारको मागलाई प्रोत्साहन दिन्छ । यी दुवै पक्षले लोकतन्त्रको जीवन्तता कायम राख्छन् । किनकि, बहुलवाद र विमतिको सम्मान नै लोकतान्त्रिक मूल्यको आधार हो । तथापि, यो समर्थन र विरोध व्यक्तिगत मर्यादा तथा सभ्यताको सीमाभित्र रहनु अनिवार्य छ ।

विरोधका नाममा व्यक्तिगत आक्षेप, अपमानजनक भाषा, दुर्व्यवहार वा पुतला दहनजस्ता अतिवादी अभिव्यक्ति लोकतान्त्रिक संस्कारको विपरीत मात्र होइन, यसले सार्वजनिक बहसलाई नै विषाक्त बनाउँछ, पार्टीभित्रको एकतालाई कमजोर पार्छ र सामाजिक ध्रुवीकरणलाई बढावा दिन्छ । नेपालको सन्दर्भमा, विगतका राजनीतिक आन्दोलन तथा हालैका दलभित्रका घटनाक्रमले देखाएजस्तै, मर्यादाहीन अभिव्यक्तिले संस्थागत विश्वासलाई कमजोर पार्न सक्छन् र लोकतान्त्रिक प्रक्रियालाई नै चुनौती दिन्छन् ।

त्यसैले, जोसुकैप्रति समर्थन होस् वा विरोध, यसलाई तथ्यमा आधारित, नीतिमुखी र सम्मानजनक बनाउनु आवश्यक छ । यसले मात्र स्वस्थ लोकतन्त्रको जग बलियो हुन्छ, दलहरूको आन्तरिक लोकतन्त्र सुदृढ बन्छ र राष्ट्रिय एकताको भावना कायम रहन्छ । मध्यमार्गी दृष्टिकोण अपनाउँदै, विरोधलाई सुधारको माध्यम बनाउन सकिन्छ, तर मर्यादाको दायरा उल्लंघन भएमा यसले थप ध्रुवीकरण र अस्थिरता मात्र निम्त्याउँछ ।

● **सुमनप्रसाद अधिकारी**

तिम्रा कार्यकर्ताले तिम्रै नेतामाथि विरोध गरे । अनि सडकमा यो तहको जात्रा किन ? राज्यविरुद्ध भए सडकमा चक्काजाम गर्नु लोकतान्त्रिक विधि नै मान्न सकिन्छ । सडक के कुनै पार्टीको संस्थापन र इतर पक्षको झगडा गर्ने थलो हो ?

● **ताराजी**

यस्ता नाटक बन्द गर्दा नै उपयुक्त होला । घरबाट खलेटेर सडकमा पुऱ्याउँदा पनि नेतृत्व छोड्न तयार नभएका नेतामाथि अब आफ्नै कार्यकर्ताबाट दुर्व्यवहार भएछ । कार्यकर्ता भएकाले धन्न सडकमा लखेट्नचाहिँ लखेटेनछन् । अहिलेको परिस्थितिमा गगनको विशेष महाधिवेशनको अभियानको विकल्प छैन ।

● **जोग लामा तामाङ**

दुनियाँ हल्लियो तर एमाले-कांग्रेसका झोलेहरू हली बनेर हिँडेपछि कहाँ के थाहा पाउँछन् ? लुट्न एमाले र कांग्रेस नै खप्पिस छन् । ठग्न पनि यिनीहरू नै खप्पिस छन् । अनि, यिनलाई अब पनि भोट हाल्नु त ?

● **करन पाठक**

(नयाँ पत्रिका फेसबुक पेजबाट)

के कांग्रेस-एमाले थलिएकै हुन् ?

विघटित संसद्को सबैभन्दा ठुलो दल कांग्रेस र दोस्रो ठुलो दल एमाले यतिखेर नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट पूरै तर्सेजस्ता देखिन्छन् । यतिखेर उनीहरूमा एक्लाएक्लै चुनावमा जाने हिम्मत नै देखिन्न । उनीहरू निर्वाचनको कुरा उठ्यो कि गठबन्धनको कुरा गरिहाल्छन् । यसले पनि उनीहरू नयाँ र साना दलबाट निकै त्रसित भएको देखिन्छ । के अब कांग्रेस र एमाले एक-अर्काको बैसाखीविना निर्वाचन लड्नै नसक्ने गरी थलिएका हुन् ? के अब उनीहरूमा एक्लै निर्वाचन लडेर पार लगाउने हुती सकिएकै हो ? होइन भने उनीहरू किन यसरी तर्सेर एक-अर्काको बुई चढेर निर्वाचनरूपी वैतरणी पार गर्न खोज्दै छन् ?

● **वन्दना चपाई**
कौशलटार, भक्तपुर

अर्को भेनेजुएला बन्नेछैन इरान

इरान भेनेजुएला होइन, शनिबार काराकसमा जे भयो, त्यो वास्तवमा तेहरानमा हुन सक्दैन



देश / विदेश

● जसिम अल-अज्जाबी

इरानका सुरक्षा बलहरूले शान्तिपूर्ण प्रदर्शनकारीलाई मारेको खण्डमा अमेरिका हतियार चलाउन तयार छ भन्ने राष्ट्रपति डोनाल्ड ट्रम्पको घोषणाले विशेष उत्तेजना निम्त्यायो । २४ घन्टाभन्दा कम समयमा अमेरिकी विशेष बलले काराकासमा आक्रमण गरे, भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई घरबाटै अपहरण गरे र 'लागुऔषध ओसारप्रसार र आतंकवाद'मा मुद्दाको सामना गर्न न्युयोर्क लगे । भेनेजुएलामा उनको प्रशासनले धम्की देखाउँदै ट्रम्पले इस्लामिक गणतन्त्रमाथि मनोवैज्ञानिक दबाब बढाएका छन् । इरानी विदेशमन्त्री अब्बास अराघचीले ट्रम्पको भनाइलाई 'लापरवाह र खतरनाक' भने । स्पष्ट रूपमा इरानी सरकारले पहिल्यै चेतावनी पाएको थियो । यद्यपि, इरान भेनेजुएला होइन । शनिबार काराकसमा जे भयो, त्यो वास्तवमा तेहरानमा हुन सक्दैन ।

भेनेजुएलामा आक्रमण गर्न अनुमति दिने सञ्चालन क्षमताको वास्तविकताले इरानमा यस्तै हस्तक्षेप अमेरिकाका लागि किन सम्भव छैन भनेर प्रकाश पार्छ । सिआइएले काराकसमा ६ महिनादेखि अप्रेसनको तयारी गरिरहेको थियो । गुप्तचर निकायसँग मदुरोनिकट एक व्यक्ति सम्पर्कमा थिए, जसले उनलाई पत्ता लगाउन मद्दत गरे । शनिबार अमेरिकी लडाकु विमानले काराकास र वरपरका सैन्य लक्ष्यमा हवाई आक्रमण गरेपछि मदुरोलाई उनको निवासबाट अपहरण गर्न अमेरिकी विशेष बलको टोली पठाइएको थियो । अप्रेसनको सफलता सुनिश्चित केले गरेको थियो भने भेनेजुएलाको सेना अस्तव्यस्त थियो र मदुरोलाई उनका सहयोगी रुस र चीनले धेरै हदसम्म त्यागेका थिए । ६ महिनाअघि इरानले स्पष्ट पारेको थियो, यो शासन परिवर्तनको सजिलो लक्ष्य होइन । जुनमा इजरायलसँग १२ दिनको द्वन्द्वमा तेहरानका कमजोरी प्रकट भए । तर, यसको लचिलोपन पनि त्यस्तै थियो ।

इजरायलको अचानक आक्रमणले इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी) का केही महत्त्वपूर्ण नेता र इरानी आणविक वैज्ञानिकलाई मारे पनि विभिन्न अधिकारी र उच्च पदस्थ सैन्य अधिकारीलाई मृत्युको धम्की दिने इजरायली मनोचिकित्सा प्रयासका बाबजुद इस्लामिक गणतन्त्र डगमगाएको छैन । बंकर बस्टर बम (बंकर फुटाउने बम) प्रयोग गरेर इरानको भूमिगत आणविक स्थलमा अमेरिकी आक्रमणले पनि शासनलाई हल्लाएन । प्रतिक्रियामा, इजरायलको आइरन डोमलाई छेड्दै र सैन्य लक्ष्यमा प्रहार गर्दै इरानी सेनाले प्रतिशोधमा सयौं क्षेप्यास्त्र प्रहार गर्न सक्षम भयो । यो दृढता बाह्य झट्काबाट इरानी शासनले आफूलाई लागू गरेको एक्लोपनबाट उत्पन्न हुन्छ । निर्माण, दूरसञ्चार र निर्यातमा आइआरजिसीको विशाल व्यापारिक साम्राज्यले यसका शीर्ष कमान्डरलाई यसको वैचारिक आधार जस्तोसुकै भए पनि शासनको अस्तित्वमा ठोस व्यक्तिगत चासो प्रदान गर्छ ।

इरानसँग यस क्षेत्रमा सबैभन्दा ठुलो सेना छ, जसमा दश लाख सक्रिय र आरक्षित सैनिक छन् । आइआरजिसीले मात्र कम्तीमा एक लाख पचास हजार सैनिकको नेतृत्व गर्छ, जसमध्ये धेरैजसो पहिल्यै मध्यपूर्वका युद्धमा परिचालित भइसकेका छन् । त्यसपछि बासिज मिलिसिया छ, जसका आफ्नै लाखौं नियमित र आरक्षित सदस्य छन् । इरानमा आक्रमण भेनेजुएलाजत्तिकै सजिलो हुनेछैन । पहाडी इरानी परिदृश्य र विशाल सहरी क्षेत्रलाई ध्यानमा राखेर यसलाई इराकसँग तुलना गर्न पनि सकिँदैन । यसबाहेक, चिनियाँ र रुसीहरूले भेनेजुएलाभन्दा धेरै महत्त्वपूर्ण साझेदार इरानलाई त्याग्न असम्भव छ । तिनले तेहरानलाई उच्च उन्नत गुप्तचर र हतियारका साथै



राजनीतिक समर्थन र सहयोग प्रदान गर्ने सम्भावना छ । पछिल्ला दिनमा इरानले आर्थिक संकटका कारण ठुला विरोध प्रदर्शन अनुभव गरिरहेको छ । तर, यो अमेरिका र इजरायलले सोचेको अवसर नहुन सक्छ । उथलपुथल २०२२ मा हुने जुलुसको स्तरको नजिक अझै आउन बाँकी छ । विगत केही दिनमा २० प्रदर्शनकारी मारिएका छन् । तर, हामीले शासनमा प्रस्ट दरार देखेका छैनौं । उदाहरणका लागि आइआरजिसीमा त्यस्तो कुनै विद्रोह भएको छैन, जसले सेनालाई अस्थिर बनाएर अन्ततः शासनको पतन निम्त्याउन सकोस् ।

यसबाहेक, इतिहासले देखाउँछ कि बाह्य आक्रमणले समाजलाई टुक्राटुक्रा पार्नुको सट्टा एकताबद्ध गर्छ । यो कुरा वर्षाको मौसममा स्पष्ट भयो, जब इरानी आफ्नो सरकारविरुद्ध इजरायली उक्साहटमा लागेनन् । उनीहरूको दमनकारी रणनीतिका बाबजुद तेहरानका अधिकारीले पनि प्रदर्शनकारीको चिन्तालाई स्वीकार गरेका छन् । शनिबार, इरानका सर्वोच्च नेता अली खामेनीले भने कि 'बजारीको विरोध... वैध छ' र सरकार समस्या समाधान गर्न खोजिरहेको छ ।

निःसन्देह इरानको संकट वास्तविक छ । गम्भीर आर्थिक मन्दी र मुद्रास्फीति, इरानको आणविक योजनामा विवाद र सर्वोच्च नेताको खराब स्वास्थ्य तथा उत्तराधिकारको प्रश्नले शासनमा दरार सिर्जना गर्न सक्छ । तर, यी ढिलो गतिमा चल्ने संकट हुन् र भेनेजुएलाको शासन सञ्चालनमा जस्ता कमजोरी होइनन् । इरानी सरकारले आफ्नो ठोस संस्थागत ढाँचाका कारण चार दशकका प्रतिबन्ध, द्वन्द्व र आन्तरिक उथलपुथल सहन सफल भएको छ, जसले जुनसुकै पीडादायी क्षणलाई सामना गर्न सक्छ । त्यसो भए भेनेजुएलाको जस्तो हस्तक्षेप इरानजस्तो देशमा कसरी गर्न सकिन्छ भन्ने अमेरिकी शक्तिको सीमाको उदाहरण हो । ट्रम्पले भेनेजुएलामा जस्तै खोक्रो बनेका देशका व्यक्तिगत नेतालाई एक्लो पार्न र हटाउन सक्छन् । यद्यपि, उनी र उनका जनरलले इरानजस्तो जटिल देशलाई नियन्त्रण र रूपान्तरण गर्न सक्दैनन् । यस्तो कुनै पनि परियोजनाले निःसन्देह इराकभन्दा धेरै तीव्र र स्थायी क्षेत्रमा अराजकता र रक्तपात निम्त्याउनेछ ।

(अज्जाबी समाचार प्रस्तोता, कार्यक्रम प्रस्तोता र मिडिया प्रशिक्षक हुन्)
अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

National Life

for a secure future....

लाजिम्पाट, काठमाडौं, फोनः ४५१४७९९, वेभः www.nationallife.com.np

३८ (अठ्तिस) औं वार्षिक साधारण सभाको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/०८

यस कम्पनीको मिति २०८२/०९/०७ गते सोमवार अपरान्ह ३:३० बजे सम्पन्न सञ्चालक समितिको ५७० औं बैठकबाट यस कम्पनीको अठ्तिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गर्नका लागि बस्ने निर्णय भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई आफु स्वयं वा रीतपूर्वकको प्रतिनिधी मार्फत उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

सभा हुने मिति, समय र स्थान :

मिति : **२०८२ साल पौष ३० गते बुधबार (तदानुसार १४ जनवरी, २०२६)**

समय : **बिहान १०:३० बजे**

स्थान : **नेशनल लाईफ भवन, केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं ।**

छलफलका विषयहरु :

विषय सूची :

क) साधारण प्रस्ताव :

१. सचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०८१/०८२ को वासलात, आय-व्यय हिसाब, नाफा-नोक्सान हिसाब एवम् लेखापरीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस वमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति एवम् पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे वमोजिम हाल अद्यावधिक रुपमा कायम रहेको चुक्ता पूँजी रु.५,४७,२७,३९,७३६/- मा ८.५ (आठ दशमलव पाँच) (प्रतिशतका दरले रु. ४६,५१,८२,८७८/-नगद लाभांश पारित गर्ने ।
५. संचालक समितिले प्रस्ताव गरे वमोजिम नगद लाभांश र वोनस शेयर वापतको कर प्रयोजनको लागि ०.६५७८९४७४ (सून्य दशमलव छ पाँच सात आठ नौं चार सात चार) प्रतिशतका दरले रु.३,६०,०४,८६७/- नगद लाभांश स्विकृत गर्ने ।

ख) विशेष प्रस्ताव :

१. संचालक समितिले प्रस्ताव गरे वमोजिम कम्पनीको हाल अद्यावधिक रुपमा कायम रहेको चुक्ता पूँजी रु.५,४७,२७,३९,७३६/- मा ४ (चार) प्रतिशतको दरले वोनस शेयरको रुपमा लाभांश रु.२१,८९,०९,५८९/-प्रदान गर्ने प्रस्ताव पारित गर्ने । वोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्वन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।
२. कम्पनीको चुक्ता पूँजी वृद्धि गरी स्वीकृत प्रवन्धपत्रको दफा ८(ग) तथा नियमावलीको नियम ४(ग) थप संशोधन गर्ने सम्वन्धमा ।
३. कम्पनीले प्रवन्धपत्रको दफा ४(५) को हालको लगानी सम्वन्धि व्यवस्था थप परिमार्जन गर्ने सम्वन्धमा ।
४. कम्पनी ऐन २०६३ को दफा १०५(१)ग वमोजिम आ.व.२०८१/०८२ मा भएको खर्च अनुमोदन गर्ने ।
५. संशोधित प्रवन्धपत्र/नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायवाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने सम्वन्धमा ।

ग) विविध ।

साधारण सभा सम्बन्धि सामान्य जानकारी

१. ३८औं वार्षिक साधारण सभाको प्रयोजनको लागि २०८२ साल पौष १७ गते १ दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिने छ । शेयरधनी दर्ता किताव बन्द भएको मिति २०८२ साल पौष १७ गते भन्दा अघिल्लो कार्यरत दिन सम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोवार भई कायम हुन आउने शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाइने हुदाँ सम्वन्धित शेयरधनी तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नु हुन अनुरोध छ ।
२. यस कम्पनीको शेयरधनी दर्ता कितावमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ । सभामा स्वयं उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले कम्पनीको प्रतिनिधिपत्र (प्रोक्सी फारम) मा दस्तखत गरी प्रतिनिधी नियुक्त गर्न सक्नु हुनेछ । यस्तो प्रतिनिधि पत्र २०८२ पौष २५ गते शुक्रवार कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय, लाजिम्पाटमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीले तोकेको ढांचामा हुनु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) को ढांचा यस कम्पनीको सूचना पाटीमा समेत राखिएको छ ।
३. प्रोक्सी दिने शेयरधनी महानुभावले शेयर किन्दाको अवस्थामा आफुले यस कम्पनीमा गरेको सही मिल्नु पर्दछ । अन्यथा प्रोक्सीले मान्यता पाउने छैन ।
४. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर हुनेछ । तर प्रतिनिधि पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अधि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी तोकिएको म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन् । त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर भएको मानिने छ ।
५. प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसंग बाँकि राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने गरी आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वयं आफै साधारण सभामा उपस्थित भएमा, मतदान गरेमा उक्त मुकरर गरिएको प्रोक्सी स्वत: बदर हुने छ ।
६. नाबालक वा मानसिक अवस्था ठिक नभएको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षक जनिई दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नु हुनेछ ।
७. आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन कम्पनीको website (www.nationallife.com.np) मा हेर्न सकिनेछ ।
८. सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय पत्र खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा प्रमाणित फोटो भएको अन्य कुनै परिचय पत्र) सभामा उपस्थित हुन अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ अन्यथा सभा कक्षमा प्रवेश गर्न पाइने छैन ।
९. साधारण सभाको हाजिरी पुस्तिका विहान ९:३० बजे देखि १०:५० बजे सम्म खुल्ला रहने छ ।
१०. सुरक्षाको दृष्टिले शेयरधनी महानुभावहरु सभा स्थल आउंदा झोला, ब्याग जस्ता वस्तुहरु नल्याउन अनुरोध गरिन्छ । सुरक्षाकर्मिले जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।
११. यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय लाजिम्पाटमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

Statement of Financial Position
As At 16th July, 2025 (Ashad End 2082)

Fig in NPR

Particulars	Group		Life Insurance Company	
	Current Year	Previous Year	Current Year	Previous Year
Assets				
Goodwill & Intangible Assets	331,197,043	-	3,602,666	688,725
Property and Equipment	1,174,964,826	-	1,026,886,901	812,074,288
Investment Properties	1,932,580,892	-	1,932,580,892	1,880,020,667
Deferred Tax Assets	62,136,647	-	-	-
Investment in Subsidiaries	-	-	1,812,224,670	-
Investment in Associates	-	-	-	1,130,100,721
Investments	80,288,484,068	-	76,089,817,771	69,024,591,341
Loans	14,233,679,441	-	14,204,281,909	12,538,665,275
Reinsurance Assets	2,592,400,209	-	24,349,103	18,084,686
Current Tax Assets	405,381,916	-	283,653,651	11,987,591
Insurance Receivables	950,199,264	-	-	-
Other Assets	404,311,108	-	65,042,564	115,979,281
Other Financial Assets	4,617,943,782	-	4,462,126,948	2,008,551,046
Cash and Cash Equivalent	5,872,069,458	-	5,413,465,039	2,871,117,677
Total Assets	**112,865,348,652**	**-**	**105,318,032,114**	**90,411,861,298**
Equity & Liabilities				
Equity				
Share Capital	5,472,739,736	-	5,472,739,736	5,011,666,425
Share Application Money Pending Allotment	-	-	-	-
Share Premium	27,848,718	-	27,848,718	27,848,718
Special Reserves	1,391,306,952	-		
Catastrophe Reserves	794,136,939	-	707,539,547	623,524,306
Retained Earnings	1,055,803,309	-	871,056,426	1,706,533,846
Other Equity	436,940,208	-	433,773,451	391,225,856
Total Equity attributable to equity holders	**9,178,775,862**	**-**	**7,512,957,877**	**7,760,799,152**
Non Controlling Interest	1,662,170,401	-		
Total Equity	**10,840,946,262**	**-**	**7,512,957,877**	**7,760,799,152**
Liabilities				
Provisions	257,679,082	-	134,855,191	137,272,394
Gross Insurance Contract Liabilities	97,913,565,914	-	94,587,747,065	79,601,803,021
Deferred Tax Liabilities	1,397,678,582	-	1,385,042,823	1,269,555,958
Insurance Payable	448,048,962	-	358,443,021	420,729,149
Current Tax Liabilities	-	-	-	-
Borrowings	-	-	-	-
Other Liabilities	1,224,716,787	-	615,463,267	551,468,815
Other Financial Liabilities	782,713,063	-	723,522,870	670,232,809
Total Liabilities	**102,024,402,390**	**-**	**97,805,074,237**	**82,651,062,147**
Total Equity and Liabilities	**112,865,348,652**	**-**	**105,318,032,114**	**90,411,861,298**

Statement of Cash Flows
For Period 16th July, 2024 - 16th July, 2025 (For the Year Ended Ashad, 2082)

Fig. in NPR

Particulars	Group		Life Insurance Company	
	Current Year	Previous Year	Current Year	Previous Year
Cash Flow From Operating Activities:				
Cash Received				
Gross Premium Received	25,781,876,333		22,593,781,419	20,491,216,462
Commission / Reinsurance Commission Received	(1,682,893)		-	5,102,956
Claim Recovery Received from Reinsurers	1,929,524,082		133,010,057	110,444,979
Realised Foreign Exchange Income other than on Cash and Cash Equivalents	-		-	-
Other Direct Income	89,824,172		105,423,983	85,693,541
Others (Other Income)	1,863,601		1,413,887	1,629,115
Cash Paid				
Gross Benefits and Claims Paid	(11,912,508,966)		(9,486,564,747)	(8,328,213,067)
Reinsurance Premium Paid	(370,043,093)		(411,685,789)	(205,111,706)
Commission Paid	(2,389,518,389)		(2,294,756,358)	(1,801,268,074)
Service Fees Paid	(174,974,338)		(151,063,626)	(134,759,374)
Employee Benefits Expenses Paid	(919,565,521)		(589,665,403)	(426,916,297)
Other Expenses Paid	(1,134,337,164)		(1,143,614,869)	(853,157,769)
Others (CSR Reserve Utilised)	(7,025,500)		(7,025,500)	(5,676,242)
Income Tax Paid	(1,003,984,141)		(1,045,526,649)	(823,760,955)
Net Cash Flow From Operating Activities [1]	**9,889,448,184**	**-**	**7,703,726,406**	**8,115,223,570**
Cash Flow From Investing Activities				
Acquisitions of Intangible Assets	(3,825,900)		(3,425,900)	-
Proceeds From Sale of Intangible Assets	-		-	-
Acquisitions of Investment Properties	-		-	(560,456,000)
Proceeds From Sale of Investment Properties	-		-	-
Acquisitions of Property and Equipment	(193,249,234)		(111,000,018)	(234,062,181)
Proceeds From Sale of Property and Equipment	-		-	-
Investment in Subsidiaries	(595,460,078)		(595,460,078)	-
Receipts from Sale of Investments in Subsidiaries	-			-
Investment in Associates	-		-	-
Receipts from Sale of Investments in Associates	-		-	-
Purchase of Equity Instruments	(1,150,882,812)		(1,127,499,489)	(226,420,189)
Proceeds from Sale of Equity Instruments	350,723,073		327,591,441	55,103,132
Purchase of Mutual Funds	(565,861,802)		(565,861,802)	(360,528,422)
Proceeds from Sale of Mutual Funds	26,141,296		26,141,296	8,790,878
Purchase of Preference Shares	-		-	-
Proceeds from Sale of Preference Shares	-		-	-
Purchase of Debentures	(966,934,000)		(966,934,000)	(1,180,175,000)
Proceeds from Sale of Debentures	200,000,000		200,000,000	239,053,000
Purchase of Bonds	-		-	-
Proceeds from Sale of Bonds	-		-	-
Investments in Deposits	(18,182,818,167)		(16,125,600,000)	(22,326,309,336)
Maturity of Deposits	11,609,100,000		11,609,100,000	13,927,309,337
Loans Paid	-		-	-
Proceeds from Loans	(13,369,415)		-	-
Rental Income Received	37,727,791		37,727,791	38,883,817
Proceeds from Finance Lease	-		-	-
Interest Income Received	6,877,289,829		6,716,442,060	6,305,201,684
Dividend Received	55,418,604		51,061,164	16,487,854
Others (Loans Against Insurance Policies)	(1,678,611,268)		(1,678,611,268)	(2,424,053,993)
Others (Other Loans & Advances)	(1,953,212,828)		(1,953,212,828)	(36,560,609)
Total Cash Flow From Investing Activities [2]	**(6,147,824,913)**	**-**	**(4,159,541,632)**	**(6,757,736,029)**
Cash Flow From Financing Activities				
Interest Paid	-		-	-
Proceeds From Borrowings	-		-	-
Repayment of Borrowings	-		-	-
Payment of Finance Lease	-		-	-
Proceeds From Issue of Share Capital	-		-	-
Share Issuance Cost Paid	(1,898,257)		(1,898,257)	(1,140,381)
Dividend Paid	(1,003,232,126)		(999,939,155)	(9,294,782)
Dividend Distribution Tax Paid	-		-	-
Others (to be specified)	-			
Total Cash Flow From Financing Activities [3]	**(1,005,130,383)**	**-**	**(1,001,837,412)**	**(10,435,163)**
Net Increase/(Decrease) In Cash & Cash Equivalents [1+2+3]	**2,736,492,887**	**-**	**2,542,347,362**	**1,347,052,377**
Cash & Cash Equivalents At Beginning of The Year/Period	3,135,576,570		2,871,117,677	1,524,065,300
Effect of Exchange Rate Changes on Cash and Cash Equivalents	-		-	-
Cash & Cash Equivalents At End of The Year/ Period	**5,872,069,458**	**-**	**5,413,465,039**	**2,871,117,677**
Components of Cash & Cash Equivalents				
Cash In Hand	5,671,466		5,564,872	17,864,821
Cheque in Hand	-		-	-
Term Deposit with Banks (with initial maturity upto 3 months)	4,481,367,022		4,481,367,022	652,903,830
Balance With Banks	1,385,030,970		926,533,144	2,200,349,026

Statement of Other Comprehensive Income
For Period 16th July, 2024 - 16th July, 2025 (For the Year Ended Ashad, 2082)

Fig. in NPR

Particulars	Group		Life Insurance Company	
	Current Year	Previous Year	Current Year	Previous Year
Net Profit/(Loss) For the Year	999,277,701		818,165,497	942,891,588
Other Comprehensive Income				
a) Items that are or may be Reclassified to Profit or Loss				
Changes in Fair Value of FVOCI Debt Instruments	-			
Cash Flow Hedge - Effective Portion of Changes in Fair Value	-			
Exchange differences on translation of Foreign Operation	-			
Share of other comprehensive income of associates accounted for using the equity method	-		-	1,656,091
Income Tax Relating to Above Items	-			
Reclassified to Profit or Loss	-			
b) Items that will not be Reclassified to Profit or Loss				
Changes in fair value of FVOCI Equity Instruments	562,881,340		528,827,747	436,018,741
Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets	-			
Remeasurement of Post-Employment Benefit Obligations	(38,374,303)		(29,420,737)	(38,175,953)
Share of other comprehensive income of associates accounted for using the equity method	-			
Income Tax Relating to Above Items	(103,231,816)		(95,701,808)	(98,311,256)
Total Other Comprehensive Income For the Year, Net of Tax	**421,275,221**	**-**	**403,705,202**	**301,187,623**
Total Comprehensive Income For the Year, Net of Tax	**1,420,552,921**	**-**	**1,221,870,698**	**1,244,079,211**
Total Comprehensive Income Attributable to				
Equity Holders of the Life Insurer	1,321,694,222			
Non Controlling Interest	98,858,699			

Statement of Profit or Loss
For Period 16th July, 2024 - 16th July, 2025 (For the Year Ended Ashad, 2082)

Fig. in NPR

Particulars	Group		Life Insurance Company	
	Current Year	Previous Year	Current Year	Previous Year
Income:				
Gross Earned Premiums	25,480,198,303	-	22,593,781,419	20,491,216,462
Premiums Ceded	2,252,995,551	-	349,399,661	429,695,401
Net Earned Premiums	**23,227,202,752**	**-**	**22,244,381,758**	**20,061,521,061**
Commission Income	427,940,103	-	-	5,102,956
Other Direct Income	129,257,231	-	105,423,983	85,693,541
Interest Income on Loan to Policyholders	1,360,049,496	-	1,360,049,496	1,238,135,563
Income from Investments and Loans	6,016,136,260	-	5,848,102,945	5,599,327,266
Net Gain/(Loss) on Fair Value Changes	56,004,162	-	21,228,609	16,893,614
Net Realised Gains/(Losses)	24,532,307,47	-	-	-
Other Income	53,852,527	-	5,358,645	8,830,480
Total Income	**31,294,974,840**	**-**	**29,584,545,437**	**27,015,504,481**
Expenses:				
Gross Benefits and Claims Paid	11,912,508,966	-	9,486,564,747	8,328,213,067
Claims Ceded	1,929,524,082	-	133,010,057	110,444,979
Gross Change in Contract Liabilities	14,600,424,342	-	14,430,760,149	13,676,659,548
Change in Contract Liabities Ceded to Reinsurers	134,400,250	-	6,264,418	(5,176,369)
Net Benefits and Claims Paid	**24,449,008,975**	**-**	**23,778,050,421**	**21,899,604,004**
Commission Expenses	2,367,975,769	-	2,276,937,115	1,687,971,606
Service Fees	174,188,673	-	166,832,863	150,461,407
Other Direct expenses	15,847,644	-	-	-
Employee Benefits Expenses	911,499,338	-	547,081,914	502,919,588
Depreciation and Amortization Expenses	118,081,874	-	77,671,557	66,502,871
Impairment Losses	46,447,865	-	52,098	-
Other Operating Expenses	1,266,564,378	-	1,103,297,811	814,123,374
Finance Cost	33,622,239	-	22,810,516	21,252,316
Total Expenses	**29,383,236,755**	**-**	**27,972,734,296**	**25,142,835,167**
Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax	**1,911,738,085**	**-**	**1,611,811,141**	**1,872,669,314**
Share of Net Profit of Associates accounted using Equity Method	-	-	-	7,349,074
Profit Before Tax	**1,911,738,085**	**-**	**1,611,811,141**	**1,880,018,388**
Income Tax Expense	912,460,384	-	793,645,644	937,126,799
Net Profit/(Loss) For The Year	**999,277,701**	**-**	**818,165,497**	**942,891,588**
Profit Attributable to				
Equity Holders of the Life Insurer	909,182,924			
Non Controlling Interest	90,094,776			
Earning Per Share				
Basic EPS	19.18		15.70	18.81
Diluted EPS	19.18		15.70	18.81

Note to Abridged Financials:

» This abridged financial statement is not the complete set of the 38th yearly financial statements of the company. This abridged financial statement only includes the key statements from the complete set of financial statements for the financial year 2024-25.

» The presented abridged financial statements, Directors Report and the financial statements for F.Y. 2024-25 in the opinion of the independent statutory auditor M/s M.B.Shrestha & Co, Chartered Accountants complies with Section 84 of the Companies Act 2063.

» The shareholders can get the complete set of the company's 38th financial statements for the financial year 2024-25 by contacting the Corporate Office, Lazimpat, Kathmandu, within office hours.

Statement of Changes in Equity
For Period 16th July, 2024 - 16th July, 2025 (For the Year Ended Ashad, 2082)
Life Insurance Company

Fig. in NPR

	Ordinary Share Capital	Preference Shares	Share Application Money Pending Allotment	Share Premium	Retained Earnings	Revaluation Reserves	Capital Reserves	Catastrophe Reserve	Corporate Social Responsibility (CSR) Reserves	Insurance Fund	Fair Value Reserves	Actuarial Reserves	Deferred Tax Reserve	Other Reserves	Total
Balance as on Shrawan 1, 2080	5,011,666,425	-	-	27,848,718	867,701,591	-	-	529,129,794	14,521,441		346,963,038	(2,375,153)	-	(1,655,591)	6,793,800,262
Prior period adjustment															
Restated Balance as at Shrawan 1, 2080	5,011,666,425	-	-	27,848,718	867,701,591	-	-	529,129,794	14,521,441		346,963,038	(2,375,153)	-	(1,655,591)	6,793,800,262
Profit/(Loss) For the Year					942,891,588										942,891,588
Other Comprehensive Income for the Year, Net of Tax															-
i) Changes in Fair Value of FVOCI Debt Instruments															-
ii) Gains/ (Losses) on Cash Flow Hedge															-
iii) Exchange differences on translation of Foreign Operation															-
iv) Changes in fair value of FVOCI Equity Instruments											30,789,298				30,789,298
v) Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets															-
vi) Remeasurement of Post-Employment Benefit Obligations												323,327			323,327
vii)Share of other comprehensive income of associates														1,656,091	1,656,091
Transfer to Reserves/ Funds					(103,833,963)				(5,676,242)					-	(109,510,205)
Transfer from Reserves/ Funds					-			94,394,512	9,439,451					(2,759,804)	
Transfer to Deferred Tax Reserves															-
Transfer of Depreciation on Revaluation of Property and Equipment															-
Transfer on Disposal of Revalued Property and Equipment															-
Transfer on Disposal of Equity Instruments Measured at FVTOCI					915,012										915,012
Transfer to Insurance Contract Liabilities															-
Share Issuance Costs					(1,140,381)										(1,140,381)
Contribution by/ Distribution to the owners of the Company															-
i) Bonus Share Issued	-			-	-										-
ii) Share Issue															-
iii) Cash Dividend					-										-
iv) Dividend Distribution Tax															-
v) Others (To be specified)															-
Balance as on Ashadh end, 2081	**5,011,666,425**	**-**	**-**	**27,848,718**	**1,706,533,846**	**-**	**-**	**623,524,306**	**18,284,650**	**-**	**377,752,336**	**(2,051,826)**	**-**	**(2,759,305)**	**7,760,799,151**
Prior period adjustment															-
Restated Balance as at Shrawan 1, 2081	**5,011,666,425**	**-**	**-**	**27,848,718**	**1,706,533,846**	**-**	**-**	**623,524,306**	**18,284,650**	**-**	**377,752,336**	**(2,051,826)**	**-**	**(2,759,305)**	**7,760,799,151**
Restated Balance as at Shrawan 1, 2081	**5,011,666,425**	**-**	**-**	**27,848,718**	**1,706,533,846**	**-**	**-**	**623,524,306**	**18,284,650**	**-**	**377,752,336**	**(2,051,826)**	**-**	**(2,759,305)**	**7,760,799,151**
Profit/(Loss) For the Year					818,165,497										818,165,497
Other Comprehensive Income for the Year, Net of Tax															-
i) Changes in Fair Value of FVOCI Debt Instruments															-
ii) Gains/ (Losses) on Cash Flow Hedge															-
iii) Exchange differences on translation of Foreign Operation															-
iv) Changes in fair value of FVOCI Equity Instruments											39,583,485				39,583,485
v) Revaluation of Property and Equipments/ Goodwill & Intangible Assets															-
vi) Remeasurement of Post-Employment Benefit Obligations												(2,206,555)			(2,206,555)
vii)Share of other comprehensive income of associates														-	-
Transfer to Reserves/ Funds					(92,416,765)				(7,025,500)					-	(99,442,265)
Transfer from Reserves/ Funds					-			84,015,241	8,401,524					3,794,641	96,211,406
Transfer to Deferred Tax Reserves															-
Transfer of Depreciation on Revaluation of Property and Equipment															-
Transfer on Disposal of Revalued Property and Equipment															-
Transfer on Disposal of Equity Instruments Measured at FVTOCI					2,201,853										2,201,853
Transfer to Insurance Contract Liabilities															-
Share Issuance Costs					(1,898,257)										(1,898,257)
Contribution by/ Distribution to the owners of the Company															-
i) Bonus Share Issued	461,073,311				(461,073,311)										0
ii) Share Issue															-
iii) Cash Dividend					(1,100,456,438)										(1,100,456,438)
iv) Dividend Distribution Tax															-
v) Others (To be specified)															-
Balance as on Ashadh End, 2082	**5,472,739,736**	**-**	**-**	**27,848,718**	**871,056,426**	**-**	**-**	**707,539,547**	**19,660,674**	**-**	**417,335,821**	**(4,258,381)**	**-**	**1,035,336**	**7,512,957,877**

GROUP

Particulars	Ordinary Share Capital	Preference Shares	Share Application Money Pending Allotment	" Share Premium "	Special Reserves	Statutory Reserves	Retained Earnings	" Revaluation Reserves "	Capital Reserves	Catastrophe Reserve	" Corporate Social Responsibility (CSR) Reserves "	Insurance Fund	Fair Value Reserves	Actuarial Reserves	Deferred Tax Reserve	Other Reserves	Non-Controlling Interest	Total
Restated Balance as at Shrawan 1, 2081	5,011,666,425	-	-	27,848,718	1,302,134,921	147,955	1,707,850,649	-	-	701,204,496	18,299,446	-	377,752,337	(2,051,826)	-	(2,759,305)	988,283,890	10,130,377,706
Prior Period Adjustments							5,702,568											
Profit/(Loss) For the Year							909,182,924											909,182,924
Other Comprehensive Income for the Year, Net of Tax																		-
i) Changes in Fair Value of FVOCI Debt Instruments																		-
ii) Gains/ (Losses) on Cash Flow Hedge																		-
iii) Exchange differences on translation of Foreign Operation																		-
iv) Changes in fair value of FVOCI Equity Instruments													51,530,851					51,530,851
v) Revaluation of Property and Equipments/ Goodwill & Intangible Assets																		-
vi) Remeasurement of Post-Employment Benefit Obligations														(5,347,825)				(5,347,825)
vii)Share of other comprehensive income of associates																-		-
Transfer to Special Reserve					89,172,030		(44,693,033)											44,478,997
Transfer to Statutory Reserve						1,413,921	(1,413,921)											
Transfer to Reserves/ Funds							(97,845,970)				9,361,426				(7,535,031)	-	538,254,770	442,235,195
Transfer from Reserves/ Funds							-			92,932,444	(7,666,382)					3,794,641		89,060,703
Transfer to Deferred Tax Reserves							7,535,031											7,535,031
Transfer of Depreciation on Revaluation of Property and Equipment																		-
Transfer on Disposal of Revalued Property and Equipment																		-
Transfer on Disposal of Equity Instruments Measured at FVTOCI							7,174,669											7,174,669
Transfer to Insurance Contract Liabilities																		-
Share Issuance Costs							(1,898,257)											(1,898,257)
Share Premium							127,388,836										135,631,741	263,020,577
Contribution by/ Distribution to the owners of the Company																		-
i) Bonus Share Issued	461,073,311			-			(461,073,311)											0
ii) Share Issue																		-
iii) Cash Dividend							(1,100,456,438)											(1,100,456,438)
iv) Dividend Distribution Tax							**(1,650,437)**											**(1,650,437)**
v) Others (To be specified)																		-
Balance as on Ashadh End, 2082	**5,472,739,736**	**-**	**-**	**27,848,718**	**1,391,306,952**	**1,561,876**	**1,055,803,309**	**-**	**-**	**794,136,939**	**19,994,490**	**-**	**429,283,188**	**(7,399,651)**	**(7,535,031)**	**1,035,336**	**1,662,170,401**	**10,840,946,262**

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २४ पुस ०८२

लेखापरीक्षणमा 'आउटसोर्स' गरेर नेपाल भित्रियो चार अर्ब

१० वर्षपछि वार्षिक ६.३३ अर्ब डलर आम्दानी हुने प्रारम्भिक अनुमान

नयाँ पत्रिका



नेपालका चार्टर्ड एकान्टेन्ट, लेखापरीक्षक तथा लेखापरीक्षणसम्बन्धी अध्ययन गरेका विद्यार्थीले आउटसोर्सिङको रूपमा विदेशी कम्पनी तथा संस्थाको लेखापरीक्षण गरेर वार्षिक २९ मिलियन डलर आम्दानी गरेको देखिएको छ। लेखापरीक्षकहरूको नियमनकारी संस्था नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)ले गरेको प्रारम्भिक अध्ययनले वार्षिक दुई करोड ९० लाख डलर हाराहारीमा आम्दानी भइरहेको देखाएको हो। बुधबारको विनिमयदर (प्रतिडलर १४३.९७ रुपैयाँ)अनुसार यो चार अर्ब १७ करोड ५१ लाख रुपैयाँ हो। आइक्यानका अनुसार अहिले नेपालका झन्डै एक हजार लेखापरीक्षक विदेशी लेखापरीक्षकसँगको साझेदारीमा विदेशी कम्पनी तथा संस्थामा आबद्ध छन्। आइक्यानका अध्यक्ष नीलबहादुर सारु मगरले लेखासम्बन्धी आउटसोर्सिङबाट वार्षिक तीन करोड डलर हाराहारीमा आम्दानी भइरहेको बताए। यो रकम औपचारिक माध्यमबाटै नेपाल भित्रिएको उनको भनाइ छ।

'नेपालका परीक्षकले आउटसोर्सिङको रूपमा विदेशी संस्था तथा कम्पनीको लेखापरीक्षणजस्ता काम गरिरहेका छन्। यसमा झन्डै एक हजारजना नेपाली लेखापरीक्षक सक्रिय छन्। त्यसबाट वार्षिक ३० मिलियन डलर हाराहारीमा आम्दानी हुने गरेको छ,' उनले भने, 'औपचारिक प्रणालीबाट यसबापतको रकम भित्रिन्छ। तर, यो सरकारी तथ्यांक होइन। आइक्यानले आउटसोर्सिङमा सक्रिय लेखापरीक्षक तथा फर्मबाट लिएको विवरणका आधारमा तयार गरिएको प्रारम्भिक तथ्यांक हो।'

नेपालका लेखापरीक्षकले आउटसोर्सिङका रूपमा लन्डन, अमेरिका, अस्ट्रेलिया, क्यानडा, जर्मनजस्ता मुलुकका कम्पनी तथा संस्थाको लेखापरीक्षण गरिरहेका छन्। अध्ययनलगायतका लागि बिदेसिएको नेपाली चार्टर्ड एकाउन्टेटले विदेशमै लेखापरीक्षण कम्पनी खोलेर नेपालमा काम दिइरहेका छन्। कतिपय नेपाली परीक्षकले विदेशी लेखापरीक्षकसँग साझेदार गरेर पनि काम गरिरहेका छन्। यस्तै, लेखापरीक्षण तथा आउटसोर्सिङसम्बन्धी बहुराष्ट्रिय कम्पनीले नेपालमै शाखा कार्यालय स्थापना गरेर काम दिइरहेका छन्। अहिले नाओ सिएफओ, एजिके, स्टारलिंक वेल्थजस्ता कम्पनीले नेपालमै शाखा कार्यालय स्थापना गरेर नेपाली लेखापरीक्षकलाई आउटसोर्स गरिरहेका छन्।

आइक्यानले लन्च गऱ्यो जिएआइएन कार्यक्रम

यसैबिच आइक्यानले आउटसोर्सलाई थप विस्तार र व्यावसायिक गर्ने लक्ष्यसहित 'ग्लोबल एकाउन्टिङ इनिसिएटिभ इन नेपाल (जिएआइएन)' परियोजना सार्वजनिक गरेको छ। आइक्यानले बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गरेर उक्त कार्यक्रम सार्वजनिक गरेको हो। बुधबार नै यससम्बन्धी वेबसाइट सार्वजनिक पनि गरिएको छ। यसमार्फत विश्वबजारमा नेपाली लेखापरीक्षकमार्फत लेखापरीक्षणको सेवा दिइने लक्ष्य लिएको छ।

'अहिले नयाँ पुस्ताको विद्यार्थीको आकर्षण सूचना प्रविधिमा छ। लेखा सेवातर्फ आकर्षण कम छ। फलस्वरूप विश्वबजारमै लेखापरीक्षकको अभाव देखिन थालेको छ। यससम्बन्धी शिक्षामा अमेरिका, लन्डन, अस्ट्रेलियामा ३० प्रतिशतको गिरावट आएको छ। अहिले सेवामा भइरहेका लेखापरीक्षक पनि रिटायर्ड भइरहेका छन्। नयाँ भने त्यति आएका छैनन्। त्यसले गर्दा विश्वबजारमा यस्तो सेवाको माग बढेको छ,' उनले भने, 'बंगलादेश, फिलिपिन्स, भियतनाम तथा भारत यो सेवामा अघि बढिसकेका छन्। गत वर्ष फिलिपिन्सको अर्थतन्त्रमा यसको योगदान सात प्रतिशत पुगेको देखिएको छ। अब यो अवसरबाट नेपालले पनि लाभ लिनुपर्छ। नेपाललाई एकाउन्टिङको हब बनाउने लक्ष्य लिएका छौं।'

वार्षिक ६ अर्ब ३३ करोड डलर आम्दानी गर्ने लक्ष्य

आइक्यानले 'ग्लोबल एकाउन्टिङ इनिसिएटिभ इन नेपाल (जिएआइएन)'मार्फत १० वर्षमा डेढ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ। अबको तीन वर्षमा १० हजार, पाँच वर्षमा ५० हजार र १० वर्षमा डेढ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको आइक्यानका उपनिर्देशक सन्तोष विष्टले बताए। यस्तै, १० वर्षपछि वार्षिक ६ अर्ब ३३ करोड ६० लाख डलर आम्दानी गर्ने लक्ष्य लिएको उनले बताए।

अबको तीन वर्षमा ३४ करोड ६० लाख डलर, पाँच वर्षमा एक अर्ब ९२ करोड डलर र १० वर्षमा ६ अर्ब ३३ करोड ६० लाख डलर वार्षिक आम्दानी हुने दाबी गरिएको छ। आइक्यानले यसलाई प्रवर्द्धन गर्न आगामी माघ १७ गते काठमाडौंमा आउटसोर्सिङ सम्मेलन गर्दै छ। यसैगरी, आगामी फागुनमा लन्डनमा हुने एक अन्तर्राष्ट्रिय एकाउन्टिङ समिटमा पनि आइक्यानले सहभागिता जनाउँदै छ। आइक्यानले आवश्यक नीतिगत व्यवस्था गर्न सरकारसँग माग पनि गरेको छ। साथै, आवश्यक पूर्वाधार तयार गरेर विश्वबजारमा यस सेवाको प्रवर्द्धन गरिदिन पनि सरकारसँग माग गरेको छ।

यस्तै, नेपालका पाठ्यक्रममा पनि आवश्यक संशोधन गर्न माग गरेको छ। आइक्यानले आफ्नो तर्फदेखि पनि विदेशी लेखापरीक्षकसँग साझेदार गर्ने, क्षमता विकासको काम गर्ने बताएको छ। यसैगरी, गैरआवासीय नेपालीसँग साझेदार गरेर अघि बढ्ने आइक्यानको भनाइ छ। यस्तै, नेपालका लेखापरीक्षणसम्बन्धी कम्पनीलाई विदेशमा शाखा खोल्न दिने व्यवस्था गर्न पनि आइक्यानले माग गरेको छ। यस सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था ल्याउन आवश्यक रहेको पनि आइक्यानका उपाध्यक्ष आनन्दराज शर्मा वाग्लेले बताए।

एक वर्षमा डिजेलको मूल्य १०% घट्यो, सार्वजनिक यातायातको भाडा भने घटेन

इन्धनको मूल्य पाँच प्रतिशत घटबढ हुँदा यातायात भाडादर समायोजन गर्नुपर्ने नियम छ, तर एक वर्षयता पटक-पटक गरेर डिजेलको भाउ प्रतिलिटर १६ रुपैयाँ घटेको तथा ब्याजदरसमेत न्यून विन्दुमा रहँदासमेत सार्वजनिक यातायातको भाडा भने स्थिर

अजित अधिकारी, मिलन विश्वकर्मा/नयाँ पत्रिका



यातायात व्यवस्था विभागले इन्धनको भाडा पाँच प्रतिशत घटबढ हुँदा भाडादर समायोजन गर्ने नियम बनाएको छ। तर, भाडादर निर्धारणमा सबैभन्दा ठुलो हिस्सा रहेको डिजेलको मूल्य निरन्तर घटिरहे पनि यातायात व्यवस्था विभागले भने व्यवसायीको दबाबमा भाडा घटाउन आनाकानी गरिरहेको छ।

विभागले गत वर्ष २२ पुसमा भाडादर समायोजन गर्दा यात्रुवाहक सवारीसाधनको ३.३० प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीसाधनको ढुवानी खर्च ०.८१ प्रतिशत र तराईमा सञ्चालन हुने सवारीसाधनको ढुवानी खर्च ०.०५ प्रतिशत बढाएको थियो। जबकि, त्यतिवेला डिजेलको भाडा अधिल्लोपटक मूल्य समायोजन भएको ३१ साउन, ०८० को तुलनामा १४ रुपैयाँ प्रतिलिटर घटेको थियो। आयल निगमबाट प्राप्त तथ्यांकअनुसार डिजेलको भाडा ३१ साउन, ०८० मा १ सय ६७ र २२ पुस, ०८१ मा १ सय ५३ रुपैयाँ प्रतिलिटर थियो।

त्यतिवेला विभागले डिजेलको मूल्य घटे पनि श्रमिकको पारिश्रमिक, टायर, ब्याज, सञ्चालन खर्च, ह्रासकट्टी, मुनाफालगायतका सूचकमा वृद्धि भएकाले भाडा बढाइएको तर्क गरेको थियो। पछिल्लो एक वर्षयता पनि डिजेलको मूल्य र ब्याजदरमा ठुलो गिरावट आइसक्दा पनि उपभोक्तालाई राहत दिने गरी विभागले भाडादर घटाउन चासो दिएको छैन। एक वर्षअघि २२ पुसमा भाडा वृद्धि भएयता डिजेलको मूल्य प्रतिलिटर १६ रुपैयाँ, अर्थात् १०.४५ प्रतिशत घटिसकेको छ। तर, यातायात भाडा समायोजन गर्न विभागले तदारुकता देखाएको छैन।

> विभागले गत वर्ष २२ पुसमा यात्रुवाहक सवारीसाधनको ३.३० प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीसाधनको ढुवानी खर्च ०.८१ प्रतिशत र तराईमा सञ्चालन हुने सवारीसाधनको ढुवानी खर्च ०.०५ प्रतिशत बढाएको थियो।

भाडा निर्धारणमा सबैभन्दा धेरै ३५ प्रतिशत हिस्सा डिजेलले ओगट्ने भएकाले पाँच प्रतिशत मूल्य तलमाथि हुनासाथ भाडा पनि हेरफेर गर्ने गरी विभागले 'सूत्र' तयार गरेको छ। त्यस्तै, सञ्चालन खर्चमा धेरै हिस्सा ओगट्ने बैंक ब्याजदरसमेत घटेर अहिले न्यून विन्दुमा आएकाले भाडा थप घट्नुपर्ने बलियो आधार छ। राष्ट्र बैंकका अनुसार अहिले ऋणको औसत ब्याजदर ७.३८ प्रतिशत छ।

एक वर्षअघि नयाँ भाडा निर्धारण गर्दा डिजेलको मूल्य प्रतिलिटर एक सय ५३ रुपैयाँ थियो। अहिले डिजेलको मूल्य प्रतिलिटर एक सय ३७ रुपैयाँमा झरेको छ। प्रमुख कारक तत्वका रूपमा डिजेलको भाउ निरन्तर घटिरहेकाले यातायातको भाडा तत्काल घटाउनुपर्ने उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना बताउँछन्। 'यातायातको भाडा घटाउन ढिला भइक्सयो, आफैंले बनाएको नियमअनुसार तत्कालै भाडा घटाउन सरकारले तदारुकता देखाउनुपर्छ,' उनले भने। अन्य साधनको ढुवानी भाडासमेत घटाएर बजारमूल्य नियन्त्रणमा सहयोग गर्नुपर्ने उनको भनाइ छ।

आयल निगमले अन्तर्राष्ट्रिय बजारअनुसार नेपालमा डिजेलको मूल्य घटाइरहेको जनाएको छ, तर उपभोक्ताले लाभ पाउने गरी अन्य वस्तु तथा सेवाको खर्च नघट्नु दुःख भएको निगमका प्रवक्ता मनोज ठाकुरले बताए। 'आयल निगमले अन्तर्राष्ट्रिय बजारअनुसार नेपालमा पनि मूल्य घटाएर आफ्नो प्रतिबद्धता पूरा गरिरहेको छ,' ठाकुरले भने, 'डिजेलको घट्दो मूल्यको लाभ सबैले पाउनुपर्छ।'

यातायात व्यवस्था विभागका प्रवक्ता गणेशमान सिंह राईले भाडादर समायोजन गर्ने विषयमा आन्तरिक छलफल भइरहेको बताए। 'भाडादर समायोजन गर्नका लागि १२-१३ वटा सूचक छन्। तीमध्ये इन्धनको मूल्य पनि एउटा सूचक हो। इन्धनको मूल्य घटेपछि आवश्यक मूल्यांकन गरेर अटोमेटिक रूपमा भाडादर समायोजन गर्नुपर्ने भन्ने त हो। तर, बिचमा यो रोकिएको थियो,' उनले भने, 'यद्यपि, अहिले भाडादर समायोजनका लागि आन्तरिक रूपमा छलफल भइरहेको छ। सम्बन्धित समितिको बैठक पनि भइरहेको छ। यस सम्बन्धमा छिट्टै निर्णय हुनेछ।'

प्रतिशत परिवर्तन आउँदा भाडादर समायोजन गर्दा आपत्ति नहुने बताए। 'पहिला इन्धनको मूल्य पाँच प्रतिशतले थपघट हुँदा नियमित रूपमा स्वचालित प्रणालीमै यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले इन्धनको मूल्यमा पाँच प्रतिशत भाडा समायोजन हुन्थ्यो। तर, अहिले विभागले योअनुसार भाडा समायोजन गर्न सकेको छैन,' उनले भने, 'यसमा विभागले नै जिम्मेवारी हुनुपर्छ। इन्धनको मूल्य स्वचालित रूपमा परिवर्तन हुँदा आउने भाडादरमा व्यवसायीलाई आपत्ति छैन।' तर, वार्षिक रूपमा गरिने भाडादर समायोजन पनि नियमित रूपमा गर्नुपर्ने उनको भनाइ छ।

● **गणेशमान सिंह राई**
प्रवक्ता, यातायात व्यवस्था विभाग



भाडादर समायोजन गर्न १२-१३ वटा सूचक छन्। तीमध्ये इन्धनको मूल्य पनि एउटा सूचक हो। इन्धनको भाडा घटेपछि आवश्यक मूल्यांकन गरेर अटोमेटिक रूपमा भाडादर समायोजन गर्नुपर्ने भन्ने त हो। अहिले भाडादर समायोजनका लागि आन्तरिक रूपमा छलफल भइरहेको छ।

● **विजयबहादुर स्वाँर**, अध्यक्ष,
यातायात व्यवसायी राष्ट्रिय महासंघ



इन्धनको मूल्यमा ५ प्रतिशत भाडादर समायोजन हुन्थ्यो, तर, अहिले विभागले यो अनुसार भाडादर समायोजन गर्न सकेको छैन। यसमा विभाग नै जिम्मेवारी हुनुपर्छ। इन्धनको मूल्य स्वचालित रूपमा परिवर्तन हुँदा आउने भाडादरमा व्यवसायीलाई आपत्ति छैन।

● **माधव तिमिल्सिना**, उपभोक्ता
अधिकारकर्मी



इन्धनको मूल्य घटेको तुलनामा सार्वजनिक यातायातको भाडा घटाउन ढिला भइसक्यो, विभाग आफैंले बनाएको नियमअनुसार तत्कालै भाडा घटाउन सरकारले तदारुकता देखाउनुपर्छ। अन्य साधनको ढुवानी भाडासमेत घटाएर बजारमूल्य नियन्त्रणमा सहयोग गर्नुपर्छ।



धितोमा रहेको चल, अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिनेबारेको प्रथमपटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८२/०९/२४ गते)

तपशिलबमोजिमका कर्जा ग्राहकहरूले यस बैंकबाट देहायबमोजिम कर्जा/सुविधाहरूको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रूपमा तरताकेता तथा कर्जा बुझाउनेबारे २१ (एक्काइस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नु हुन कर्जा ग्राहक, धितो सुरक्षण मञ्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित ३५ (पैंतीस) दिनभित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मञ्जुरीनामा दिने, व्यक्तिगत जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखि दिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधिअनुसार देहायबमोजिमको मितिमा धितो लिलाम डाँकबढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँकबढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल, अचल सम्पत्ति बैंक आफैंले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

धितो लिलाम बिक्री हुने मिति : २०८२ **साल माघ महिना २८ गते**
सम्बन्धित कार्यालय : **कृषि विकास बैंक लि., शाखा कार्यालय, भजनी, कैलाली**
लिलाम हुने कार्यालय/स्थान : **कृषि विकास बैंक लि., शाखा कार्यालय, क्याम्पसरोड, धनगढी।**

ग्राहकको विवरण

१. ग्राहकको नाम : **कृष्ण कोल्ड सेन्टर** दर्ता भएको कार्यालय : **वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग वाणिज्य कार्यालय, धनगढी, कैलाली** फर्मको दर्ता नं. : १३०५५/०६५/६६ दर्ता मिति : २०६५/०६/१३, **पान नं.३०३०७६०१०**

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
होटल सञ्चालन कर्जा	शंकर कठरिया	कैलाली	लालपुरबाणी	५	७९१	०-१६-१५

प्रोप्राइटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबुको नाम	बाजेको नाम
कृष्ण कुमार कठरिया	जोशीपुर १, लक्कड, कैलाली	१४९६५	कैलाली/२०६४-१०-०४	शंकर कठरिया	जंगली कठरिया

शर्तहरू

१. धितो लिलाम डाँकबढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३(तीन)जना व्यक्ति/संस्थाहरूले भाग लिएको हुनु पर्नेछ।
३. धितो लिलाम डाँक बढाबढमा सबैभन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अङ्कको कम्तीमा १० (दश) प्रतिशत हुने रकम धरौटीबापत त्यसै दिन सम्बन्धित बैंकमा सम्पर्क राखि जम्मा भएको हुनु पर्नेछ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाइने छैन।
६. डाँक बढाबढको सुरुवात अङ्क उक्त चल, अचल सम्पत्तिको मूल्याङ्कनबाट सुरुवात गरिनेछ।
७. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नुअगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजस्व, कर, दस्तुर एवं अन्य भइपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
९. डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०. अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
रामशाहपथ, काठमाडौं

दोहोरो अंकले घट्यो नेप्से

काठमाडौं/ साताको चौथो कारोबार दिन बुधबार सेयरबजार दोहोरो अंकले घटेको छ। बुधबार बजार १३.३५ अंकले घटेर नेप्से परिसूचक २६३५.९४ विन्दुमा बन्द भयो। उक्त दिन ३२३ कम्पनीको कारोबार भयो। जसमा ६२ कम्पनीको मूल्य बढ्यो भने १८७ कम्पनीको मूल्य घट्यो। त्यस्तै, १० कम्पनीको मूल्यमा कुनै फेरबदल भएन।

नेप्सेका अनुसार बुधबार एक करोड ६ लाख ३३ हजार कित्ता खरिद-बिक्री हुँदा पाँच अर्ब १७ करोड ५० लाख रुपैयाँभन्दा बढीको सेयर किनबेच भयो। मंगलबार सात अर्ब १२ करोड ३३ लाख रुपैयाँभन्दा बढीको कारोबार भएको थियो।

उक्त दिन नारायणी डेभलपमेन्ट बैंकको मूल्य सर्वाधिक ६.०८ प्रतिशत अर्थात् ८० रुपैयाँ बढेको छ। त्यस्तै, फर्स्ट माइक्रोफाइनान्स, शुभम् पावर लिमिटेड, सयपत्री हाइड्रोपावर लिमिटेड, मञ्जुश्री फाइनान्सलगायतको कम्पनीको मूल्य धेरै बढेको छ।

नेपालको निजी क्षेत्रसँग सहकार्य विस्तार गर्न युएई प्रतिबद्ध

काठमाडौं/ युएईको वित्त मन्त्रालयका सचिव अब्दुल्ला अहमद अल सालेले नेपालसँगको सहकार्यलाई अझ बलियो बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालसँगको भेटमा उनले दुई देशका निजी क्षेत्रबिचको सहकार्यलाई बढाउन सकारात्मक रहेको बताएका हुन्।



भेटवार्तामा नेपाल-युएईबिचको द्विपक्षीय आर्थिक सम्बन्ध थप सुदृढ गर्दै व्यापार तथा लगानी सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको थियो। युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीको उपस्थितिमा भएको भेटवार्तामा महासंघका अध्यक्ष ढकालले नेपालमा रहेको लगानी सम्भावनाबारे जानकारी गराउँदै निजी क्षेत्रबिचको सहकार्यलाई थप मजबुत बनाउनुपर्नेमा जोड दिए। उनले नेपालमा जलविद्युत्, पर्यटन, कृषि प्रशोधन, ठुला पूर्वाधार तथा सूचना प्रविधिजस्ता प्राथमिकता प्राप्त क्षेत्रमा लगानी सहकार्य विस्तार गर्न सकिने बताए। साथै उनले काठमाडौंका लागि इमिरेट्स एयरलाइन्सको प्रत्यक्ष उडान सुरु हुनु पर्यटन, व्यापार र समग्र व्यावसायिक आवागमन विस्तारका लागि अत्यन्त महत्त्वपूर्ण हुने उल्लेख गरे।

गढीको पर्यटन प्रवर्द्धन गर्न सेनाले गऱ्यो पाँचदिने पदयात्रा

उदयपुरमा **विदुर कटुवाल**



गढीहरूको संरक्षण, ऐतिहासिक पहिचान र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित नेपाली सेनाले उदयपुरको उदयपुरगढीदेखि चौदण्डीगढीसम्म दोस्रो पदयात्रा सुरु गरेको छ। नेपाली सेनाको पशुपतिप्रसाद गणको आयोजनामा उदयपुरगढीदेखि चौदण्डीगढीसम्मको पाँचदिने पदयात्रा बुधबार सुरु भएको छ।

ऐतिहासिक गढीहरूको संरक्षण, पर्या-पर्यटनको विकास तथा नयाँ पुस्तालाई इतिहास, भूगोल र नैतिक शिक्षासँग जोड्ने उद्देश्यका साथ पदयात्रा सञ्चालन गरिएको नेपाली सेनाको पशुपतिप्रसाद गणका गणपति प्रमुख सेनानी मनोज कार्कीले जानकारी दिए। गत वर्ष ०८१ मा सात दिन सञ्चालन गरिएको पदयात्रालाई यस वर्ष पाँच दिनमा सीमित गरिएको छ।

उनका अनुसार पदयात्रा पहिलो दिन उदयपुरगढीबाट ढुंगेसम्म १६ किलोमिटर, दोस्रो दिन ढुंगेबाट पुवारे भन्ज्याङसम्म २१ किलोमिटर, तेस्रो दिन पुवारे भन्ज्याङबाट राउनेसम्म २१ किलोमिटर, चौथो दिन राउनेबाट वीरेन्द्रबजारसम्म २४ किलोमिटर र पाँचौं दिन वीरेन्द्रबजारबाट चौदण्डीगढीसम्म १५ किलोमिटर दूरी तय गर्दै सम्पन्न हुनेछ। पदयात्रा उद्घाटन समारोहका प्रमुख अतिथि नेपाली सेना पूर्वी पृतनाका पृतनापति उपरथी गौरवकुमार केसीले गढी र किल्लाहरू ढुंगा, माटो र इँटाका थुप्रो मात्र नभई राष्ट्रिय स्वाधीनता जोगाउन पुर्खाहरूले गरेको त्याग र बलिदानका जीवित प्रतीक भएको बताए।

नेपाल सरकारले पहिचान गरेका एक सय प्रमुख पर्यटकीय गन्तव्यमध्ये उदयपुर जिल्लाबाट छनोट भएको एक मात्र स्थल उदयपुरगढी हो। समुद्री सतहबाट करिब एक हजार तीन सय मिटर उचाइमा अवस्थित यस गढीलाई इतिहासकारहरूले लिच्छविकालीन राजा उदयदेवसँग सम्बन्धित मान्दै आएका छन्। उनै उदयदेवकै नामबाट उदयपुरगढी हुँदै उदयपुर जिल्लामा नाम भएको बताइन्छ। ऐतिहासिक अभिलेखअनुसार मिथिलाको तिरहुत राज्य पतनपछि उदयपुरगढी स्थापना भएको मानिन्छ। उदयपुरगढी उदयपुर जिल्लाको पुरानो सदरमुकामसमेत हो। यहाँ गढीमाई, पञ्चावती माई, शिवपार्वती, सिद्धथानलगायत धार्मिकस्थल तथा पुनर्निर्मित दरबार संरचनाले यस क्षेत्रलाई ऐतिहासिक, धार्मिक र प्राकृतिक आकर्षणको केन्द्र बनाएका छन्।

उदयपुरगढीको पूर्वतर्फ अवस्थित चौदण्डीगढी पूर्वी नेपालको प्राचीन प्रशासनिक केन्द्रका रूपमा परिचित छ। विसं १७९० देखि सेनवंशी शासकहरूले यहाँ शासन गरेको इतिहास पाइन्छ। मकवानपुरका राजा हेमकर्ण सेनका भाइ जगत सेनले पूर्वी सीमाको सुरक्षा र प्रशासनका लागि चौदण्डीगढी राज्य स्थापना गरेका थिए। विसं १८३० तिर पृथ्वीनारायण शाहले यो राज्यलाई गोर्खा अधीनमा ल्याएपछि पनि लामो समयसम्म यो पूर्वी नेपालको प्रशासनिक केन्द्रको रूपमा रह्यो। हाल चौदण्डीगढी क्षेत्रमा ढुंगाका भग्नावशेष, दरबारका जग र ऐतिहासिक संरचनाका अवशेष मात्र देख्न सकिन्छ।

उदयपुरगढी र चौदण्डीगढी दुवै उदयपुरको प्राचीन सभ्यता, लिच्छविकालीन शासन, सेनवंशीकाल, एकीकरण इतिहास र पूर्वी नेपालको प्रशासनिक विकासका जीवित साक्षीका रूपमा लिइन्छ। संरक्षण, पूर्वाधार विकास र प्रभावकारी प्रचार-प्रसारमा समन्वय गर्न सके यी गढीहरू पूर्वी नेपालको प्रमुख ऐतिहासिक तथा शैक्षिक पर्यटन गन्तव्यका रूपमा विकास हुन सक्ने प्रचुर सम्भावना बोकेका छन्।

दुर्गमका स्वास्थ्य चौकीलाई ज्योति विकास बैंकले दियो बेबी वार्मर

काठमाडौं/ ज्योति विकास बैंकले कोशी प्रदेशका विभिन्न स्वास्थ्य चौकीलाई बेबी वार्मर उपकरण सहयोग गरेको छ। बैंकले नवजात शिशुको शारीरिक तापक्रमलाई सन्तुलनमा राख्न र हाइपोथर्मिया (अल्पताप) को जोखिमबाट जोगाउन आवश्यक बेबी वार्मर (न्यानो नानी) मेसिन प्रदान गरेको जनाएको छ। दुर्गम क्षेत्रमा सुरक्षित प्रसूति सेवाको आवश्यकतालाई मध्यनजर गर्दै बैंकले आफ्ना शाखा नभएका स्थानमा पनि बेबी वार्मर प्रदान गरेको जनाएको छ।



बैंकको पहलमा संखुवासभाको सिलिचोङ गाउँपालिका वडा नं १२ स्थित सिसुवाखोला हेल्थ पोस्ट र मकालु गाउँपालिका वडा नं ५ स्थित नुम प्राथमिक स्वास्थ्य केन्द्रमा बेबी वार्मर जडान गरिएको हो। साथै, खोटाङको जालपा वडा नं १२ स्थित पुजनसेवा नगर अस्पताल र पाँचथरको फालेलुङ गाउँपालिका वडा नं २ स्थित एकतिन हेल्थ पोस्टमा बेबी वार्मर जडान गरिएको बैंकले जनाएको छ। उपकरण हस्तान्तरण कार्यक्रममा सम्बन्धित स्वास्थ्य चौकीका पदाधिकारी तथा सम्बन्धित क्षेत्रका विभिन्न व्यक्तिको उपस्थिति थियो। त्यसैगरी, अस्पतालका डाक्टर, नर्सलगायत सम्बन्धित कर्मचारीलाई विज्ञमार्फत बेबी वार्मर सञ्चालनसम्बन्धी विशेष तालिम पनि प्रदान गरिएको थियो।

महालक्ष्मी विकासका नवनियुक्त अध्यक्ष उपाध्यायले लिए शपथ



काठमाडौं/ महालक्ष्मी विकास बैंकका नवनियुक्त अध्यक्ष राजेश उपाध्यायले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन्। उपाध्यायले बुधबार नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रसमक्ष शपथ लिएका हुन्।

गोदरेजद्वारा आइसिसी टी-२० खेल हेर्न पाउने विजेता घोषणा

काठमाडौं/ गोदरेज नेपालले विशेष उपभोक्ता योजनाको विजेता घोषणा गरेको छ। भारतको मुम्बईस्थित वानखेडे स्टेडियम मा आयोजना हुने टी-२० विश्वकपअन्तर्गत नेपाल राष्ट्रिय क्रिकेट टोलीको खेल प्रत्यक्ष हेर्न पाउने विजेता घोषणा गरेको हो। कम्पनीका अनुसार पहिलो चरणको विजेता काठमाडौं, टोखानिवासी लुना ज्ञवाली रहेकी छिन्। उनले गोदरेजको आधिकारिक विक्रेताबाट गोदरेज वासिङ मेसिन खरिद गरेकी थिइन्।



उपभोक्तालाई घरायसी जीवनसँगै अन्तर्राष्ट्रिय खेलकुदको रोमाञ्चसँग जोड्ने उद्देश्यले योजना सञ्चालन गरिएको कम्पनीले जनाएको छ। योजना गत मंसिर २९ देखि सुरु गरिएको हो।

ज्ञवालीले चार रात पाँच दिनको मुम्बई यात्रासहित वानखेडे स्टेडियममा नेपाल राष्ट्रिय क्रिकेट टोलीको एक खेल प्रत्यक्ष अवलोकन गर्ने अवसर प्राप्त गर्नेछिन्। उक्त यात्रा प्याकेजमा हवाई टिकट, होटेल बसाइ, म्याच टिकट तथा अन्य आवश्यक सम्पूर्ण खर्च गोदरेज नेपालले नै व्यहोर्ने जानकारी दिएको छ।

पञ्जीकरण विभाग र सामाजिक सुरक्षा कोषबिच समझदारी



काठमाडौं/ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र सामाजिक सुरक्षा कोषबिच समझदारी भएको छ। दुवै पक्षबिच राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीका विद्युतीय सेवा प्रयोग गर्ने सम्बन्धमा समझदारी भएको हो। सम्झौतापत्रमा कोषका कार्यकारी निर्देशक कविराज अधिकारी र विभागका महानिर्देशक नमराज घिमिरेले हस्ताक्षर गरेका हुन्। यसअनुसार अब कोषले योगदानकर्तालाई सामाजिक सुरक्षा नम्बर जारी गर्ने, विवरण अद्यावधिक गर्ने तथा सेवाप्रवाह गर्नुअघि लाभग्राहीको पहिचान प्रमाणीकरण गर्दा राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमार्फत उपलब्ध हुने विद्युतीय सेवा प्रयोग गर्न सक्नेछ।

ट्रेकिङ्ग इजाजत पत्र हरायो

मिति २०८२/०९/२१ गते बिहानको ठिक १० बजे तिर ठमेलबाट दरबार मार्ग हुदै पुतलीसडक जाने क्रममा मेरो निम्न व्यहोराको ट्रेकिङ्ग इजाजत पत्र हराएको हुदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यलयमा वा निम्न ठेगानामा खबर गरिदिनु अनुरोध छ।
नाम : टिकाराम नेपाली
ठेगाना: निलकण्ठ नगरपालिका-१४ धादिङ्ग
ट्रेकिङ्ग गाइड इजाजत नं : १२९८३
सम्पर्क : ९८६४१५५२११

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०६७/०४/२७ मा दर्ता भएको प्रा.लि.नं. ७५०८० को डाईमेन्सन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्रहक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

मुलुकी कार्यविधि संहिता, २०७४ को दफा १५५ को उपदफा १ (ग) बमोजिम अधिकृत वारेशनामा बदर गरिएको सूचना।

दिवाकर ढकालको नाती, रुद्र बहादुर ढकालको छोरा, चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं.-६ बस्ने वर्ष ६० को मुकुन्द प्रसाद ढकाल (ना.प्र.नं. २८७५ मिति २०४०/०४/१६, चितवन) को नाउमा दर्ता रहेको चितवन जिल्ला खैरहनी ७/क को कि.नं. ३७२ को ज.वि. ०-८-०, ऐ.ऐ. कि.नं. ५३० को ज.वि. ०-२-१२, ऐ.ऐ. कि.नं. ५२९ को ज.वि. ०-५-८ र ऐ.ऐ. कि.नं. ५३७ को ज.वि. ०-१४-१८.२५ समेत ४ कित्ता जग्गाहरु मालपोत कार्यालयमा उपस्थित भई राजिनामा पारित गरि हक हस्तान्तरण गर्नको लागि खडक बहादुर थापाको नाती, छम बहादुर थापाको छोरा बाग्लुङ जिल्ला तारा गा.वि.स. वडा नं.४ नागरिकतामा ठेगाना उल्लेख भई हाल चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ९ बस्ने वर्ष ४१ को भुवन सिंह थापा (ना.प्र.नं. ५५७७, मिति २०५९/०५/१९, बाग्लुङ) लाई श्री चितवन जिल्ला अदालतबाट मिति २०८२/०४/१२ गतेका दिन दिएको अधिकृत वारेसनामा आजैको मिति देखि बदर गरी सो बदर गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराईएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०९/२४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ माघ ०९ गते शुक्रबार**का दिन शाखा कार्यालय धनगढीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलालीमा मिति २०४८/०४/०७ मा प्रा.फ.नं. ८४२/०२ कायम भई दर्ता रहेको कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ०२ (साविक मालाखेती गा.वि.स. वडा नं. ०७) स्थित रजिष्टर्ड कार्यालय रहेको **वालक खाद्य उद्योग।**
प्रोपाईटर अनिता पन्त

२. कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७९/०५/२६ मा दर्ता नं. २९८८०५/०७९/०८० कायम भई दर्ता रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **राज एग्रो एण्ड सप्लायर्स प्रा.ली.।**
सञ्चालक अनिता पन्त

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **हरिहर पन्त**
ना.प्र.नं.- १५२८०
जारी मिति - २०४६/०२/२५ जि.प्र.का.कैलाली
बाबु - मोती राम पन्त
बाजे - मनिराम पन्त
स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ०५
हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ०५

२. **अनिता पन्त**
ना.प्र.नं.- १०२९१
जारी मिति - २०५२/१२/२६ जि.प्र.का.कैलाली
बाबु - देव कान्त पन्त
बाजे - लक्ष्मी कान्त पन्त
पति- हरिहर पन्त
स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ०५
हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा.वडा नं. ०५

लिलाम हुने सम्पत्तिको विवरण

१. **अनिता पन्त**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा.वडा नं. ०५ स्थित कित्ता नं. ५५४, ८३८, ९४७ र ९४८ को क्षेत्रफल क्रमशः ३३८.६३, ६७७.२६, ९४७.८० र १६९.३१ (व.मि.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **हरिहर पन्त**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा.वडा नं. ०५ स्थित कित्ता नं. १३ र ३६ को क्षेत्रफल क्रमशः १,३५५ र २,५५० (व.मि.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ माघ ०८ गते** भित्र बैंकको शाखा कार्यालय धनगढीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धनगढीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८२ माघ ०९ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय धनगढीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय धनगढीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८२ माघ ०९ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय धनगढी फोन नं. ०९१-५२६०३६

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्वावलम्बी विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०९/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/१०/१४ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ **(एक्काइस) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सकने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी/अ.प्रा.व्य/एकल शेयरधनी/जमानतकर्ताको विवरण

१) ऋणीः इन्टेल कन्स्ट्रक्शन एण्ड विल्डर्स प्रा.लि.
दर्ता कार्यलयः कम्पनी रजिष्टार कार्यलय, त्रिपुरेश्वर,काठमाडौ
दर्ता न : २५८०४५/०७७/०७८, दर्ता मितिः २०७७/११/२१
पान नं : ६०९९५७६६४
ठेगाना : म्याग्दे-७, तनहुँ

अध्यक्ष/अ.प्रा.व्यक्ति/जमानतकर्ताको नामः केशु थापा
बाबुको नाम : शन्त बहादुर कुवँर
बाजेको नाम : होम बहादुर कुवँर
ठेगाना : म्याग्दे-०७, तनहुँ
हालको ठेगाना : पोखरा-०८, कास्की
ना.प्र.नं. : ७४५२४, जारी मिति :२०६१/०५/२९
जारी गर्ने कार्यालय : जि.प्र.का.तनहुँ
कर्जा लिएको शाखा कार्यालयः भद्रकाली, पोखरा

जमानतकर्ताको विवरण

क) नाम : शन्त बहादुर कुवँर
बाबुको नाम : होम बहादुर कुवँर
ठेगाना : मनपाङ-०६, तनहुँ
हालको ठेगाना : श्रपु-०६ तनहुँ
ना.प्र.नं. : ५६७, जारी मिति : २०३८/०९/१९
जारी गर्ने कार्यालय : जि.प्र.का.तनहुँ

ख) नामः दिपक थापा
बाबुको नाम : शन्त बहादुर कुवँर
बाजेको नाम : होम बहादुर कुवँर
ठेगाना : मनपाङ-०६, तनहुँ
हालको ठेगानाः पोखरा-०८, कास्की
ना.प्र.नं. : ४९३२९, जारी मिति : २०५८/०६/१४
जारी गर्ने कार्यालय : जि.प्र.का.तनहुँ

जमानतकर्ताको विवरण

ग) नाम : पुनम कुवँर थापा
बाबुको नाम : इन्द्र जित कुवँर
पतिको नाम : दिपक थापा
ससुराको नामः शन्त बहादुर कुँवर
ठेगाना : मनपाङ-०६, तनहुँ
हालको ठेगाना : पोखरा-०८, कास्की
ना.प्र.नं. : ४६१००२/४०२१
जारी गर्ने कार्यालय : जि.प्र.का.तनहुँ
जारी मिति : २०६७/०२/२७

घ) नाम : किरण कुवँर
बाबुको नाम : धर्मराज कुवँर
बाजेको नाम : मोतीलाल कुवँर
ठेगाना : भिमाद -०३, तनहुँ
हालको ठेगाना : खैरनिटार- ०६, तनहुँ
ना.प्र.नं. : ४३३०४४/८५
जारी गर्ने कार्यालय : जि.प्र.का.तनहुँ
जारी मिति : २०७०/०२/३१

ङ) नाम : विष्णु माया कुवँर
बाबुको नाम : मोतिलाल कुवँर
पतिको नाम : शन्त बहादुर कुवँर
ससुराको नाम : होम बहादुर कुवँर
ठेगाना : मनपाङ -०६, तनहुँ
हालको ठेगाना : श्रपु-०४, तनहुँ
ना.प्र.नं. : १०९२
जारी गर्ने कार्यालय : जि.प्र.का.तनहुँ
जारी मिति : २०४३/०९/०४

सुरक्षणमा रहेको धितोको विवरणः
१. श्री भूमिसुधार तथा मालपोत कार्यालय लेखनाथ कास्कीमा दिपक थापाको नाममा दर्ता कायम रहेको कास्की जिल्ला देउराली गा.वि.स/न.पा स्थित कित्ता न. ४२८, ४९९ र ६५७ को क्षेत्रफलहरु क्रमशः ६६९.६८, ६०६.१० र २८४.१४ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. **सवारी साधनको विवरणः** यस डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी इन्टेल कन्स्ट्रक्शन एण्ड बिल्डर्स प्रा.लि. कायम रहेको निम्न अनुसारको सवारी साधन ५ थान।

- **सवारी दर्ता नं. : ग १ क ५८९२**
बनेको साल : २०२१
कम्पनीको नाम : टाटा मोर्टस भारत
इन्जिन नं.: 12D63866359
मोडल : SK1613TC/36
च्यासीसनं. MAT38816M2R05375
सवारीको प्रयोग :निजी, हर्ज पावर : ५८८३ सि.सि
- **सवारी दर्ता नं. : ग १ क ५८९५**
बनेको साल : २०२१
कम्पनीको नाम : टाटा मोर्टस भारत
इन्जिन नं.: 12L63888047
मोडल : SK1613TC/36
च्यासीसनं.: MAT388116M2R17311
सवारीको प्रयोग :निजी, हर्ज पावर : ५८८३ सि सि
- **सवारी दर्ता नं.: ग १ क ५८९३**
बनेको साल : २०२१
कम्पनीको नाम : टाटा मोर्टस भारत
इन्जिन नं.: 12G63873031
मोडलः SK1613TC/36
च्यासीसनंः MAT388116M2R09042
सवारीको प्रयोग : निजी, हर्ज पावर : ५८८३ सि सि
- **सवारी दर्ता नं.: ग १ क ५८९६**
बनेको साल : २०२१
कम्पनीको नाम : टाटा मोर्टस भारत
इन्जिन नं.: 12L63888594
मोडल : SK1613TC/36
च्यासीसनं.: MAT388116M2R17555
सवारीको प्रयोगः निजी, हर्ज पावरः ५८८३ सि सि
- **सवारी दर्ता नं. : ग १ क ५८९४**
बनेको साल : २०२१, कम्पनीको नाम : टाटा मोर्टस भारत, इन्जिन नं.: 12L63887074, सवारीको प्रयोग : निजी
मोडल : SK1613TC/36, च्यासीस नं.: MAT388116M2R17297, हर्ज पावरः ५८८३ सि सि

ऋणीको विवरण

२) ऋणीः हरि प्रसाद पौडेल
बाबुको नाम : टिकाराम पौडेल
बाजेको नाम : रवि लाल पौडेल
ठेगाना : जमुनी-०५ बर्दिया
हाल : बढैयाताल-०२, बर्दिया
ना.प्र.नं. : ८७९८, जारी मिति : २०५५/११/२६
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
कर्जा लिएको शाखा : खजुरा, बर्दिया

जमानतकर्ताको विवरण

क) नाम : देवि घिमिरे
बाबुको नाम : घनश्याम घिमिरे
पतिको नाम : हरि प्रसाद पौडेल
ससुराको नाम : टिकाराम पौडेल
ठेगाना : पर्रोहा-०५, रुपन्देही
हाल : बढैयाताल-०२, बर्दिया
ना.प्र.नं.: ३७२०२७/५३५०२, जारी मिति : २०६६/०३/११
जारी गर्ने कार्यालय :जि.प्र.का., रुपन्देही

सुरक्षणमा रहेको धितोको विवरणः श्री भूमिसुधार तथा मालपोत कार्यालय गुलरिया, बर्दियामा हरि प्रसाद पौडेलको नाममा दर्ता कायम रहेको बर्दिया जिल्ला खैरापुर ०३ स्थित कि.नं. ४६८, कालीका-०८ स्थित कि.नं. ९२१ र जमुनी ०५ स्थित कि.नं. १२६२ र १२६३ को क्षेत्रफल क्रमशः १८६.२३, ३४०.००, ६६७.४१ र ६६७.४० व.मी. रहेको घर/जग्गाहरु तथा सो ले चर्चेका सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :
१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मितिः २०८२/०९/२४ गते

यस रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको मिति २०८२।०८।११ को राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको तपसिलको कार्यका लागि दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि आजैका मितिदेखि लागू हुने गरी ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल गरेको रकम (भ्याट र पि.एस.सहित)
१.	The Procurement of Stationery Items (RAT/CHITWAN/NCB/Goods/04/2082-083)	श्री Sanjivani Suppliers, Bharatpur- 12, Chitwan	रू. १८,३९,७८६।९० (अठार लाख उनान्चालीस हजार सात सय छयासी रूपैंया र पैसा नब्बे मात्र)
२.	Revenue Collection of Market Management Vegetable and Fruit Market (RAT/CHITWAN/Revenue/NCB/01/2082-083)	श्री Samrat Builders, Bharatpur- 10, Chitwan	रू. १६,५५,५५५।- (सोह्र लाख पचपन्न हजार पाँच सय पचपन्न रूपैंया मात्र)

प्रमुख प्रशासकीय अधिकृत

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७७

२२औँ एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड

दीपेन्द्रसिंह र एरिका वर्षका उत्कृष्ट खेलाडी

रोहितराज पराजुली, रमेश सुवेदी

क्रिकेटर दीपेन्द्रसिंह ऐरी र कराँतेकी एरिका गुरुङ २२औँ एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डमा वर्ष २०८१ का उत्कृष्ट खेलाडी बनेका छन् । पोखरामा बुधबार भएको कार्यक्रममा दीपेन्द्रसिंह पुरुषतर्फ तथा एरिका महिलातर्फ वर्ष खेलाडी घोषित भएका हुन् । दीपेन्द्रसिंहले पहिलोपटक अवार्ड जित्दा एरिका लगातार दोस्रोपटक वर्ष उत्कृष्ट महिला खेलाडी बनेकी छिन् । दुवै उत्कृष्ट खेलाडीले पल्सर बाइक पाएका छन् ।

स्पोर्टस् अवार्डमा महिलातर्फ दुईपटक वर्ष उत्कृष्ट खेलाडी बन्ने एरिका चौथो खेलाडी बनेकी छिन् । लगातार अवार्ड जित्ने इतिहास उनले रचेकी छिन् । महिलातर्फ तेक्वान्दोकी संगिना वैद्य, कराँतेकी गंगा अधिकारी र फुटबलकी सावित्रा भण्डारीले दुई-दुईपटक अवार्ड हात पारेका छन् । समग्र अवार्डको इतिहासमा क्रिकेटका पूर्वकप्तान पारस खड्का सर्वाधिक विजेता हुन् । 'पहिलोपटक वर्ष उत्कृष्ट पुरुष खेलाडी हुँदा खुसी लागेको छ, यसले आगामी दिनमा थप उत्कृष्ट प्रदर्शन गर्न सहयोग मिल्नेछ,' अवार्ड जितेपछि दीपेन्द्रसिंहले भने ।

उपाधि रक्षा गरेकी एरिकाले सबैको सहयोगका कारण उत्कृष्ट बन्न सफल भएको बताइन् । 'दोस्रोपटक उपाधि जित्दा नौलो अनुभव भएको छ,' उनले भनिन्, 'अवार्डमा मनोनीत हुनु नै ठुलो पक्ष थियो । त्यसमाथि कडा प्रतिस्पर्धीबिच लगातार दोस्रो वर्ष अवार्ड जित्नु ठुलो चुनौती होइन ।' यसैगरी, पेरिस पारा ओलम्पिकमा कांस्य पदक जितेर इतिहास रचेकी पारा तेक्वान्दोकी पलेसा गोवर्द्धनलाई नेपाली खेलकुदको पथप्रदर्शकबाट सम्मानित गरिएको थियो । पलेसा पारा ओलम्पिक पदक जित्ने पहिलो नेपालकी खेलाडी हुन् । गत वर्षको संस्करणमा पलेसाले पारा एथलेट अवार्ड पाएकी थिइन् ।

आयोजक नेपाल खेलकुद पत्रकार (मञ्च)ले भोटिङका आधारमा पिपुल्स च्वाइस अवार्ड प्रदान गर्छ । यसपटक भलिबलका हिमाल सुनारीले अवार्ड जितेका छन् । पिपुल्स च्वाइस अवार्ड सुरु भएदेखि नै भलिबललले अधिपत्य जमाइरहेको छ । पहिलोपटक पोखरामा आयोजित अवार्डमा आफू विजेता हुँदा हिमालले ऐतिहासिक क्षण भएको बताए । उनले आफ्ना चार प्रतिस्पर्धीलाई भोटिङका आधारमा पछाडि पारेका थिए । अन्तिमसम्म हिमाललाई फुटबलकी रेखा पौडेलले चुनौती प्रस्तुत गरेकी थिइन् । आयोजक मञ्चले पहिलोपटक अवार्ड मोफसलमा आयोजना गरेको हो । यसअघि २१औँ संस्करण काठमाडौंमा भएको थियो ।



२२औँ एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डका विजेताहरू । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

अवार्ड विजेताहरू

- **दीपेन्द्रसिंह ऐरी** (क्रिकेट) उत्कृष्ट पुरुष खेलाडी
- **एरिका गुरुङ** (कराँते) उत्कृष्ट महिला खेलाडी
- **पलेसा गोवर्द्धन** (पारा तेक्वान्दो) ट्रेलब्लेज़र खेलाडी
- **खड्ग रानाभाट** : लाइभ टाइम अचिभमेन्ट
- **हिमाल सुनारी** (भलिबल) पिपुल्स च्वाइस
- **कविराज नेगी लामा** (पारा तेक्वान्दो) उत्कृष्ट प्रशिक्षक
- **प्रभा आड्देम्बे** (पारा एथलेटिक्स) उत्कृष्ट पारा खेलाडी
- **तुलसी गुरुङ** (तेक्वान्दो) स्पेसल अवार्ड
- **पूजा महतो** (क्रिकेट) उत्कृष्ट युवा खेलाडी
- **खो-खो टोली** (महिला/पुरुष) उत्कृष्ट टोली
- **मोहमद हसन** (बंगलादेश) एसियन स्पोर्टस् जर्नालिस्ट

दीपेन्द्रसिंह पहिलोपटक विजेता

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीका उपकप्तान दीपेन्द्रसिंहले अवार्ड जित्दा गत वर्ष क्रिकेटमा महत्त्वपूर्ण योगदान दिएका थिए । उनले पहिलो संस्करणको नेपाल प्रिमियर लिगमा सुदूरपश्चिम रोयल्सलाई फाइनल पुऱ्याएका थिए । वर्ष पुरुषको मनोनयनमा उनले क्रिकेटकै कुशल भुर्तेल, उसुका विजयी सिँजाली, टेबुलटेनिसका स्यान्टु श्रेष्ठ र खो-खोका जनक चन्दलाई पछि पारे ।

एरिकाद्वारा उपाधि रक्षा

लगातार दोस्रोपटक अवार्ड जित्ने क्रममा एरिकाले गत वर्ष एसियाली कराँतेमा नेपाललाई ऐतिहासिक रजत पदक दिलाएकी थिइन् । यस विधामा उनले फुटबलकी रेखा पौडेल, कराँतेकी एलिसा रासकोटी मगर, खो-खोकी मानमती विष्ट र भलिबलकी सलिना श्रेष्ठलाई निराश बनाइन् ।

पलेसाले जितिन् 'ट्रेलब्लेजर अफ दी इयर' अवार्ड

मञ्चले पारा तेक्वान्दो खेलाडी पलेसालाई 'ट्रेलब्लेजर अफ दी इयर' अवार्ड प्रदान गरेको छ । पलेसालाई सरप्राइज रूपमा सम्मान गरिएको मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले बताए । पलेसाले पेरिस, २०२४ पारा ओलम्पिक र हाङझाव एसियन पारा गेम्समा कांस्य पदक जितेकी थिइन् । उनले अहिलेसम्म ६ अन्तर्राष्ट्रिय पदक प्राप्त गरेकी छिन् । जसमा दुई स्वर्ण र चार कांस्य पदक रहेको छ ।

उत्कृष्ट प्रशिक्षकमा कविराज

अवार्डको महत्त्वपूर्ण विधाअन्तर्गत प्रशिक्षक हो । यसपटक पारा तेक्वान्दोका कविराज नेगी लामा उत्कृष्ट प्रशिक्षक बनेका छन् । यस विधामा कविराजसँगै कराँतेका कुशल श्रेष्ठ, बक्सिङका दीपक महर्जन, क्रिकेटका महेश रिजाल र खो-खोका लक्ष्मीनारायण वैद्य मनोनयनमा परेका थिए । कविराजले निरन्तर रूपमा कीर्तिमानी पारा तेक्वान्दो खेलाडी पलेसालाई प्रशिक्षण दिँदै आइरहेका छन् ।

पूजा बनिन् युवा खेलाडी

नेपाली महिला क्रिकेट टोलीकी उपकप्तान पूजा महतो उत्कृष्ट युवा खेलाडी बनेकी छिन् । पूजाले वर्ष युवा खेलाडी बन्दा एथलेटिक्सका अजय विक, कराँतेकी अञ्जली महर्जन, बक्सिङकी स्वस्तिका र फुटबलका समीर तामाङलाई पछि पारेकी थिइन् । अवार्ड जितेपछि पूजाले एनएसजेएफलाई धन्यवाद दिँदै अवार्ड अभिभावकप्रति समर्पित गरेको बताइन् । गत वर्ष पूजाकै उत्कृष्ट प्रदर्शनमा नेपालको उमेर समूहको महिला टोली आइसिसी यू-१९ विश्वकपमा पहिलोपटक छनोट भएको थियो । सो विश्वकपमा उनी सर्वाधिक रन बनाउने खेलाडी बनेकी थिइन् ।

हिमाललाई सर्वाधिक भोटिङ

धेरै भोटिङका आधारमा भलिबलका हिमालले पिपुल्स च्वाइस अवार्ड हात पारेका हुन् । यस विधामा हिमालले क्रिकेटकी पूजा महतो, फुटबलकी रेखा पौडेल, टेबुलटेनिसकी इभाना थापा र उसु खेलाडी विजय सिँजालीबाट प्रारम्भिक चरणमा कडा चुनौती पाएका थिए । पिपुल्स च्वाइसमा खसेको भोटिङमध्ये हिमालले सर्वाधिक ४९ प्रतिशत मत पाएका हुन् । दोस्रो स्थानमा फुटबलकी रेखा पौडेल रहिन् ।

प्रभा उत्कृष्ट पारा एथलेट

प्रभा आड्देम्बेलालाई उत्कृष्ट पारा एथलेटको अवार्ड प्रदान गरिएको छ । प्रभाले गत फागुनमा भारतको नयाँदिल्लीमा भएको विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्समा लङजम्पमा रजत पदक जितेकी थिइन् । उनले विश्व पारा एथलेटिक्स लङजम्पमा रजत पदक हात पारेकी थिइन् ।

विश्वकप उपविजेता खो-खो उत्कृष्ट टोली

पहिलोपटक खो-खो विश्वकपमा रजत पदक जित्ने नेपाली पुरुष र महिला टिमलाई 'टिम अफ द इयर' अवार्ड प्रदान गरेको छ । भारतमा भएको खो-खो विश्वकपमा नेपालको पुरुष र महिला टोली फाइनलमा पुगेको थियो । पुरुष तथा महिलातर्फको उपाधि भिडन्तमा नेपाली टोली आयोजक भारतसँग पराजित भएको थियो । विश्वकपमा टिम स्पर्धामा नेपाललाई पदक दिलाउने खो-खो पहिलो टिम हो ।

रानाभाटलाई लाइफटाइम अचिभमेन्ट

मञ्चले खड्ग रानाभाटलाई लाइफटाइम अचिभमेन्ट अवार्ड प्रदान गऱ्यो । खेल क्षेत्रमा आफ्नो जीवन समर्पित गरेकाप्रति सम्मान व्यक्त गर्दै यो अवार्ड दिइन्छ । रानाभाटले १४ वर्षको उमेर ०२० बाट आफ्नो खेलजीवन सुरु गरेका थिए । उनी एथलेटिक्स, भलिबल र फुटबलका राष्ट्रिय खेलाडी हुन् । उनले सन् १९७० मा थाइल्यान्डको बैंककमा सम्पन्न छैटौँ एसियाली खेलमा तीन हजार मिटरको स्टिपल चेजमा आठौँ स्थान हासिल गरेका थिए । ०४१ मा राष्ट्रिय खेलकुद परिषद्को मुख्य प्रशिक्षक रहेका रानाभाट ०६८ मा परिषद्को सदस्यसमेत बनेका थिए ।

गुरुङलाई स्पेसल अवार्ड

मञ्चले तेक्वान्दोका प्रशिक्षक तुलसी गुरुङलाई स्पेसल अवार्ड प्रदान गरेको छ । गुरुङ तेक्वान्दोमा ९ डान प्राप्त गर्ने पहिलो नेपाली हुन् । उनले सन् १९८२ र १९८३ मा हङकङ ओपन ब्ल्याक बेल्ट कम्पिटिसनमा स्वर्ण पदक जितेका थिए । तेक्वान्दो खेलमा सबैभन्दा माथिल्लो र अन्तिम उपाधि नै नवौँ डान हो । ०४० मा पोखरामा आयोजित दोस्रो राष्ट्रिय खेलकुदमा गुरुङले मार्सल आर्टसूतर्फ स्वर्ण पदकसहित उत्कृष्ट फाइटरको उपाधि जितेका थिए ।

खेल संक्षेप

तेक्वान्दो लिग शनिबारदेखि

काठमाडौं/ कागेश्वरी मनोहरा नगरपालिकाको आयोजनामा बागमती प्रदेशस्तरीय खुला तेक्वान्दो लिग शनिबारदेखि हुने भएको छ । प्रतियोगितामा ३५० खेलाडीको सहभागिता रहने बागमती प्रदेश तेक्वान्दो संघका अध्यक्ष केशव पुरीले जानकारी दिएका छन् । प्रतियोगिताको सिनियर र जुनियर पुरुषमा समान पाँच स्पर्धा हुनेछ । यसैगरी सिनियर र जुनियर महिलामा पनि समान पाँच स्पर्धा हुने पुरीले बताए । गत संस्करणमा चार प्रतियोगिता भएका थिए । लिगमा हरेक तौल समूहमा पहिलो हुनेलाई १०, दोस्रोलाई ७ र तेस्रोलाई ३ अंक प्रदान गरिनेछ ।

यू-१२ मा रिभान र साइरा पहिलो

काठमाडौं/ वडा नं. १६ का रिभान बज्राचार्य र साइरा शाक्य सार्तौं मेयर कप ललितपुर महानगरपालिका अन्तरवडा टेबुलटेनिस प्रतियोगितामा पहिलो भएका छन् । यू-१२ पुरुष एकलमा रिभान र महिलामा साइरा विजेता बनेका हुन् । रिभानले फाइनलमा वडा नं. ११ का आरभ मल्ललाई ३-० को सोझो सेटमा पराजित गरे । साइराले फाइनलमा आफ्नै वडाकी काभ्या शाक्यलाई ३-१ ले हराइन् । ललितपुर महानगरपालिकाको कनिबहालस्थित आयोजक वडा ६ को हातामा भइरहेको प्रतियोगिताको पुरुष डबल्समा वडा ८ का विपुल महर्जन र रुविन महर्जनको जोडी पहिलो भयो ।

पहिलो दिन रुबेन अगाडि

काठमाडौं/ फाल्डो जिनियर टुर नेपाल च्याम्पियनसिपको पहिलो दिन बुधबार स्वप्निल भट्टराई ओभरअलतर्फ शीर्ष स्थानमा रहेका छन् । रुबेन थापा दोस्रो स्थानमा रहँदा प्रकृत तामाङ र सोहम अग्रवाल संयुक्त रूपमा तेस्रो स्थानमा छन् । रोयल नेपाल गल्फ क्लबमा भएको प्रतियोगिताको पहिलो दिन पुरुषतर्फ १७ देखि २१ वर्ष उमेर समूहमा स्वप्निलले ३ स्ट्रोकको अग्रता लिए । पुरुष ११ देखि १६ वर्ष उमेर समूहमा रुबेन थापा शीर्ष स्थानमा छन् । उनले ५ ओभर ७३ को स्कोरमा सोहम अग्रवाललाई १ स्ट्रोकले पछि पारेका छन् । महिलातर्फ अवानी राई शीर्षस्थानमा छिन् ।

१६ माघदेखि लालबन्दी गोल्डकप

सर्लाही/ पहिलो संस्करणको लालबन्दी मेयर गोल्डकप फुटबल प्रतियोगिता १६ माघदेखि हुने भएको छ । सर्लाहीको लालबन्दीमा हुने गोल्डकप फाइनल २७ माघमा हुने बुधबार आयोजक जीवेश्वर युवा क्लबका अध्यक्ष दीपेन्द्र बुढाथोकीले जानकारी दिएका छन् । प्रतियोगिताको विजेताले तीन लाख र उपविजेताले एक लाख ५० हजार रुपैयाँ पाउनेछन् । पाँच विधाका उत्कृष्ट खेलाडी पुरस्कृत हुनेछन् । कोशी र बागमती प्रदेशका समान दुई क्लबले भाग लिनेछन् । यसैगरी, मधेश प्रदेशका आठ गरी कुल १२ टोली सहभागी हुने बुढाथोकीले बताए । नगरपालिकाको वार्षिक कार्यक्रममा गोल्डकप समावेश छ ।

अभिलाषा क्वार्टरफाइनलमा

काठमाडौं/ नेपाली टेनिस खेलाडी अभिलाषा विष्ट र इटालीकी मिकोल साल्भाडोरीको जोडी डब्लुटिए डब्लु ३५ मा क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । केन्याको न्यरोबीमा चलिरहेको प्रतियोगिताको महिला डबल्समा अभिलाषा र मिकोलको जोडीले भारतकी अस्मिथा इस्वारामुर्थी र इरानकी मन्डेगर फर्जामीको जोडीलाई ६-३, १-६ र ११-९ ले हराउँदै अन्तिम आठको स्थान पक्का गरेको नेपाल टेनिस संघका सचिव अजय विष्टले जानकारी दिएका छन् ।

सावित्रा नौ महिना मैदानबाहिर



नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी दायाँ घुँडामा गम्भीर चोटका कारण नौ महिना मैदानबाहिर रहनेछिन् । दायाँ घुँडाको एसिएल टियरको चोट बोकेकी भण्डारी शतप्रतिशत फिट भएर मैदानमा आउन कम्तीमा नौ महिना लाग्ने उनीआबद्ध वेलिङटनले मंगलबार विज्ञप्तिमार्फत जानकारी दिएको छ । 'गत शनिबार ब्रिसबन रोअरविरुद्धको खेलमा सावित्रा गम्भीर घाइते भएकी हुन् । रिपोर्टमा घुँडाको एसिएल ग्राफ्ट च्यातिएको देखिएको छ । यो एमआरआई परीक्षणले पुष्टि गरेको छ,' वेलिङटनले भनेको छ, 'नौ महिना महत्त्वपूर्ण खेलाडी सावित्रालाई गुमाउन बाध्य भएका छौं ।' वेलिङटनकी प्रशिक्षक बेभ प्रिस्टम्यानले सावित्राको चोटबाट दुःखी भएको बताइन् । वेलिङटनले आफ्नो आगामी खेलका लागि सावित्रालाई गुमाएको प्रिस्टम्यानले जनाइन् । दोस्रो हाफमा ब्रिसबनकी गोलरक्षक लिंकनले एयर बलमा खोस्ने क्रममा सावित्राको दायाँ खुट्टामाथि टेकेकी थिइन् । सोही क्रममा उनी घाइते भएकी हुन् । सावित्राको यो तेस्रो एसिएल टियर हो । यसअघि उनले सन् २०२१ मा दायाँ घुँडाको शल्यक्रिया गराएकी थिइन् । प्रशिक्षक प्रिस्टम्यानले क्लबमा आबद्ध विदेशीमध्ये सावित्रा उत्कृष्ट खेलाडी भएको बताइन् । 'सावित्रा एक उत्कृष्ट खेलाडी मात्र नभई सबैलाई माया गर्ने व्यक्तिका रूपमा लिएका छौं, उनको चोटबाट क्लबलाई निकै घाटा लागेको छ,' प्रिस्टम्यानले भनिन् ।

> अस्ट्रेलियन 'ए' लिगमा वेलिङटन फिनिक्सबाट खेलिरहेकी नेपाली महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारीलाई घुँडामा गम्भीर चोट लागेको छ

लिगमा तीन गोल

विलिङटन न्युजिल्यान्डको क्लब भए पनि उसले अस्ट्रेलियामा 'ए' डिभिजन लिग खेल्छ । अस्ट्रेलियाको शीर्ष डिभिजन क्लब खेल्ने सावित्रा एक मात्र नेपाली खेलाडी हुन् । सावित्राले विलिङटनसँग दुई वर्षको सम्झौता गरेकी छिन् । न्युजिल्यान्डले दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकर सावित्रालाई आबद्ध गर्दै पहिलो च्वाइसमै राखेको छ । यस सिजनमा उनले तीन गोल गरेकी छिन् । चोटका कारण उनले यो वर्षको लिगका सबै खेल गुमाउनेछिन् ।

विलिङटनका लागि यो यस सिजनको तेस्रो ठुलो झट्का रह्यो । यसअघि क्लबले दुई राम्रा खेलाडी पनि यस्तै चोटका कारण गुमाइसकेको छ । फोनिक्सले सावित्राको स्थानमा नयाँ खेलाडी राख्ने तयारी गरेको छ । अहिले खेलाडी दर्ता गर्ने समय सकिसकेकाले वेलिङटनले कुनै पनि टोलीमा आबद्ध नभएका (फ्री एजेन्ट) खेलाडी मात्र राख्न पाउनेछ ।

अभ्यास खेलमा अमेरिकासँग नेपाल पराजित

काठमाडौं/ आइसिसी महिला टी-२० विश्वकप छनोटअघि बुधबार भएको अभ्यास खेलमा नेपाल अमेरिकासँग आठ विकेटले पराजित भएको छ । मूलपानी क्रिकेट मैदानमा नेपालले पहिलो ब्याटिङ गरी चार विकेटको क्षतिमा १५३ रन बनाएको थियो । प्रत्युत्तरमा अमेरिकाले दुई विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो । नेपालको ब्याटिङमा कप्तान इन्दु बर्माले नटआउट ३४ रनको योदगान दिएकी थिइन् । नेपालले शुक्रबार स्कटल्यान्डसँग तथा आइतबार जिम्बाबेसँग प्रतिस्पर्धा गर्नेछ । २८ पुसदेखि हुने विश्वकपमा छनोटका लागि नेपालको पहिलो खेल थाइल्यान्डसँग रहेको छ ।



न्यु डायमन्ड र प्रहरीको सहज जित

नयाँ पत्रिका

न्यु डायमन्ड युथ स्पोर्टस् क्लब र साबिक विजेता नेपाल प्रहरी नर्भी शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगितामा विजयी भएका छन् । राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा बुधबार भएको उद्घाटन खेलमा सार्तौं संस्करणको विजेता न्यु डायमन्डले नेपाल आर्मीलाई २५-१६, २५-१५ र २५-१७ को सोझो सेटमा पराजित गऱ्यो । शेरबहादुर खड्का स्मृति प्रतिष्ठान बालकोटको आयोजनामा सुरु भएको प्रतियोगितामा प्रहरीले सुरुका ६ संस्करणको विजेता नेपाल एपिएफ क्लबलाई २५-२२, २५-२० र २५-२१ ले निराश बनाएको छ ।

पहिलो खेलमा न्यु डायमन्डकी सुमित्रा रेग्मी र दोस्रो खेलमा प्रहरीकी पुनम चन्दले प्लेयर अफ म्याच हुँदै जनही १५ हजार रुपैयाँ पाए । यसैबिच न्यु डायमन्डकी सुमित्रा रेग्मीलाई प्रतिष्ठानले ५० हजारसहित शेरबहादुर खड्का स्पेसल अवार्डबाट सम्मान गरेको छ । बिहीबार पहिलो खेलमा नेपाल पुलिसले आर्मीको सामना गर्नेछ । दोस्रो खेल न्यु डायमन्ड र एपिएफबिच हुने हुनेछ ।

राउन्ड रोबिन लिगका आधारमा शनिबारसम्म चल्ने प्रतियोगितामा चार टोली मात्र सहभागी छन् । राउन्ड रोबिन लिगमा शीर्ष दुई स्थानमा रहने टोलीबिच उपाधि भिडन्त हुनेछ । बहुराष्ट्रिय पेन्ट कम्पनी केएनपी नेरोलेकको मुख्य प्रायोजनमा भइरहेको प्रतियोगिताको विजेताले पाँच लाख, उपविजेताले दुई लाख ५० हजार र तेस्रो हुने टोलीले एक लाख २५ हजार रुपैयाँ हात पार्नेछन् । यसैगरी, सर्वोत्कृष्ट खेलाडीलाई ५० हजार रुपैयाँ प्रदान गरिनेछ । विधागततर्फ सात उत्कृष्ट खेलाडीलाई जनही २५ हजार रुपैयाँ दिइने आयोजकले जनाएको छ । प्रत्येक खेलका प्लेयर अफ द म्याचले १५ हजार रुपैयाँ पाउनेछन् ।



भारतमै खेल्न बंगलादेशलाई आइसिसीको निर्देशन

आइसिसी भन्छ–
कि भारतमै आएर खेल्नू, नत्र अंक गुमाउन तयार हुनू

एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले बंगलादेश क्रिकेट बोर्ड (बिसिबी)लाई आसन्न टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगितामा भारतमै प्रतिस्पर्धा गर्न निर्देशन दिएको छ । भारतमा विश्वकप नखेल्दा बंगलादेशले अंक गुमाउने चेतावनी पनि आइसिसीले दिएको छ । बंगलादेशले आफ्ना खेलाडीहरू भारतमा सुरक्षित नहुने जनाउँदै आफ्ना तीनवटै खेल श्रीलंकामा खेलाउन आग्रह गरेको थियो । तर, आइसिसीका अध्यक्ष जय साहले बंगलादेशको माग अस्वीकार गर्दै भारतमै प्रतिस्पर्धा गर्न दबाब दिएका छन् । आइसिसीले बंगलादेशको माग अस्वीकार गरेको भारतीय एजेन्सीले जनाएका छन् ।

यो निर्णयसँगै आइसिसी र बिसिबीबिच विवाद देखिएको छ । आइसिसीले बंगलादेशलाई भनेको छ, 'कि भारतमै आएर खेल्नू, नत्र अंक गुमाउन तयार हुनू ।' आइसिसीका अध्यक्ष साहले बुधबार जारी विज्ञप्तिबारे बंगलादेशले तत्कालै निर्णय गरेको छैन । बिसिबीले आइसिसीबाट आफूहरूलाई त्यस्तो कुनै अल्टिमेटम नआएको बताएको छ । बंगलादेशी तीव्र गतिका बलर मुस्ताफिजुर रहमानबाट भारत र बंगलादेशबिच विवाद सुरु भएको हो । भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले रहमानलाई रिलिज गर्न कोलकाता नाइट राइडर्सलाई निर्देशन दिएको थियो । बिसिसिआईको निर्देशनपछि कोलकाताले रहमानलाई टोलीबाट हटाएको थियो । इन्डियन प्रिमियर लिग (आइपिएल)को फ्रेन्चाइज टोली कोलकाताले रहमानलाई निकालेपछि बिसिबीले भारतमा हुने टी-२० विश्वकपअन्तर्गत आफ्ना तीनवटै खेल सहआयोजक श्रीलंकामा हुनुपर्ने माग राखेको थियो । गत महिना दुबईमा भएको आइपिएल अक्सनमा कोलकाताले रहमानलाई नौ करोड २० लाख भारूमा किनेको थियो । कोलकाताले महँगो खेलाडीका रूपमा भित्र्याएको रहमानलाई टोलीबाट किन हटाइएको भन्ने प्रस्ट जवाफ दिएको छैन । तर, बंगलादेशका एजेन्सीहरूले राजनीतिक नेताको दबाबमा रहमानलाई अपमान गरी निकालेको दाबी गरेका छन् ।



२ अंक खोसिने चेतावनी

आइसिसी कार्यसमितिको मंगलबार भएको भर्चुअल बैठकले सुरक्षाको कारण देखाउँदै बंगलादेशको खेल भारतबाट सार्ने प्रस्ताव मान्य नहुने निर्णय गरेको छ । भारतमा नखेल्दा बंगलादेशलाई शून्य अंक दिने चेतावनी दिइएको छ । बंगलादेशले आइसिसीको निर्देशन नमान्दा र आफ्नो अडान यथावत् राख्दा विश्वकपको खेल तालिकाअनुसारका प्रतिद्वन्द्वी टोलीले ती खेलमा पूर्ण २ अंक पाउनेछन् । आइसिसीले बंगलादेशलाई आफ्नो पूर्वनिर्णयमा पुनर्विचार गर्न आग्रहसमेत गरेको छ । 'भारतबाहिर बंगलादेशका खेल आयोजना गर्ने विषयमा 'विचार गर्न' अनुरोध छ,' आइसिसीले भन्यो ।

यसअघि बंगलादेशले भारतमा एकजना खेलाडीलाई सुरक्षा दिन नसक्नेले सम्पूर्ण टोलीलाई कसरी सुरक्षा प्रदान गर्छ भन्ने प्रश्न गरेको छ । टी-२० विश्वकप ७ फेब्रुअरीबाट सुरु हुँदै छ । बंगलादेश समूह 'सी'मा छ । यस समूहमा वेस्ट इन्डिज, इंग्ल्यान्ड र इटाली छन् । यसै समूहमा बंगलादेशले नेपालविरुद्ध १७ फेब्रुअरीमा मुम्बईको वानखडे रंगशालामा खेल्ने तालिका छ । यसअघिका तीनवटा खेल कोलकाताको इडेन गार्डेनमा छ । बंगलादेशले ७ फेब्रुअरीमा वेस्ट इन्डिज, ९ फेब्रुअरीमा इटाली र १४ फेब्रुअरीमा इंग्ल्यान्डसँग कोलकाताको इडेन गार्डेनमा खेल्ने तालिका छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com